# हाम्रो गौरीगङ्गा

## स्थानीय विषयको पाठ्यक्रम

(कक्षा १-८)










गौरीगङ्गा नगरपालिका

कार्यपालिकाको कार्यालय

चौमाला, कैलाली ।

२०८०







प्रकाशकः गौरीगङ्गा नगरपालिका, कैलाली ।



सर्वाधिकारः गौरीगङ्गा नगरपालिका, कैलाली ।



प्रथम संस्करणः २०८०, असार ।

**पाठ्यक्रम लेखन समितिः**

श्री मीनदत्त ढुङ्गाना -संयोजक

श्री खेमराज कोइराला -सदस्य

श्री धनीदत्त भट्ट – सदस्य

श्री लिला पौडेल –सदस्य

श्री लक्ष्मण जाग्री –सदस्य सचिव

विशेष सहयोगीः

श्री वेदप्रसाद जोशी

श्री दिपेन्द्र कुमार खड्का

श्री दानबहादुर खाती

श्री प्रशुराम रिजाल

संयोजनः

श्री हरीश पन्त

श्री गणेश जोशी

सल्लाह एवम सुझाव

श्री देवी दत्त कंडेल

श्री भोज बहादुर बम

श्री हरिदत्त भट्ट

श्री विष्णु प्रसाद भाट

## प्राक्कथनः

आधारभूत तह देखि माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहले गर्ने संवैधानिक प्रावधान भएकाले संविधान प्रदत्त अधिकार कार्यान्वयन गर्नु स्थानीय तहको कर्तव्य हो । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले आधारभूत तहको कक्षा १ देखि ८ सम्म मातृभाषा तथा स्थानीय विषय अध्यापन गराउने प्रावधान गरेको छ। आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७५ ले शैक्षिक सत्र २०७७ बाट मातृभाषा तथा स्थानीय विषय कक्षा एकबाट क्रमश अध्यापन गराउनु पर्ने भएकाले स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ मा उल्लेख गरिएका विधि र प्रक्रियाहरु अवलम्बन गरी यो पाठ्यक्रम तयार गरिएको छ।

स्थानीय स्तरमा सरोकारवालाहरूको सहभागितामा स्थानीय आवश्यकता, स्थानीय विषयवस्तुहरू समावेश गरी स्थानीय स्तरमा निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकता, स्थानीय विषयवस्तु, स्थानीय विषय क्षेत्रलाई समेटी स्थानीय परिवेशको शिक्षा दिने कुरालाई जोड दिन्छ । केन्द्रीय स्तरबाट विकसित पाठ्यक्रमबाट विविधतायुक्त समाजका सबै आवश्यकता पूरा नहुने भएकाले विविध क्षेत्रको आवश्यकता पूरा गर्न स्थानीय पाठ्यक्रमको आवश्यकता भएको हो । साथै स्थानीय पाठ्यक्रमको प्रावधानले स्थानीय स्तरमा नै पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने क्षमता विकास गर्न सहयोग गर्दछ । पाठ्यक्रम कार्यान्वयन गर्ने निकाय तथा व्यक्तिको संलग्नता र सहभागितामा पाठ्यक्रम विकास गरिनुपर्छ भन्ने मूल्यमान्यतालाई आत्मसात गरी स्थानीय स्तरका शिक्षाविद, वुद्धिजीवी, पाठ्यक्रम विज्ञ, नगरपालिका सदस्यहरु, जनप्रतिनिधिहरु, शिक्षक, विद्यार्थी, अभिभावक, लगायतसँग छलफल, अन्तरक्रिया तथा कार्यशाला बैठकको आयोजना गरी प्राप्त सुझाव तथा पृष्ठपोषणको आधारमा यो पाठ्यक्रम तयार गरिएको छ।

आजका बालबालिका भोलिको देश निर्माणका कर्णधार हुन । हरेक बालबालिकाले आफू जन्मे हुर्केका वासस्थान भूगोल, प्राकृतिक सम्पदा, रीतिरिवाज, चालचलन, भाषा, कला संस्कृति, पेशा व्यवसाय र प्रविधिको बारेमा परिचित हुन आवश्यक हुन्छ । यस पाठ्यक्रममा गौरीगङ्गा नगरपालिकाको परिचय, प्राकृतिक स्रोत र सम्पदा, वातावरण, हाम्रो धर्म र साँस्कृति, हाम्रो इतिहास र प्राकृतिक स्थलहरु, पेसा, उद्यमशीलता र प्रविधि, हाम्रो भाषा साहित्य, नैतिक शिक्षा, स्थानीय खेल, प्राकृतिक प्रकोप, व्यक्ति र संस्थाको परिचय लगायतका विषय क्षेत्रलाई समेटिएको छ । यो पाठ्यक्रम गौरीगङ्गा नगरपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालहरुमा शैक्षिक सत्र २०८० देखि लागू हुनेगरी कार्यान्वयमा ल्याइनेछ । यस पाठ्यक्रमको कार्यान्वयनबाट स्थानीय मूल्य मान्यताको संरक्षण र सम्बर्धनमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

स्थानीय विषयको पाठ्यक्रम लेखन तथा सम्पादन कार्यमा विशेष योगदान दिनुहुने लेखन समितिका सदस्यहरु, विशेष सहयोगी शिक्षकहरु, पाठ्यक्रम निर्माण कार्यमा संयोजन गर्नु हुने गौरीगङ्गा शिक्षा, युवा तथा खेलकुद शाखाका उपसचिव हरीश पन्तलाई विशेष धन्यवाद दिन चाहान्छु। पाठ्यक्रम निर्माण कार्यमा राय सुझाव दिनुहुने जनप्रतिनिधिज्यूहरु, शिक्षाविद, अभिभावक प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, पाठ्यक्रम निर्माण कार्यमा प्राविधिक सहयोग पुऱ्याउने सबैमा आभार व्यक्त गर्न चाहान्छु ।

पाठ्यक्रम जिवित दस्तावेज भएको आवश्यकता अनुसार निरन्तर रुपमा परिमार्जन गर्न सकिन्छ। यस पाठ्यक्रममा भएका कमी कमजोरीहरु पाठ्यक्रम परिमार्जन गरी सम्बोधन गरिने भएकाले सुधारका लागि सुझाव दिनु हुन शिक्षाप्रेमी, शिक्षक, विद्यार्थी, अभिभावक लगायत सबैमा सादर अनुरोध छ ।

**देवी दत्त कंडेल**
**नगर प्रमुख**

**मन्तव्य**

मानव विकासको मेरुदण्ड शिक्षा हो। असल शिक्षाले असल राष्ट्र निर्माण गर्दछ।शिक्षा नै देश निर्माणको आधारशीला हो। हरेक असल नागरिकमा शिक्षाको आवश्यकता पर्दछ। मानिसमा अन्तरनिहित रुपमा रहेको शिक्षालाई प्रस्फुटन गर्न औपचारिक शिक्षाको आवश्यकता पर्दछ जुन विद्यालयले दिने गर्दछ।

नेपालमा संघीय व्यवस्था पश्चात शिक्षा ऐन २०२८ अनुसार शिक्षाको संरचना आधारभूत तह १-८ र माध्यमिक तह ९-१२ गरी दुई भागमा विभाजन गरिएको छ।राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ मा स्थानीय तहले नै स्थानीय पाठ्यक्रम निर्माण गरी पठापाठन गराउने व्यवस्था गरेको छ।स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन निर्देशिका २०७७ ले विद्यालय स्तरीय स्थानीय पाठ्यक्रममा स्थानीय तहमा भएका जातजाति भेषभूषा रहनसहन संस्कृति वनजङ्गल नदीनाला तालतलैया स्थानीय खाना आदिलाई समेटी पाठ्यक्रम निर्माण गर्न निर्देशित गरेको छ।जसको माध्यमबाट बालबालिकाले सजिलै स्थानीय स्तरमा भएका विषयवस्तुको जानकारी पाउने छन्।

यो पाठ्यक्रमको निर्माणको क्रममा विभिन्न विद्यालय, वडा कार्यालय र सङ्घ-संस्थामा गई विषयवस्तुको बारेमा जानकारी लिइएको छ, साथै स्थानीय स्तरका विभिन्न व्यक्तिहरुलाई पटक पटक भेटघाट र छलफल तथा शिक्षकलाई शिक्षक कार्यशाला आयोजना गरिएको छ। स्थानीय भल्मन्सा, बडघर, मुखिया अन्य विज्ञ व्यक्तिहरुका सुझाव समेटी यो पाठ्यक्रमको विषयवस्तु संकलन गरिएको छ।विषयवस्तु संकलन तथा लेखनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरी सहयोग गर्ने श्री धनीदत्त भट्ट, श्री दिपेन्द्र कुमार खड्का, श्री वेदप्रसाद जोशी, श्री दान बहादुर खाती, श्री लिला पौडेल, प्राविधिक सहायक श्री लक्ष्मण जाग्रीलाई पनि हार्दिक धन्यवादका साथै सल्लाह सुझाव र निर्देशनको लागि नगर प्रमुख श्री देवी दत्त कंडेल, नगर उपप्रमुख श्री भोज बहादुर बम, प्रमुख प्रशासकीय अधिकृत श्री हरिदत्त भट्ट, सामाजिक विकास समिति संयोजक तथा वडा नं ५ का वडा अध्यक्ष श्री विष्णु प्रसाद भाट, संयोजन तथा प्राविधिक सहयोग गर्नहुने शिक्षा शाखा प्रमुख उपसचिव श्री हरीश पन्त, शिक्षा अधिकृत श्री गणेश जोशी तथा कम्प्युटर सेटिङ लेआउट डिजायन गरी सहयोग गर्नुहुने कम्प्युटर अपरेटर श्री प्रशुराम रिजाल सरलाई पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु।

यो स्थानीय पाठ्यक्रम गौरीगङ्गा नगरपालिकाको पहिलो प्रकाशन भएको हुँदा यसमा सबै कुरा समेट्न नसकिए तापनि कुनै त्रुटिहरु पनि भएमा यसलाई आलोचना भन्दा सकारात्मक सुझावको अपेक्षा सहित विद्वान्, प्राध्यापक, शिक्षक र शैक्षिक व्यक्तित्वहरुलाई अपिल गर्दै आगामी संस्करणमा परिमार्जन गरिने छन्।

अन्यमा, यो पाठ्यक्रम निर्माणको क्रममा प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्ने विद्वान् मित्रहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

मीनदत्त ढुङ्गाना
संयोजक
स्थानीय पाठ्यक्रम निर्माण समिति

## विषयसूची


| क्र.सं. | विषयवस्तु | पेज नं. |
|---|---|---|
| १ | परिचय | १-२ |
| २ | स्थानीय पाठ्यक्रमको आवश्यकता | २ |
| ३ | विषय क्षेत्र | ३ |
| ४ | सक्षमता | ३-४ |
| ५ | विषय क्षेत्र र क्रम | ५-८ |
| ६ | पाठ्यवतुको विस्तृतीकरण | ९-४१ |
| ७ | पाठ्यघण्टी र अङ्क विभाजन तालिका | ४२ |
| ८ | सिकाइ सहजीकरण प्रक्रिया | ४२ |
| ९ | सम्भावित परियोजना कार्यहरु | ४३ |
| १० | विद्यार्थी मूल्याङ्कन प्रक्रिया | ४३-४४ |
| ११ | पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया | ४५ |
| १२ | समय निर्धारण | ४५ |
| १३ | पाठ्यक्रम परिमार्जन | ४५ |
| १४ | अनुसूचीहरु | |
| | अनुसूची–१ | ४६ |
| | अनुसूची–२ | ४७ |
| | अनुसूची–३ | ४८ |
| | अनुसूची–४ | ४९ |

# स्थानीय विषय पाठ्यक्रम (कक्षा १-८)

## १. परिचयः

नेपालको संविधानको अनुसूची-८, मा आधारभूत र माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहलाई अधिकार प्रत्यायोजन गरिएको छ। संविधानप्रदत्त अधिकार कार्यान्वयन गर्नु सबै स्थानीय तहको कर्तव्य हो। नेपालमा औपचारिक रूपमा प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ ले पहिलो पटक स्थानीय विषय वा मातृभाषामध्ये कुनै एक विषय विद्यालयले छनोट गरी पढाउन पाउने व्यवस्था गरे अनुरूप साप्ताहिक ३ पाठ्यभार र १०० पूर्णाङ्कको विषय अध्ययन अध्यापन गर्ने व्यवस्था गरेको थियो तर उक्त व्यवस्था कार्यान्वयन भएन। आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०६९ मा साप्ताहिक ५ पाठ्यभार र १०० पूर्णाङ्कको मातृभाषा वा संस्कृत वा अन्य स्थानीय विषय समावेश गरियो। राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७१ अनुसार आधारभूत तहमा १०० पूर्णाङ्कको स्थानीय भाषा वा विषय राख्न पाउने व्यवस्था गरियो ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा भएको प्रावधान अनुसार स्थानीय तहले विद्यालय तहमा १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्न पाउने व्यवस्था गरिएको छ। उक्त प्रारूपले स्थानीय पाठ्यक्रमको सम्बन्धमा कक्षा १-३ सम्म साप्ताहिक ५ पाठ्यभार र वार्षिक रूपमा १६० घण्टा तथा कक्षा ४-८ का लागि साप्ताहिक ४ पाठ्यभार र वार्षिक पाठ्यघण्टा १२८ निर्धारण गरेको छ। नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६ ले स्थानीय पाठ्यक्रमको सन्दर्भ, अवधारणा, पाठ्यक्रम विकास, कार्यान्वयन प्रक्रिया, स्थानीय पाठ्यक्रमको ढाँचा लगायत विषयमा स्पष्ट मार्गदर्शन गरेको छ ।

स्थानीय पाठ्यक्रम सम्बन्धी स्रोत सामग्री, २०६६ ले "स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र उनीहरूको सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो।" भनी परिभाषित गरेको छ। त्यसैले स्थानीय पाठ्यक्रम भन्नाले स्थानीय सरोकारवालाले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरूको विज्ञता र सक्रियतामा यथाशिघ्र कम लागतमा तयार गरिने पाठ्यक्रम हो। उल्लिखित् मान्यता बमोजिम यस पाठ्यक्रमले पनि गौरीगङ्गा नगरपालिका क्षेत्रभित्रको विशिष्ट पहिचानलाई उजागर गर्ने अवसर प्रदान गरेको छ।

आधारभूत तहको कक्षा १-८ मा अध्ययनरत बालबालिकाहरूले औपचारिक रूपमा आफ्नो गाउँ, समाज, भूगोलको वस्तुनिष्ट ज्ञान प्राप्त गर्नेछन् र यहाँ प्रचलित भाषा, संस्कृति, ऐतिहासिक र धार्मिक महत्त्वका स्थलहरू, प्राकृतिक सम्पदा तथा यसको संरक्षण एवम् संवर्धन गर्दै सम्भावित स्थानीय प्राकृतिक विपत्तिहरूका बारेमा समेत पहिचान गर्ने छन्। स्थानीय क्षेत्रमा प्रचलित पेसा व्यवसाय र आर्थिक क्रियाकलापको औपचारिक जानकारी प्राप्त गर्ने छन्। यस पाठ्यक्रमले वातावरण संरक्षण तथा सुधारका निम्ति सहयोग गर्न प्रेरित गर्ने छ। यस पाठ्यक्रमबाट बालबालिकाहरूले सामाजिक मूल्यमान्यताको पालना गर्दै असल सामाजिक व्यवहारको अनुसरण गर्ने अपेक्षा गरिएको छ।

गौरीगङ्गा नगरपालिकाले स्थानीय स्तरका शिक्षाविद्, बुद्धिजीवी, शिक्षक, विद्यार्थी, अभिभावक, जनप्रतिनिधि, नगरपालिकाका सदस्य, पाठ्यक्रम विज्ञलगायतसँग छलफल, अन्तरक्रिया तथा कार्यशाला बैठकको आयोजना गरी प्राप्त सुझाव तथा पृष्ठपोषणको आधारमा यस पाठ्यक्रममा गौरीगङ्गा नगरपालिकाको परिचय, प्राकृतिक स्रोत सम्पदा र वातावरण, हाम्रो धर्म, साँस्कृति, हाम्रो इतिहास र प्राकृतिक स्थलहरु, पेसा, उद्यमशीलता र प्रविधि, हाम्रो भाषा साहित्य, नैतिक शिक्षा र

स्थानीय खेल, प्राकृतिक प्रकोप, व्यक्ति र संस्था परिचय लगायतका विषय क्षेत्रलाई समेटेर कक्षा १ देखि ८ सम्मका लागि स्थानीय पाठ्यक्रम तयार गरिएको छ। यो पाठ्यक्रम शैक्षिक सत्र २०८० देखि कक्षा १-८ सम्म लागु गरिने छ।

## २. स्थानीय पाठ्यक्रमको आवश्यकता

नेपाल सरकारबाट एकीकृत पाठ्यक्रम (कक्षा १–३) को ढाँचा, २०७५ स्वीकृत भई कार्यान्वयनको क्रममा रहेको छ। यो एकीकृत पाठ्यक्रम देशभर २०७७ साल देखि लागु गरिएको छ। उक्त पाठ्यक्रम ढाँचामा भएको व्यवस्था अनुसार कक्षा १–३ सम्ममा पाँचओटा विषय गणित, नेपाली, अङ्ग्रेजी, हाम्रो सेरोफेरो र स्थानीय विषय राखिएको छ। स्थानीय विषयको निर्माण स्थानीय तहबाटै गर्नुपर्छ। स्थानीय पाठ्यक्रम वा मातृभाषा मध्ये एक विषय छनोट गरी स्थानीय तहबाट पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्ने प्रावधान छ।

बालबालिकाको सिकाइ आफ्नो वासस्थानबाटै प्रारम्भ गर्न सहज हुन्छ। त्यसका लागि बालबालिकाहरूले आफ्नो गाउँ तथा समुदायको पहिचान गर्नुपर्दछ। त्यहाँ भएका प्राकृतिक, ऐतिहासिक सम्पदाहरू र आर्थिक क्रियाकलापहरूबारे जानकारी हुनुपर्दछ। स्थानीय मूल्यमान्यता, धर्म, परम्परा, संस्कृति, स्रोतसामग्रीको संरक्षण, संवर्धन, परिचालन र विकास गर्नका लागि मार्गनिर्देश गर्ने र स्थानीय तहको क्षमता विकासमार्फत राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र इमानदार नागरिक तयार गर्नका लागि स्थानीय पाठ्यक्रम अपरिहार्य भएको छ। राष्ट्रिय स्तरमा निर्माण गरिने पाठ्यक्रम सबै सरोकारवालाको संलग्नताको सम्भावना रहँदैन। यसले स्थानीय तहको भाषा, संस्कृति, ज्ञान र सिपलाई पूर्ण रूपले समेट्न सम्भव पनि हुँदैन। अतः स्थानीय तहको भाषा तथा संस्कृतिको जगेर्ना गर्न स्थानीय तहको ज्ञान, सिप, प्रविधि र उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा जोड्दै ज्ञान र सीपको विकास गरी आत्मनिर्भर, उत्पादनमुखी, जीवनोपयोगी, व्यावहारिक र दक्ष जनशक्ति तयार गर्नका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता पर्दछ।

हरेक स्थानीय तहको आ-आफ्नै विशिष्ट पहिचान, भौगोलिक, धार्मिक एवम् सांस्कृतिक, जातीय, भाषिक विविधता हुन्छ। केन्द्रीय तहमा तयार गरिने पाठ्यक्रमले मात्र विद्यार्थीहरूलाई दैनिक जीवनमा आवश्यक पर्ने ज्ञान, सिप, आचरण र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न नसक्ने भएकाले स्थानीय परिवेश अनुसारको ज्ञान र सिप आर्जन गर्नका लागि स्थानीय विज्ञकै सहभागितामा पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकाले र संवैधानिक तथा नीतिगत रूपमा भएको प्रावधानलाई कार्यान्वयन गर्नु प्रत्येक स्थानीय तहको कर्तव्य भएको हुनाले गौरीगङ्गा नगरपालिकाले यो स्थानीय पाठ्यक्रम तयार गरेको हो। स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई देहायबमोजिमका बुँदाहरूले अझ स्पष्ट पार्दछन्:

क. स्थानीय स्तरका व्यवसाय, पेसा एवम् रोजगारीलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख, उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गरी नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यको संरक्षण तथा संवर्धन गर्न,

ख. स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण र संवर्धन गर्न ,

ग. स्थानीय कला कौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यस अनुरूपको व्यवहार गर्न सक्ने तुल्याउन,

घ. भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक तथा प्राकृतिक विविधतालाई सम्बोधन गर्न,

ङ. स्थानीय तहको ज्ञान, सिप र प्रविधिलाई उजागर गर्न,

च. परम्परागत पेसा, व्यवसाय र प्रविधिलाई संरक्षण, संवर्धन र विकास गर्न सहयोग पुऱ्याउदै स्थानीय स्रोत र साधनको अधिकतम उपभोग र परिचालन गर्न।

## ३. विषयक्षेत्र

प्रत्येक गाउँ तथा टोलमा एउटा सानो विश्व लुकेको हुन्छ । एउटै पाठ्यक्रममा सबै विषयवस्तु अटाउन र पठनपाठन गर्न सम्भव हुँदैन । यस पाठ्यक्रमले गौरीगङ्गा नगरपालिका क्षेत्रको सेरोफेरोलाई समेटेको छ । त्यसैले गौरीगङ्गा नगरपालिका भित्रका अध्ययन गर्नुपर्ने प्राकृतिक, भौगोलिक, धार्मिक, सांस्कृतिक, सामाजिक, ऐतिहासिक, आर्थिक, स्वास्थ्य तथा सफाइ र वातावरण आदि लगायतका क्षेत्रसँग सम्बन्धित ज्ञान, सीप र अभिवृत्तिका पक्षहरूलाई स्थानीय आवश्यकतालाई मध्यनजर गरी आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूलाई केन्द्रबिन्दु मानेर यो पाठ्यक्रम तयार गरिएको छ। यस पाठ्यक्रमले मुख्य रूपमा निम्नलिखित विषयक्षेत्रलाई समेटेको छः

क) हाम्रो नगरपालिका : नगरपालिकाको सामान्य परिचय, क्षेत्रफल, भौगोलिक अवस्था, सिमाना, जनसङ्ख्या, जातजाति, सङघ-संस्थाहरु, पञ्जीकरण, नगर सभा, कार्यपालिका, स्थानीय तहमा न्याय सम्पादन प्रक्रिया आदि।

ख) प्राकृतिक सम्पदा र वातावरण : वन जङ्गल (सामुदायिक वन, राष्ट्रिय वन) जडिबुटी, नदी, ताल-तलैया, प्राकृतिक स्थल, सिमसार क्षेत्र, छाँगा छहरा, वन्यजन्तु, पशुपक्षी, प्राकृतिक प्रकोप र विपद व्यवस्थापन आदि।

ग) हाम्रो धर्म र संस्कृति : जातजाति, धर्म र धार्मिक स्थल, चाडपर्व, भेषभूषा, मेला, जाँत, प्रथा र परम्परा, संस्कार र सस्कृति, नाता सम्बन्ध आदि।

घ) हाम्रो इतिहास र पर्यटकीय स्थलहरु : चौमाला बजार,  मसुरिया बजार, राजी, थारु, बादी, स्थानीय नदी तथा ताल, गर्वा दरवार, भिमदत्त पन्त, डा. के.आइ. सिंह, पहलमान सिंह स्वाँर जयपृथ्वी बहादुर सिंह गौरीगङ्गा नगरपालिका र ऐतिहासिक तथा पर्यटकीय स्थलहरु आदि।

ङ) पेसा, उद्यमशीलता र प्रविधि : स्थानीय पेसा, परम्परागत प्रविधि, पाक शिक्षा, पशुपालन, स्थानीय उद्योग, आधुनिक व्यवसाय आदि।

च) हाम्रो भाषा र साहित्य : स्थानीय भाषा, थारु, मगर, राजी, सुदूर पश्चिमेली भाषा साहित्य, बाजा, गीत र नाच, लिखत् (भरपाइ, तमसुक, कार्यालय तथा संघ संस्थामा आवश्यक पर्ने निवेदनहरु, भौचर, चेक) आदि।

छ) नैतिक शिक्षा र स्थानीय खेलः नैतिक शिक्षा, ट्राफिक नियम, स्थानीय खेल आदि।

## ४. सक्षमता

गौरीगङ्गा नगरपालिकाका अन्तर्गतका विद्यालयमा आधारभूत तह (कक्षा १–८) मा अध्ययन अध्यापन गराउनका लागि निर्माण गरिएको यस स्थानीय पाठ्यक्रमको अपेक्षित सक्षमता निम्नानुसार छन्ः

क) गौरीगङ्गा नगरपालिकाको सामान्य परिचय, क्षेत्रफल, भौगोलिक अवस्था, सिमाना, जनसङख्या, जातजाति, सङघ-संस्थाहरु, पञ्जीकरण, नगर सभा, कार्यपालिका, स्थानीय तहमा न्याय सम्पादन प्रक्रिया,

ख) वन जङ्गल (सामुदायिक वन, राष्ट्रिय वन) स्थानीय जडिबुटी, नदी, ताल-तलैया, प्राकृतिक स्थल,  सिमसार क्षेत्र, छाँगा छहरा, वन्यजन्तु, पशुपक्षी र प्राकृतिक सम्पदाको संरक्षण र संवर्धनमा सहभागिता तथा प्राकृतिक प्रकोपबाट आउन सक्ने विपद तथा विपद व्यवस्थापनमा सजगता,

ग) जातजाति, धर्म र धार्मिक स्थल, चाडपर्व, भेषभूषा, मेला, जाँत, प्रथा र परम्परा, संस्कार र सस्कृति, नाता सम्बन्धको जानकारी तथा जगेर्ना र नयाँ पिढीमा हस्तान्तरण,

घ) स्थानीय नदी तथा ताल, गर्वा दरवार, पर्यटकीय स्थलहरुको संरक्षण र प्रवर्धन तथा राजी, थारु, बादी, चौमाला बजार, भिमदत्त पन्त, डा. के.आइ. सिंह, पहलमान सिंह स्वाँर, जयपृथ्वी बहादुर सिंह आदिको जानकारी,

ङ) स्थानीय पेसा, परम्परागत प्रविधि, पाक शिक्षा, पशुपालन, स्थानीय उद्योग, आधुनिक व्यवसाय सञ्चालन तथा आयआर्जनमा उपयोग,

च) स्थानीय भाषा, साहित्य (थारु, मगर, राजी ,डोटेली अन्य) बाजा, गीत र नाच, लिखत् (भरपाइ, तमसुक, भौचर, चेक) को व्यवहारिक जीवनमा प्रयोग,

छ) नैतिक शिक्षा, ट्राफिक नियम, स्थानीय खेलको व्यावहारिक प्रयोग/खेल सिप.

## ५. विषयक्षेत्र र क्रम:

| क्र. सं. | क्षेत्र | समावेश गर्नुपर्ने मुख्य विषयवस्तु | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | हाम्रो नगरपालिका | • भौगोलिक अवस्था, सिमाना, बनावट, जनसङ्ख्या, जातजाति, शैक्षिक संस्था तथा अन्य सङ्घ संस्थाको विवरण पञ्जीकरण नगर सभा कार्यपालिका स्थानीय तहमा न्याय सम्पादन प्रक्रिया | • विद्यालयको नाम<br>• (आफ्नो गाउँ टोलको नाम /आफ्नो परिचय) | • आफ्नो विद्यालयको जानकारी (नाम र वडा नं.)<br>• हाम्रो गाउँ र हाम्रो वडा (आफ्नो गाउँ र वडाको सामान्य जानकारी) | • गौरीगङ्गा नगरपालिकाको सामान्य परिचय<br>• नगरपालिका भित्र बसोवास गर्ने जातजातिहरू-को सामान्य जानकारी | • गौरीगङ्गा नगरपालिकाको क्षेत्रफल<br>• प्रारम्भिक मानव बस्ती<br>• घटना दर्ता (पञ्जीकरण) | • नगरपालिकाको भौगोलिक अवस्थाको परिचय<br>• गौरीगङ्गा नगरपालिकाको जनसङ्ख्या<br>• स्थानीय शैक्षिक संस्थाहरु<br>• घटना दर्ता (पञ्जीकरण) | • स्थानीय स्रोत परिचालन र पर्यावरणीय प्रभाव<br>• नगरपालिकाका जातजातिगत वितरण र तिनको जनसङ्ख्या<br>• वडा कार्यालयले उपलब्ध गराउने सेवाहरु ( घटना दर्ता र सिफारिस) | • उमेरगत जनसङ्ख्याको विश्लेषण<br>• नगर पालिकाबाट उपलब्ध सेवाहरू<br>• सार्वजनिक स्थल पहिचान र संरक्षण | • नगरसभा र कार्यपालिका गठन प्रक्रिया<br>• स्थानीय तहमा न्याय सम्पादन प्रक्रिया<br>• न्यायिक समिति गठन, काम, कर्तव्य र अधिकार |
| | | पाठ्यघण्टी | १५ | १५ | १५ | १५ | १५ | १५ | १५ | १५ |
| २ | प्राकृतिक सम्पदा र वातावरण | • वनजङ्गल, सामुदायिक वन, नदीनाला, ऊर्जा तालतलैया, कुवा, जडिबुटी,<br>• सिमसार क्षेत्र, पानीका स्रोत, छाँगा छहरा, स्थानीय तहमा पाइने वन्यजन्तु, पशुपन्छी, प्राकृतिक प्रकोप | • आफ्नो गाउँ/टोल र वडाका नदी ताल<br>* स्थानिय ५ वटा जडिबुटीहरुको नाम | • प्राकृतिक स्रोतको सामान्य परिचय<br>• प्राकृतिक स्रोतको प्रयोग<br>• स्थानीय ७ वटा जडिबुटीहरुको नाम<br>• आफ्नो गाउँ/टोल र वडाका नदी ताल | • प्राकृतिक स्रोतको अवस्था<br>• स्थानीय सम्पदा ( ताल बनजङ्गल नदी मैदान मन्दिर सार्वजनिक स्थल)<br>• स्थानीय १० वटा जडिबुटीहरुको नाम | • प्राकृतिक स्रोतको प्रयोग र संरक्षण<br>• प्राकृतिक स्रोतको उपयोगिता<br>• स्थानिय जडीबुटिको प्रयोग<br>• स्थानीय जल सम्पदाको परिचय<br>(नदी तथा तालका नामहरुः गौरीगङ्गा नद◌ी, शिवगङ्गा नदी, लिक्मा नदी, जुधिया ताल, त्रिवेणी ताल, चमरीया ताल) | • हाम्रा सम्पदा सिमसार क्षेत्र(बेतानी क्षेत्र-बनबेहडा)<br>• छाँगा छहरा (सुनपालको छहरो)<br>• स्थानीय जडिबुटीहरु प्रयोग<br>*स्थानीय महत्वपुर्ण स्थानहरु (सुनपाल, जुरपानी) | • ऐतिहासिक स्थल ( हाम्रा पाटीपौवा र पुरातत्त्विक स्थल<br>• प्राकृतिक प्रकोपहरु (बाढी र पहिरो परिचय<br>• स्थानीय वन्यजन्तु, चराचुरुङ्गी र वनस्पति (जडिबुटी) | • हाम्रा प्राकृतिक सम्पदा (सामुदायिक र राष्ट्रिय वन)<br>• प्राकृतिक प्रकोपहरु (चट्याङ र भूकम्प ) विपद व्यवस्थापन<br>• स्थानीय वन्यजन्तु, चराचुरुङ्गी र वनस्पति (जडिबुटी) | • हाम्रा प्राकृतिक सम्पदा (घोडाघोडी ताल बाहवन क्षेत्र गौरीगङ्गा नदी<br>• प्राकृतिक प्रकोपहरु र विपद व्यवस्थापन<br>• स्थानीय वन्यजन्तु, चराचुरुङ्गी र वनस्पति (जडिबुटी) |
| | | पाठ्यघण्टी | २५ | २५ | २५ | १६ | १६ | १६ | १६ | १६ |

| क्र. सं. | क्षेत्र | समावेश गर्नुपर्ने मुख्य विषयवस्तु | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | हाम्रो धर्म संस्कृति | • जातजाति (थारु, ब्राह्मण, क्षेत्री, ठकुरी, मगर, राजी, दलित, नेवार )<br>• धर्म, मठ, मन्दिर, चर्च विहार, गुम्बा<br>• चाडपर्व, पूजाआजा<br>• भेषभूषा<br>• जाँत<br>• हाम्रो प्रथा र परम्परा<br>• हाम्रा संस्कारहरु<br>• नाता र सम्बन्ध | • हाम्रो पहिचान (थारु ब्राह्मण क्षेत्री ठकुरी राजी दलित )<br>• स्थानीय चाड पर्वहरुका नाम<br>• मेरो नाता सम्बन्ध | • हाम्रो पहिरन (जाति अनुसारका -गहना र लुगा)<br>• हाम्रा चाडपर्वहरु ( अटवारी, विसु, तीज, अनन्ते, पुत्ला; ओल्के)<br>• हाम्रा नाता सम्बन्ध | • हाम्रा धार्मिक स्थलहरु (मन्दिर चर्च, विहार गुम्बा)<br>• हाम्रो नाता सम्बन्ध<br>• हाम्रा चाडपर्वहरु (गुरिया, गङ्गादशहरा, भजहर जानकारी) | • हाम्रा प्रथाहरु (भलमन्सा, गुरुवा, चौकीदार, बडघर, खाडा उठाउने)<br>• हाम्रा संस्कारहरु (जन्म, नामाकरण, मुण्डन, छैँठी, ब्रतबन्ध, विवाह,मृत्यु, श्राद्ध)<br>• हाम्रा चाडपर्वहरु (पुत्ला र अष्टम्की मनाउने तरिका ) | • हाम्रो संस्कृति पुजाआजाहरु ( निकासी पूजा, लवाङ्गी पूजा, कूल पूजा)<br>• मोहन्याल बाबा मन्दिर<br>• लिक्मा मेला | • बेहडाबाबा मन्दिर<br>• सुनपाल क्षेत्र<br>• हाम्रो पहिरन (धर्म र जात अनुसारका पहिरनहरु)<br>• ओल्के पर्व मनाउने तरिका | • सान्निकोट मन्दिर<br>• हाम्रा चाडपर्व (माघी पर्व, भुवा पर्व, खखडेहरा पर्व, विसु पर्व)<br>• स्थानीय संस्कारहरु (जन्म, नामाकरण, मुण्डन, छैठी, ब्रतबन्ध, विवाह,मृत्यु, श्राद्ध) | • हाम्रा चाडपर्वहरु (गौरा, अटवारी)<br>• ग्वालादेउ मन्दिर<br>• गोदावरी धाम<br>• हाम्रा संस्कारहरु<br>• बडिमालिका क्षेत्र<br>• बुङ्गल बड्डी ज्यावन क्षेत्र (मादेउ, बरम, सुल्जन, पखरौल, खोलालो, डाणाबाग, मष्टा, डोलारी, धौलपुर, लटबाग, भवानी/ र बाठपालो) |
| | | पाठ्यघण्टी | ३० | ३० | ३० | १६ | १६ | १६ | १६ | १६ |
| ४ | हाम्रो इतिहास र पर्यटकीय स्थलहरु | • चौमाला बजार, राजी, राना थारु, बादी समुदायको इतिहास<br>• स्थानीय नदी तथा तालहरुको इतिहास<br>• गर्वा दरबारको इतिहास<br>• ऐतिहासिक व्यक्तित्वहरु (भिमदत्त पन्त, डा. के.आइ. सिंह, पहलमानसिंह स्वार)<br>• गौरीगङ्गा नगरपालिकाको इतिहास | • आफ्नो घर विद्यालय नजिकको बजार | • आफ्नो वडाका ऐतिहासिक तथा पर्यटकीय स्थानका नाम | • आफ्नो वडाका ऐतिहासिक तथा पर्यटकीय स्थलको परिचय | • गौरीगङ्गा नगरपालिकाको मुख्य ऐतिहासिक तथा पर्यटकीय स्थलको महत्त्व, मसुरिया बजार र स्थानीय बजार | • आफ्नो विद्यालयको इतिहास<br>• चौमाला बजारको इतिहास<br>• जुधिया ताल | • स्थानीय जातजातिको इतिहास (राजी, राना थारु, बादी समुदायको इतिहास)<br>• छुट्की टिकापुर पार्क | • गौरीगङ्गा नगरपालिकाको इतिहास<br>• शैलेश्वरी मन्दिरको इतिहास | • ऐतिहासिक व्यक्तित्वहरु (भिमदत्त पन्त, डा। केआइ सिंह, पहलमानसिंह स्वाँर)<br>• गर्वा दरवार |
| | | पाठ्यघण्टी | २० | २० | २० | १६ | १६ | १६ | १६ | १६ |

| क्र. सं. | क्षेत्र | समावेश गर्नुपर्ने मुख्य विषयवस्तु | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | पेसा, उद्यमशीलता र प्रविधि | • स्थानीय पेसाहरु<br>• परम्परागत प्रविधिहरु (ढिकी, जाँतो, हलो, मदानी, घट्ट, पटेला, चर्खा, गोरुगाडा, लहड्ड, कोल, ओखल, मुसल, किलपाइ, चुक पेल्ने जाती, खलात, आफर)<br>• पाक शिक्षा (खानाका परिकार (ढिक्री, भुनेरोटी, सेलरोटी, माणा, फाँणो, चुकानी, कापु, पलेउ, गतानी डुब्का, जङ्क फुड (पत्रु खाना))<br>• पशुपालन (माहुरी, कुखुरा, बाख्रा, हाँस, बङ्गुर)<br>• स्थानीय उद्योगहरु<br>• आधुनिक व्यवसायहरु | • परम्परागत पेशाहरु<br>• पत्रु खाना (जङ्क फुड) (५ ओटा नाम)<br>• हाम्रो खाना ( आफूल खाने खाना) | • स्थानिय र परम्परागत पेसाहरु<br>• जडिबुटीहरु ( निम, सल्लाको खोटो, विजयसाल, अमला)<br>• हाम्रो खाना दैनिक र चडपर्वमा खानाका परिकार | • स्थानयी र परम्परागत पेसाहरु<br>• जडिबुटीहरु गुर्जो हर्रो बोजो उल्टेकुरो माइलडो घोडा टाप्रे घिउकुमारी)<br>• पत्रु खानाका उदाहणहरु | • परम्परागत पेसा र प्रविधिको परिचय<br>• पत्रु खाना र असर | • परम्परागत प्रविधिको महत्त्व<br>• पतुर खानाबाट हुने बेफाइदा बच्ने उपाय | • पाक शिक्षा खाना (बनाउने आवश्यक सिप)<br>• अचार बनाउने सिप<br>• तरकारी खेती<br>• स्थानीय जडिबुटी खेती | • पाक शिक्षा ( भात, रोटी, दाल)<br>• वेतबाँसको काम<br>• दुना टपरी निर्माण<br>• अचार निर्माण<br>• व्यवसायिक पशु पालन | • पाक शिक्षा (खाजा बनाउने तरिका )<br>• सिलाइ कटाइ<br>• साइकल मर्मत<br>• डल कुसन निर्माण |
| | | पाठ्यघण्टी | २५ | २५ | २५ | ३० | ३० | ३० | ३० | ३० |
| ६ | हाम्रो भाषा साहित्य | • भाषा (थारु, राजी, मगर, डोटेली)<br>• साहित्य (थारु, राजी, मगर, डोटेली)<br>• गीत बाजागाजा र नाँच (पञ्चेवाजा, हुड्क्यौली, छलिया, मयुर, डेउडा, चैत, सखिया, भुवा, भस्व, माङ्गल, फाग आदि)<br>• लिखत (तमसुक, भरपाइ, कार्यालय तथा सङ्घ संस्थामा आवश्यक पर्ने निवेदनहरु, भौचर/चेक) | • आफ्नो समुदायका गीत बाजागाजा र नाँच<br>• आफ्नो भाषा (थारु, राजी, मगर, डोटेली) शब्दहरु | • आफ्नो समुदायका गीत बाजागाजा र नाँच<br>• आफ्नो भाषा (थारु, राजी, मगर, डोटेली) का वाक्यहरु | • हाम्रो गीत संङ्गीत (बाजागाजा र नाँचको नाम)<br>• भाषा (थारु, राजी, मगर, डोटेली) | • हाम्रो गीत संङ्गीतको सामान्य जानकारी<br>• स्थानीय भाषा (थारु, राजी, मगर, डोटेली) को महत्त्व | • हाम्रो गीत संङ्गीत महत्व र संरक्षण<br>• स्थानीय भाषा (थारु, राजी, मगर, डोटेली) को महतत्त्व र संरक्षण | • स्थानीय भाषा र साहित्य (थारु, राजी, मगर, डोटेली)<br>• लिखत (भौचर)<br>• कार्यालय तथा सङ्घ संस्थामा आवश्यक पर्ने निवेदनहरु | • स्थानीय भाषा र साहित्य (थारु, राजी, मगर, डोटेली)<br>• लिखत (तमसुक र भरपाई)<br>• कार्यालय तथा सङ्घ संस्थामा आवश्यक पर्ने निवेदनहरु | • स्थानीय भाषा र साहित्य (थारु, राजी, मगर, डोटेली)<br>• लिखत (तमसुक, भरपाई, भौचर र चेक तथा अन्य घरायसी लिखत)<br>• कार्यालय तथा सङ्घ संस्थामा आवश्यक पर्ने निवेदनहरु |
| | | पाठ्यघण्टी | २५ | २५ | २५ | २० | २० | २० | २० | २० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | नैतिक शिक्षा र स्थानीय खेल | • नैतिक शिक्षा (आदर सम्मान, अतिथि सत्कार, अनुशासन, ध्यान, योग, ट्राफिक नियमको पालना, आत्म अनुशासन र आत्मानुभूति, सामाजिक सद्भाव, आत्म निर्भरता)<br>• स्थानीय खेलहरु (गट्टा, डन्डिबियो, भाले जुदाइ, छुर खेल, बागचाल, राजा कबडी, टिबो (सिट्टाफोड), आसपास) | • सडक सुरक्षा (ट्राफिक चिह्नहरु,)<br>• यातायातका साधन र सडक<br>• स्थानीय खेलहरु ( छुर, गट्टा, आसपास)<br>• नैतिक शिक्षा (नमस्कार, ढोग, अभिवादन) | • सडक सुरक्षा (ट्राफिक चिह्नहरु,)<br>• यातायातका साधन र सडक<br>• स्थानीय खेलहरु (टिवो, डण्डीवियो )<br>• नैतिक शिक्षा (नमस्कार ढोग अभिवादन- स्थानीय आफ्नो भाषामा) | • सडक सुरक्षा ट्राफिक (चिह्नहरु) चिनाउने<br>• स्थानीय खेलहरु (टिवो छुर आसपास खेल) खेलाउने<br>• नैतिक शिक्षा ( अतिथि सत्कार नमस्कार) | • ट्राफिक नियमको सामान्य जानकारी<br>• स्थानीय खेलहरु खेल्ने ( भालेजुधाइ, डण्डीवियो, राजा कबड्डी खेलाउने) तरिका र फाइदा/बेफाइदा<br>• नैतिक शिक्षा (ध्यान, अनुशासन, प्रणायाम) | • सडक सुरक्षा, ट्राफिक नियम<br>• स्थानीय खेलहरु खेल्ने तरिका र फाइदा/बेफाइदा<br>• नैतिक शिक्षा ( विद्यार्थीका दैनिकी ) | • ट्राफिक नियम<br>• स्थानीय खेलहरु खेल्ने तरिका र फाइदा/बेफाइदा<br>• नैतिक शिक्षा ( आत्म अनुशासन)<br>• कुलत र लागू पदार्थ | • ट्राफिक नियम<br>• स्थानीय खेलहरु खेल्ने तरिका र फाइदा/बेफाइदा<br>• नैतिक शिक्षा (मर्यादा)<br>• लागूपदार्थ दुर्व्यसनको असर | • ट्राफिक व्यवस्थापन तथा सवारी दुर्घटना न्यूनीकरण<br>• ट्राफिक सचेतना<br>• ट्राफिक नियम पालना गर्दा हुने फाइदा र महत्त्व<br>• नैतिक शिक्षा<br>• लागू पदार्थ दुर्व्यसनबाट बच्चे उपाय |
| पाठ्यघण्टी | | | २० | २० | २० | १५ | १५ | १५ | १५ | १५ |
| **जम्मा पाठ्यघण्टी** | | | **१६०** | **१६०** | **१६०** | **१२८** | **१२८** | **१२८** | **१२८** | **१२८** |

## ६. विषयवस्तुको विस्तृतीकरणः

यस खण्डमा कक्षागत रूपमा बालबालिकाहरूले हाँसिल गर्ने सिकाइ उपलब्धि, अध्ययन गर्ने विषयवस्तु, सम्भाव्य शिक्षण सिकाइ प्रक्रिया, क्रियाकलाप, शिक्षण सामग्री र मूल्याङ्कनलाई प्रस्तुत गरिएको छ। पाठ्वस्तुको विस्तृतीकरण तलको तालिकामा प्रस्तुत गरिएको छः-

**कक्षाः १**

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| १- हाम्रो नगरपालिका | • आफू र आफ्नो नाम र ठेगाना बताउन<br>• परिवारका सदस्य तथा घरमुलीको नाम भन्न<br>• नगरपालिकाको नाम, वडा नं.र आफू बस्ने वडा भन्न | • आफू, आफ्नो परिवार र आफ्नो ठेगाना<br>• नगर पालिकाको नाम | • आफू, परिवार र आफ्नो गाउँ टोलको नाम<br>• आफ्नो नगर पालिकाको नाम, आफू बस्ने वडा नं. | • शिक्षकले आफ्नो परिचयः नाम, परिवार र टोलको नाम बताउने, आफूले परिचय दिइ विद्यार्थीलाई परिचय दिन लगाउने,<br>• विद्यार्थीले परिचय दिँदा कठिनाइ आइपरेमा तलका प्रश्न सोध्ने, जस्तैः तिम्रो नाम के हो ? तिम्रो घरमा को को हुनुहुन्छ ? तिम्रो घरमा कति जना हुनुहुन्छ ? तिमी कुन टोलमा बस्छौ ?<br>• नगरपालिकाको चित्र वा नक्सा प्रदर्शन गरी नाम र वडा सङ्ख्या भन्न लगाउने,<br>• नक्सा वा चित्रमा दिइएको वडा नं., नगर र टोलका आधारमा आफू बस्ने वडा पहिचान गर्न लगाउने तथा थप अभ्यासका लागि युगल जोडी वा स-साना समूहमा छलफल गर्न लगाई साथीको वडा संख्या, नगर र टोल पनि पहिचान गर्न लगाउने,<br>• सूचना प्रविधिका साधन उपयोग गरी नगरपालिकाको सामान्य परिचय दिने सामग्री प्रस्तुत गर्ने र त्यसका आधारमा कुराकानी तथा प्रश्नोत्तर गराउने, | • पारिवारिक पृष्ठभूमि झल्किने चित्र<br>• व्यक्तिगत तथा पारिवारिक समुदाय जनाउने चित्र<br>• वडा संख्या सहितको नगरपालिकाको नक्सा वा चित्र<br>• श्रव्यदृश्य सामग्री | • विद्यार्थीले आफ्नो परिचय दिंदा नाम, परिवार र टोलको नाम भने नभनेको आधारमा मापन गर्ने<br>• विद्यार्थीले आत्मविश्वास तथा स्पष्टताका साथ प्रस्तुति गरे नगरेको अवलोकन गरी सिकाइ उपलब्धिको लेखाजोखा गर्ने<br>• छलफल, कुराकानी तथा भूमिका अभिनयमा देखाएको सहकार्यात्मक व्यवहारका आधारमा मूल्याल्कन गर्ने<br>• प्रश्नोत्तर तथा अन्य सन्दर्भमा नगरपालिकाको नाम, वडा संख्या तथा आफू बस्ने वडा भने नभनेको यकिन गरी सिकाइ उपलब्धिको मापन गर्ने | घण्टा ८ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| २- हाम्रो प्राकृतिक स्रोत र सम्पदा | • आफू बसेको गाउँको नाम भन्न<br>• आफ्नो घर नजिकका तालको नाम भन्न<br>• चार ओटा जडिबुटीको नाम भन्न | • आफ्नो गाउँटोल<br>• स्थानीय जडिबुटी | • आफू बसेको गाउँ, टोल, वडाका नदी र तालका नाम<br>• घर वरपर पाइने जडिबुटीको नाम (घिउँकुमारी, दुबो, तुलसी, निम) | • इनार, कुवा, ताल, खोला र नदीको तस्बिर, फोटा वा चित्र निर्माण गरी प्रदर्शन गर्ने चित्रका आधारमा, इनार, कुवा, ताल, खोला र नदीको स्वरूपका बारेमा छलफल गराई इनार, कुवा र ताल तथा खोला र नदीबीचको भिन्नता बोध गराउने,<br>• विद्यार्थीको वासस्थान वा विद्यालय वरपर रहेका इनार, कुवा, ताल, खोला र नदीको स्थलगत अवलोकन भ्रमण गर्ने गराउने,<br>• स्थलगत अध्ययन भ्रमणका क्रममा इनार, कुवा, ताल, खोला र नदीको विशेष नाम भए नामसँग परिचित गराउने,<br>• इनार, कुवा, ताल, खोला र नदीको अवलोकन भ्रमण गर्दा ध्यान दिनुपर्ने पक्षको जानकारी दिने, जस्तैः पानीमा डुब्न सकिन्छ, पानीमा डुब्यो भने मृत्यु हुन सक्छ वा मरिन्छ, पानीको स्रोत वरिपरि विभिन्न जीवजन्तु हुन्छन्, तिनीहरूले हामीलाई टोक्न वा लखेट्न सक्छन्, खोला वा नदीले हामीलाई बगाउन सक्छन्।<br>• अभिभावक तथा शिक्षकसँग नजिकैको वन घुमी त्यहाँ रहेको नचिनेका बोटबिरुवाका नाम सोध्न र चिनेका नाम भन्न लगाउने अवलोकन पछि थाहा पाएका बोटबिरुवाका नाम समेटिएको सूची निर्माण गरी प्रस्तुत गर्न लगाउने (मौखिक रूपमा)<br>• स्थानीय जडिबुटी अभिभावकको सहयोगमा चिनाउने। | • सान्दर्भिक तस्बिर वा चित्र<br>• श्रव्यदृश्य सामग्री<br>• वास्तविक वस्तु प्रदर्शन | • इनार, कुवा, ताल, खोला र नदीका चित्र प्रदर्शन गरी नाम भन्न लगाएर भने नभनेको अवलोकन गर्ने<br>• इनार, कुवा, ताल, खोला र नदीमा जाँदा<br>• अपनाउनुपर्ने सावधानी बताउन लगाई सिकाइ उपलब्धिको लेखाजोखा गर्ने<br>• स्थल सम्पदामा पर्ने मुख्य मुख्य कुरा भन्न लगाउने<br>• स्थानीय जडिबुटीको नाम भन्न लगाउने | २८ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धा | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ३- हाम्रो धर्म संस्कृति | • आफ्नो समुदायमा बसोबास गर्ने जात धर्मको नाम भन्न<br>• आफ्नो परिवारमा मनाईने चाडपर्वका नाम बताउन<br>• आफ्नो परिवारमा सम्मान अनुसार नाता बताउन। | • आफ्नो समुदाय<br>• छरछिमेका चाडपर्व<br>• आफ्नो परिवारमा नाता | • आफ्नो समुदायमा बसोवास गर्ने जात (ब्राह्मण, थारु, क्षेत्री, ठकुरी, राजी र दलित)<br>• स्थानीय चाडपर्वको नाम (तिहार,दशै,माघी ,अटवारी, ओल्के)<br>• आफ्नो परिवारमा सम्मान अनुसारका नाता | • शिक्षकले विभिन्न समुदायमा आफ्नो समुदायमा बसोवास गर्ने जात (ब्राह्मण, थारु, क्षेत्री, ठकुरी, राजी र दलित) को बारेमा परिचय दिने।<br>• धर्म र सस्कृति अनुसारका चाडपर्वका नाम भन्न र सूची तयार गर्न लगाउने (तिहार,दशैँ,माघी,अटवार,ओल्के)<br>• समुदायमा रहेको जातजाति भन्न लगाउने।<br>• सम्मान अनुसार नाताको सूची बनाउने र प्रदर्शन गर्ने (आमा, बुबा, बाजे, बज्यै, काका, काकी, दाजु, भाउजू, भाइ, बहिनी) | • गाउँघरमा समुदायमा बसोवास गर्ने जातजाति (ब्राह्मण, थारु, क्षेत्री, ठकुरी, राजी र दलित) को नामावली।<br>• स्थानीय चाडपर्वको नाम सूची (तिहार,दशै,माघी,अटवारी, ओल्के)<br>• नाता सम्बन्धको सूची (आमा, बुबा, बाजे, बज्यै, काका, काकी, दाजु, भाउजू, भाइ, बहिनी) | • प्रश्नोत्तर गरी जवाफ दिए नदिएको आधारमा मूल्याङ्कन गर्ने | ३० घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ४. हाम्रो इतिहास र पर्यटकीय स्थलहरु | • आफ्नो गाउँको नाम भन्न<br>• स्थानीय बजारको नाम भन्न | • आफ्नो गाउँ<br>• स्थानीय बजार | • आफू बस्ने गाउँको नाम<br>• आफ्नो घर नजिकको बजार | • शिक्षकले आफ्नो गाउको नाम बताएर विद्यार्थीहरुलाई सोही अनुसार आ-आफ्नो गाउँको नाम भन्न लगाउने,<br>• आ-आफ्नो घर नजिकको बजारको नाम भन्न लगाउने र आवश्यकता अनुसार कुनै बजारको नाम भन्न छुटाएको अवस्थामा शिक्षकले बजारको नाम बताइ दिने,<br>• स्थानीय बजारको भिडियो प्रदर्शन गर्ने र ती बजारहरु कहाँ कहाँ रहेका छन ? सोधेर स्थान वा ठाउँको नाम बताउन लगाउने। | • आफ्नो सेवा क्षेत्रभित्रका गाउँहरुको नाम लेखिएको चार्ट<br>• नजिक रहेको बजारको नाम लेखेको चार्ट<br>• गाउँघरमा रहेका बजारहरुको नाम लेखेको चार्ट<br>• स्थानीय बजारको भिडियो | • गाउँको नाम र बजारको नाम भन्न लगाएर भने नभनेको आधारमा मूल्याङ्कन गर्ने<br>• | १०घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ५. पेसा उद्यमशीलता र प्रविधि | • परिवारका सदस्यले गर्ने काम बताउन,<br>• पत्रु खानाका कुनै पाँच खानाको नाम बताउन,<br>• आफूले खाने खानाको नाम बताउन। | • परिवारको काम/पेसा<br>• पत्रु खाना<br>• हाम्रो खाना | • परिवारका सदस्यको काम /पेसा<br>• पत्रु खानाको नाम ( ५ओटा) (जङ्क फुड)<br>• आफ्नो परिवारमा खाने खानाको नाम (आफूले खाने खाना) | • विभिन्न पेसा झल्किने नाम सहितको चित्र प्रदर्शन गर्दै परिवारका सदस्यले गर्ने काम बताउन लगाउने ,<br>• पत्रु खानाको चित्र प्रदर्शन गर्दै अरु त्यस्ता खानाको नाम बताउन लगाउने,<br>• खानाका परिकारका बारेमा छलफल गर्न लगाउदै आफ्ना परिवारमा खाने खानाको बारेमा बताउन लगाउने । | • विभिन्न कामको पृष्ठभूमि झल्किने चित्र<br>• पत्रु खानाको चित्र<br>• विभिन्न खानेकुराको चित्र | • परिवारका सदस्यको कामको नाम भन्न लगाएर शिक्षकले लेख्ने<br>• पत्रु खानाको नाम भन्न लगाई मूल्याङ्कन गर्ने<br>• परिवारमा कुन कुन खाना खान्छौ भनी लेख्न लगाएर मूल्याङ्कन गर्ने। | १५घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ६-हाम्रो भाषा साहित्य | • आफ्नो मातृभाषामा कुराकानी गर्न।<br>• आफ्नो मातृभाषामा प्रचलित लोकगीत गाउन र नाच्न। | • आफ्नो मातृभाषा (डोटेली, अछामी, बाजुरेली, बझाङी, थारू, राजी, मगर, नेपाली आदि)<br>• .समुदायमा प्रचलित लोक गीत। | • आफ्नो मातृभाषा (थारू, राजी, मगर, डोटेली) शब्दहरू<br>• आफ्नो समुदायका लोकगीत | • बालबालिकाहरूलाई आफ्नो परिवार वा समुदायमा बोलिने मातृभाषा (डोटेली, अछामी, बाजुरेली, बझाङी, थारू, राजी, मगर आदि ) बोल्न लगाउने,<br>• बालबालिकाहरूलाई मातृभाषाका माध्यमबाट सामुहिक रुपमा कुनै विषयमा कुराकानी वा संवाद गर्न लगाउने,<br>• बालबालिकाहरूलाई कुनै चित्र वा तस्विर प्रदर्शन गरी आफ्नो मातृभाषामा वर्णन गर्न लगाउने,<br>• बालकालिकाहरूलाई आफ्नो मातृभाषाका गीत गाउँदै नाच्न लगाउने, | • कुनै चित्र वा तस्विर<br>• मातृभाषाका लोकगीतको सूची। | • तपाईले बोल्ने भाषाको नाम के हो ?<br>• आफ्नो मातृभाषामा गाइने कुनै मन पर्ने गीत गाउँ। आदि प्रश्न गरी सिकाइ परीक्षण गर्ने | २८ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ७- नैतिक शिक्षा र स्थानीय खेल | • स्थानीय यातायातका साधनको नाम भन्न<br>• स्थानीय खेलहरु को नाम भन्न,<br>• मान्यजनलाई ढोग दिन,सम्मान, आदर गर्न र आदरार्थी शब्दको प्रयोग गर्न | • यातायातका साधन र सुरक्षा<br>• स्थानीय खेल (छुर, गट्टा र आसपास)<br>• मान्यजनलाई आदर | • यातायातका साधन (साइकल, मोटरसाइकल, रिक्शा, अटोरिक्सा, टागा, डल्लप, लड़िया, लहरु, टेक्टर, ट्रक, बस)<br>• स्थानीय खेलहरु (छुर, गट्टा, आसपास)<br>• आदर सम्मान प्रयोग (तिमी, तपाई, हजुर, तम्, तमी नमस्कार, ढोग, राम राम) | • - शिक्षकले स्थानीय यातायातका नाम सोधने, भनी दिने, सम्भावित खतराको बारेमा सोध्ने र होशियारी अपनाउने तरिका बताइ दिने<br>• स्थानीय खेलहरु खेलाउने,छुर,गट्टा र आसपास खेल्न लगाउने<br>• अभिनय गरी (तिमी, तपाई, हजुर, तम्,मी नमस्कार, ढोग, राम राम) शब्दको प्रयोग गरी बोल्न लगाउने | • यातायातका साधनको चित्रहरु<br>• गट्टा खेल्न चाहिने सामानहरु त्यस्तै छुर र आसपास खेल्न चाहिने नियमको सूची र सामग्रीहरु<br>• नमस्कार, ढोग, आदर,<br>• सत्कार, अशक्तलाई सहयोग गर्दै गरेको चित्रहरु<br>• श्रव्य-दृश्य सामग्रीहरु | • स्थानीय कुनै चार यातायातका साधनको चित्र देखाएर चिने नचिनेको मूल्याङ्कन गर्ने<br>• आफूले जानेका खेलका नाम भन्न लगाउने<br>• शिष्ट भाषा प्रयोगको सुरुवात गरे नगरेको ,अभिनय, छलफल ,कुराकानी, व्यवहार आदिको आधारमा मूल्याङ्कन गर्ने। | २८ घण्टा |

**कक्षाः २**

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| १- हाम्रो नगरपालिका | • आफ्नो गाउँ र वडा नं. बताउन।<br>• आफ्नो गाउँ र वडामा रहेका विभिन्न सङ्घ संस्थाका नाम, जनसङ्ख्या र जातजातिका नाम बताउन<br>• नगरपालिकाको नाम, वडा सङ्ख्या बताउन<br>• आफ्नो वडा भित्रका नदी, ताल, सामुदायिक वन, बजार र मन्दिर आदिको नाम बताउन | • स्थानीय सङ्घसंस्था<br>• नगरपालिका<br>• हाम्रा सम्पदा | • आफू बस्ने वडा र गाउँको जानकारी (सङ्घ, संस्था जनसङ्ख्या र जातजातिका नाम)<br>• नगरपालिकाको नाम र वडा सङ्ख्या<br>• आफ्नो वडाका जनप्रतिनिधिका नाम<br>• वडा भित्रका ताल, नदी, मन्दिर, चर्च तथा प्रसिद्ध भौतिक संरचनाहरु<br>• | • नगरपालिका र सम्बन्धित वडाको नक्सा देखाउने,<br>• आफ्नो वडा पत्ता लगाउन लगाउने<br>• विद्यार्थीको वडामा भएका विभिन्न शैक्षिक संस्थाहरु (विद्यालय, क्याम्पस) सामुदायिक वन, बजार, मठ मन्दिर आदि के के थाहा छ भनी प्रश्नोत्तर गरी जानकारी संकलन गर्ने र शिक्षकले समूह बनाएर छलफल गर्न लगाउने,<br>• वडा अध्यक्षको तस्विर देखाएर नाम सोध्ने र पहिचान गर्न मद्दत गर्ने,<br>• विद्यार्थीलाई आफ्नो वडाको सम्बन्धमा प्ररियोजना कार्य गर्न लगाउने,<br>• सम्बन्धित वडाको वडाध्यक्ष, सङ्घ संस्थाका प्रमुखलाई कक्षामा निम्त्याएर परिचय गर्न कुराकानी गर्न लगाउने। | • नगरपालिका र वडाको नक्सा<br>• वडाध्यक्ष जस्ता व्यक्तिहरुको तस्विरहरु<br>• वडाभित्रका विभिन्न सङ्घ-संस्था, सामुदायिक वन/जङ्गल, नदी, ताल, प्रशिद्ध भौतिक संरचना, बजार आदिका चित्रहरु<br>• श्रव्य-दृश्य सामग्रीहरु | • प्रश्नोत्तर गरी नगरपालिकाको नाम, वडा सङ्ख्या, आफ्नो वडा नं. भन्न लगाउने<br>• आफ्नो वडाका जनप्रतिनिधिहरुका नाम, शैक्षिक संस्थाका नाम, नदी, ताल, बजार, मठ-मन्दिर आदिका नाम भन्न सकेको नसकेको चित्र तथा तस्विर पहिचान गर्न सके नसकेको, सम्बन्धित नामहरु लेख्न सके नसकेको आधारमा मूल्याङ्कन गर्ने। | १५ घण्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| २- हाम्रो प्राकृतिक स्रोत र सम्पदा | • आफ्नो वरपर रहेका प्रकृतिक स्रोतहरु बताउन<br>• प्रकृतिक स्रोतहरुबाट हुने फाइदा भन्न<br>• स्थानीय स्तरमा पाइने जडिबुटीहरु भन्न<br>• आफ्नो गाउँ वडामा रहेका नदी, तालका नाम भन्न | • प्राकृतिक स्रोत<br>• स्थानीय जडिबुटीका नाम (५ ओटा) | • आफ्नो वरपर रहेका प्रकृतिक स्रोतहरुको परिचय (वन जङ्गल नदीनाला स्थानीय-ताल)<br>• आफ्नो वरपर रहेका प्रकृतिक स्रोतको उपयोगिता तथा प्रयोग(वनजङ्गल नदी, ताल काठ दाउँरा, स्याउँला, जडिबुटीका साथै नदीबाट ढुङ्गा र बालुवा)<br>• प्राकृतिक स्रोतबाट पाइने वस्तुहरु<br>• स्थानीय स्तरमा पाइने जडिबुटीहरु (दुबो, घिउँकुमारी, तुलसी, कुरिलो, गुर्जो, पिपला, बेल)<br>• | • आफ्नो वरपर रहेका प्राकृतिक स्रोतहरुको नाम भन्दै पोष्टर तथा चित्रको प्रदर्शन गर्दै धारणा प्रष्ट पार्ने<br>• वन/जङ्गल तथा नदी/तालबाट पाइने वस्तुहरुको नाम भन्न लगाई शिक्षकले पाटीमा टिपोट गर्दै जाने । आवश्यकता अनुसार शिक्षकले सहयोग गर्ने।<br>• पोष्टर तथा चित्रको सहायताले वन जङ्गबाट पाइने सामग्रीको नाम भन्दै त्यसको उपयोगिता प्रष्ट पारिदिने।<br>• स्थानीय स्तरमा पाइने जडिबुटीहरु ( दुबो, घिउँकुमारी, हल्दो, पिप्ली, बोजो, तुलसी, निम) का नाम भन्न लगाउने | • अवलोकन तथा चित्र प्रदर्शन<br>• प्राकृतिक स्रोतको नाम<br>• स्थानीय स्तरमा पाइने जडिबुटीहरु ( दुबो, घिउँकुमारी, हल्दो, पिप्ली, बोजो, तुलसी, निम) का चित्र | • कुनै तीन ओटा प्राकृतिक स्रोतको नाम भन्नुहोस्।<br>• वनजङ्गलबाट के के पाइन्छ?<br>• तपाईका घर नजिक रहेका कुनै नदी तथा तालको नाम लेख्नुहोस्।<br>• स्थानीय स्तरमा पाइने जडिबुटीहरु ( दुबो, घिउँकुमारी, हल्दो, पिप्ली, बोजो, तुलसी, निम) का नाम भन्न लगाउने | २५ घण्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ३- हाम्रो धर्म संस्कृति | • आफ्नो पहिरन तथा लगाइने पोसाकको नाम बताउन<br>• आफ्ना चाडपर्वहरुको नाम भन्न<br>• छिमेकीहरुसँगको नाता र सम्बन्ध भन्न | • आफ्नो पहिरन<br>• आफ्ना चाडपर्व<br>• नाता र सम्बन्ध<br>•<br>• | • आफ्नो पहिरन, लगाइने गहना र पोसाकको नाम<br>• आफ्ना चाडपर्वहरुका नाम (अटवारी, विसु, तीज, अनन्ते, पुत्ला)<br>• छिमेकीहरुसँगको नाता र सम्बन्ध | • स्थानीय स्तरमा लगाइने विभिन्न पहिरनका नाम केही उदाहरणहरु शिक्षकले बताइ दिने र विद्यार्थीहरुलाई तपाई र तपाईको गाउँघर, छिमेकीले लगाउने गरगहना, मनाउने चाडपर्वहरुको नाम भन्नुहोस भनी बताउन लगाउने,<br>• सबै विद्यार्थीहरुलाई गरगहनाहरुको नामहरु भन्ने र सोही अनुसार भन्न लगाउने,<br>• सबै विद्यार्थीहरुले दिएका नामहरुको सूची तयार गर्ने जस्तैः विसु, अटवारी,तीज, अनन्ते पुत्ला आदि,<br>• आफू र आफ्नो छिमेकीमा गरी आएको नाताहरुको बारेमा छलफल तथा सूची प्रदर्शन गर्ने\| | • विभिन्न जातजातिले पहिरीने पहिरन गरगहनाका चित्रहरु<br>• स्थानीय स्तरका चाँडपर्वहरु झल्किने चित्रहरु तथा भिडियो | • निम्न प्रश्नको आधारमा मूल्याङ्कन गर्ने-<br>• तपाइको गाउँघर तथा छिमेकमा के कस्ता चाडपर्वहरु मनाउनु हुन्छ ?<br>• तपाइको गाउँघर तथा छिमेकमा के कस्ता गरगहना पहिरिने गर्छन ?<br>• तपाइलाई सबैभन्दा मन पर्ने चाडपर्व कुन हो ? | ३० घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ४. हाम्रो इतिहास र पर्यटकीय स्थलहरु | • आफ्नो गाउँको नाम रहनुको कारण भन्न<br>• आफ्नो गाउँको पर्यटकीय स्थलहरुको नाम भन्न | • आफ्नो गाउँको इतिहास<br>• पर्यटकीय स्थलहरु | • आफ्नो गाउको इतिहास त्यही नाम रहनुको कारण<br>• आफ्नो गाउँ र वडामा भएका पर्यटकीय स्थलहरुका नाम ( मन्दिर, ताल, पार्क) | • विद्यार्थी, स्थानीय वुद्धिजीवी र जानकारको सहयोगमा गाउँको नाम त्यही रहनुको कारण खोजी गरी, विद्यार्थीलाई जानकारी गराउने,<br>• स्थानीय पर्यटकीय स्थलको अवलोकन भ्रमण गरी आवश्यक जानकारी दिने,<br>• सम्बन्धित ऐतिहासिक र पर्यटकीय स्थलका बारेमा प्रश्नोत्तर र छलफल गर्ने\| | • विद्यार्थी स्थानीय वुद्धिजीवी र जानकारको सहयोगमा गाउँको नाम त्यही रहनुको कारण खोजी गरिएको विद्यार्थीलाई जानकारी नोट<br>• सम्बन्धित ऐतिहासिक र पर्यटकीय स्थलका बारेमा चित्र भिडियो | • तपाईको गाउँको नाम त्यही रहनुको कारण के हो ?<br>• सम्बन्धित ऐतिहासिक र पर्यटकीय स्थलका बारेमा प्रश्नोत्तर र छलफल गर्ने | २० घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ५. पेसा उद्यमशीलता र प्रविधि | • स्थानीय स्तरमा अपनाइने परम्परागत पेसाको नाम बताउन,<br>• आफ्नो वरिपरी रहेका जडिबुटीका नाम बताउन,<br>• आफ्नो दैनिक खाना र चाडपर्वमा खाने खानाको नाम बताउन। | • परम्परागत पेसाहरु<br>• जडिबुटीहरु<br>• दैनिक तथा चाडपर्व विशेषका खाना | • स्थानीय परम्परागत पेसाको नाम<br>• स्थानीय जडिबुटीहरुको नाम ( सल्लाको खोटो, विजयसाल, अमला)<br>• आफ्ना दैनिक तथा चाडपर्व विशेषका खानाका नाम (दाल, भात, सेल, माणा, ढिक्री अन्य) | • पेसा झल्किने चित्र प्रदर्शन गर्दै आफ्नो गाउँघरमा बस्ने मानिसले गर्ने पेसाको नाम बताउन लगाउने,<br>• जडिबुटीहरुको चित्र प्रदर्शन गरेर गाउँघरमा पाइने जडिबुटीको नाम लेख्न लगाउने, सम्भव भएका जडिबुटी नै देखाउने,<br>• खानाका विभिन्न परिकारका चित्र प्रस्तुत गरेर घरमा दैनिक खाने खाना र चाडपर्वमा खाने खानाको परिकार बताउन लगाउने। | • विभिन्न प्रकारका पेसा झल्किने चित्र,<br>• जडिबुटीका चित्र तथा सङ्कलन गरिएका जडिबुटीहरु,<br>• खानाका परिकार सहितको चित्र। | • परम्परागत पेसाको नाम लेख्न लगाउने,<br>• जडिबुटीहरुको नाम लेख्न लगाउने र घरबाट जडिबुटी सङ्कलन गर्न गरेर ल्याउन लगाउने,<br>• दैनिक खानाको नाम लेख्न लगाउने साथै घरबाट चाडपर्वमा खाने खानेकुराको नाम लेखी ल्याउन लगाउने। | २८घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ६-हाम्रो भाषा साहित्य | • आफ्नो समुदायमा बोलिने मातृभाषाको नाम भन्न र लेख्न<br>• आफ्नो समुदायमा प्रचलित लोकगीतहरु) को नाम भन्न र गाउन | • आफ्नो समुदायमा बोलिने मातृभाषा (डोटेली, अछामी, बाजुरेली, बझाङी, बैतडेली, थारू, राजी, मगर, नेपाली आदि)<br>• आफ्नो समुदायका लोकगीतहरू | • आफ्नो समुदायमा बोलिने मातृभाषाको नाम,<br>• आफ्नो समुदायमा प्रचलित लोकगीतहरूको नाम | • बालबालिकाहरूलाई आफ्नो समुदायमा बोलिने मातृभाषाहरूको नाम भन्न लेख्न र बोल्न लगाउने,<br>• बालबालिकाहरूलाई आफ्नो समुदायमा प्रचलित लोकगीतहरूको नाम भन्न, लेख्न र गाउन लगाउने। | • स्थानीय समुदायमा बोलिने, मातृभाषाहरूको सूची<br>• स्थानीय समुदायमा प्रचलित लोकगीतहरूको सूची। | • निम्नानुसारका प्रश्नोत्तर गरी मूल्याङ्कन गउने,<br>• तपाईको समुदायमा कुन-कुन मातृभाषाहरू बोलिन्छन्? भन,<br>• तपाईको समुदायमा कुन–कुन मातृभाषाहरू बोलिन्छन्? कुनै दुईको नाम लेख। केही शब्द र वाक्यहरु भन्न लगाउने,<br>• तपाईको समुदायमा कुन–कुन लोकगीतहरू गाइन्छन्? भन<br>• तपाईको समुदायमा कुन–कुन लोकगीतहरू गाइन्छन्? कुनै दुईको नाम लेख<br>• गीत गाउन लगाउने | २८ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ७- नैतिक शिक्षा र स्थानीय खेल | • सामान्य ट्राफिक चिह्नहरु चिन्न<br>• स्थानीय खेलहरुको नाम भन्न र खेल्न<br>• आफूभन्दा ठूलालाई अभिवादन गर्न | • ट्राफिक चिह्न र यातायातका साधन<br>• स्थानीय खेल (टिबो र डण्डीबियो)<br>• मान्यजनलाई आदर सत्कार<br>• | • सामान्य ट्राफिक चिह्न र स्थानीय सवारी साधन (साइकल, मोटरसाइकल, रिक्सा, अटोरिक्सा, टागा, डल्लप, लड्डिया, लहरु, ट्रेक्टर, ट्रक, बस)<br>• स्थानीय खेलहरु (टिबो/सिट्ठाफोर, डण्डीबियो),<br>• अभिवादन तथा ढोग ( तिमी, तपाई, हजुर, तम्, तमी नमस्कार, ढोग, रामराम) | • शिक्षकले स्थानीय यातायातका साधनहरु र सामान्य ट्राफिक चिह्नका चित्रहरु प्रस्तुत/प्रदर्शन गरी छलफल गराइ नाम र ट्राफिक चिह्न चिन्न लगाउने<br>• सडकमा हिड्न र बाटो काट्ने अभ्यास गराउने<br>• टिबो र डण्डीबियो नियम सहित खेल्ने सिपको विकास गराउन पटकपटक खेलाउने\| र खेलको नाम भन्न लगाउने<br>• अभिवादन तथा ढोग ( तिमी, तपाई, हजुर, तम्, तमी नमस्कार, ढोग, रामराम) अभिनय सहित प्रस्तुति गर्न लगाउने | • सामान्य ट्राफिक चिह्न र यातायातका साधनका चित्रहरु<br>• टिबो र डण्डीबियो खेल्न चाहिने आवश्यक सामग्री, खेल्दै गरेको चित्र वा फोटोहरु<br>• नमस्कार,ढोग,आदर, सत्कार,अशक्तलाई सहयोग गर्दै गरेको चित्रहरु<br>• श्रव्यदृश्य सामग्रीहरु | • स्थानीय कुनै चार यातायातका साधनको नाम भन्न जाने नजानेको मापन गर्ने<br>• खेल-खेल्न लगाइ नियम अनुसार खेले नखेलेको अवलोकन गर्ने<br>• शिष्टभाषा प्रयोगको शुरुवात गरे नगरेको , अभिनय, छलफल , कुराकानी, व्यवहार आदिको आधारमा मूल्याङ्कन गर्ने \| | २० घण्टा |

**कक्षाः ३**

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| १- हाम्रो नगरपालिका | • गौरीगङ्गा नगरपालिकाको सामान्य परिचय दिन<br>• आफ्नो वडाभित्र र नगरपालिका भित्र बसोबास गर्ने जातजातिका नाम बताउन<br>• नगरप्रमुख तथा नगर उप-प्रमुख नाम बताउन | • गौरीगङ्गा नगरपालिका<br>• गौरीगङ्गानगरपालिकामा बसोबास गर्ने जातजाति<br>• नगर प्रमुख नगर उप-प्रमुख नाम | • आफ्नो वडामा रहेका प्रमुख सङघ संस्थाहरु, (क्लव, सहकारी, समाज, सामुदायिक वन )<br>• पर्यटकीय तथा धार्मिक स्थल (नदी ताल-तलैया, जङ्गल, मन्दिरको नाम र तिनीहरुको छोटकरी जानकारी (वडाका)<br>• आफ्नो वडा र नगरपालिकाभित्र बसोबास गर्ने जातजातिका नाम (ब्राह्मण, क्षेत्री, राजी, थारु, ठकुरी, दलित, बादी) र पोसाकहरु<br>• नगर प्रमुख नगर उप-प्रमुख नाम | • आफ्नो वडाका विभिन्न सङ्घ संस्थाहरु गौरीगङ्गा नगरपालिकाको वडा सहितको विस्तृत नक्सा प्रदर्शन गर्ने र महत्त्वपूर्ण सङ्घ संस्था, नदी/ ताल, वन/जङ्गल पहिचान गर्न लगाउने, नाम भन्न लगाउने, परिचय दिन लगाउने समूहमा छलफल गरी नाम लेख्न लगाउने,<br>• गौरीगङ्गा नगरपालिकाको वृत्त चित्र हेर्न लगाउने,<br>• नगरपालिका भित्रका जातजातिका नामहरु जात अनुसारका पहिरन सहितका फोटोहरु चान गर्न लगाउने,<br>• आफ्नो टोल, वडामा बसोवास गर्ने जातजातिका नाम बताउन लगाउने, जोडीमा तथा समूहमा छलफल गरी कक्षामा प्रस्तुत गर्न लगाउने,<br>• महत्त्वपूर्ण व्यक्तिलाई आमन्त्रण गरी कक्षामा छलफल गर्न लगाउने,<br>• नगरपालिका भित्रका विभिन्न ठाउँहरुको अवलोकन भ्रमण गराउने,<br>• नगर प्रमुख नगर उप-प्रमुख नाम तस्विर चिन्न लगाउने/पहिचान गर्न मदत गर्ने | • नगरपालिकाको विस्तृत नक्सा, वृत्तचित्र, जातजाति र पोसाक जनाउने तस्विर<br>• श्रव्य-दृष्य सामग्रीहरु<br>• नगर प्रमुख नगर उप-प्रमुख नाम चित्र/ तस्विर | • आफ्नो वडाका विभिन्न सङ्घ संस्थाहरु नगरपालिकाको बारेमा प्रश्नोउत्तर गरी परिचय दिन लगाउने,<br>• विभिन्न सङघ-संस्था, वन-जङ्गल, नदी, ताल/तलैया, पर्यटकीय तथा धार्मिक स्थल र जातजातिको नामको सूची बनाउन लगाउने र जाने नजानेको जाँच गर्ने,<br>• कक्षामा छलफल र अवलोकन भ्रमणमा देखाएको रुची सक्रियता र सहभागिताको आधारमा मूल्याङ्कन गर्ने। | घण्टा २८ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| २- हाम्रो प्राकृतिक स्रोत र सम्पदा | • स्थानीय प्राकृतिक सम्पदाको नाम भन्न र लेख्न<br>• स्थानीय ऐतिहासिक सम्पदाहरुको नाम भन्न<br>• स्थानीय सार्वजनिक स्थलहरुको नाम भन्न र लेख्न<br>• स्थानीय जडिबुटीहरुको नाम बताउन | • प्राकृतिक स्रोत<br>• सार्वजनिक स्थल<br>• स्थानीय जडिबुटी | • स्थानीय स्तरमा रहेका प्राकृतिक सम्पदाको नाम<br>• ऐतिहासिक सम्पदा (मठमन्दिर, गुम्वा, चर्च, विहार)<br>• स्थानीय स्तरमा रहेका सार्वजनिक स्थल (पाटीपौवा, खेल मैदान, विद्यालय, स्वास्थ्य चौकी)<br>• आफ्नो वडामा रहेको सामुदायिक वनको नाम<br>• स्थानीय जडिबुटी नाम(घिउँकुमारी, दुबो, कुरिलो, बेल, गुर्जो, भिरिङ्गिराज, पिपल, पिपला, निम, पाती आदि) | • स्थानीय स्तरमा रहेका प्राकृतिक सम्पदाहरु पोष्टर स्लाइड वा प्रत्यक्ष देखाउन सकिने अवस्था भएमा अवलोकन गर्न लगाई प्राकृतिक सम्पदाहरुको नाम भन्न लगाउने,<br>• स्थानीय सम्पदाको नाम पाटीमा टिप्दै जाने र विद्यार्थीलाई भन्न लगाउनेः तत् पश्चात प्राकृतिक सम्पदा (नदी/ताल खोला, वनजङ्गल, माटो/ढुङ्गा ) कापीमा लेख्न लगाउने,<br>• स्थानीय स्तरमा रहेका ऐतिहासिक सम्पदाहरु मठमन्दिर, धर्मशालाको परिचय दिई ऐतिहासिक सम्पदाको धारणा प्रष्ट पारिदिने,<br>• विद्यार्थीलाई ऐतिहासिक सम्पदाहरु (मठ-मन्दिर) का नाम भन्न लगाउने र शिक्षकले पनि सहयोग गर्ने,<br>• सार्वजनिक स्थलका नाम भन्दै सार्वनिक स्थलको धारणा प्रष्ट पारिदिने,<br>• विद्यार्थीलाई सार्वजनिक स्थलका नाम भन्न प्रेरित गर्दै आफूले पाटीमा टिप्दै जाने र शिक्षकले आवश्यक सहयोग गर्ने,<br>• पाटीपौवा, खेल मैदान, विद्यालय, स्वास्थ्य चौकी आदि सार्वजनिक स्थल हुन भनी भन्न र लेख्न लगाउने,<br>• विद्यार्थीहरुलाई स्थानीय स्तरमा रहेका जडिबुटीहरुका नाम भन्न लगाई टिप्दै जाने र आवश्यक सहयोग गर्ने,<br>• स्थानीय स्तरमा रहेका जडिबुटीहरु (घिउँकुमारी, कुरिलो, बेल, गुर्जो, भिरिङ्गिराज, पिपल, पाति, निम आदि) भन्न र लेख्न लगाउने। | • चित्र, पोष्टर, विषयवस्तु अनुसारका आवश्यक वस्तु, स्लाइड | • स्थानीय स्तरमा रहेका प्राकृतिक सम्पदाका नाम सोध्ने।<br>• स्थानीय स्तरमा रहेका ऐतिहासिक सम्पदाहरुको नाम लेख्न लगाउने।<br>• स्थानीय जडिबुटीको नाम भन्न लगाउने। | २८ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ३- हाम्रो धर्म संस्कृति | • आफ्नो गाउँ समुदायमा मनाइने चाडपर्वहरुको नाम लेख्न र भन्न<br>• आफ्नो धार्मिक स्थलहरुका नाम भन्न र लेख्न | • हाम्रा चाडपर्वहरु<br>• हाम्रा धार्मिक स्थलहरु<br>• | • आफ्नो गाउँ समुदायमा मनाइने चाडपर्वहरु (गुरिया, गङ्गादशहरा, भजहर)<br>• आफ्ना धार्मिक स्थलहरु ( मन्दिर, चर्च, विहार, गुम्बा)<br>• विभिन्न धर्मका धार्मिक क्रियाकलापहरु (पूजा प्रार्थना) | • शिक्षकले आफूले मान्ने धर्म र धार्मिक स्थलका बारेमा बताउने र आफ्नो धर्म अनि धार्मिक स्थलको चित्र प्रदर्शन गर्दै परिचय गरी विद्यार्थीहरुलाई परिचय दिन लगाउने,<br>• सबै विद्यार्थीहरुलाई चाडपर्वका नामहरुको सूची लेखेर तयार गर्न लगाउने,<br>• सबै विद्यार्थीहरुलाई आ-आफ्नो धर्म र धार्मिक स्थलका नामहरुको सूची तयार गरी चित्र तयार गर्न लगाउने। | • धार्मिक स्थलका चित्रहरु (मन्दिर, चर्च, विहार, गुम्बा)<br>• स्थानीय स्तरका चाडपर्वहरु झल्किने चित्रहरु तथा भिडियो | • विद्यार्थीहरुले मान्ने धर्म र चाडपर्व सोधेर मूल्याङ्कन गर्ने<br>• तपाइको गाउँमा रहेको कुनै एउटा मन्दिरको चित्र बनाउनुहोस | ३० घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ४. हाम्रो इतिहास र पर्यटकीय स्थलहरु | • स्थानीय ऐतिहासिक र पर्यटकीय स्थलहरुको छोटो परिचय दिन<br>• स्थानीय ऐतिहासिक र पर्यटकीय स्थलहरुको सामाजिक महत्त्व बताउन | • ऐतिहासिक तथा पर्यटकीय स्थलहरु<br>• पर्यटकीय स्थलहरुको सामाजिक महत्त्व | • ऐतिहासिक र पर्यटकीय स्थलहरुको सामान्य परिचय<br>• पर्यटकीय स्थलहरुको सामाजिक महत्त्व र फाइदा | • स्थानीय ऐतिहासिक र पर्यटकीय स्थलहरुको सामान्य परिचय दिने,<br>• स्थानीय ऐतिहासिक र पर्यटकीय स्थलहरुको स्थलगत भ्रमण गराउने,<br>• स्थानीय ऐतिहासिक र पर्यटकीय स्थलहरुको चित्र प्रदर्शन गर्ने,<br>• पर्यटकीय स्थलहरुको सामाजिक महत्त्व र फाइदाको सम्बन्धी छलफल गरी आवश्यक टिपोट गर्न लगाउने। | • स्थानीय ऐतिहासिक र पर्यटकीय स्थलहरुको चित्र,<br>• पर्यटकीय स्थलहरुको सामाजिक महत्त्व र फाइदा सम्बन्धी चित्र लेख रचना तथा भिडियो। | • स्थानीय ऐतिहासिक र पर्यटकीय स्थलहरुको नाम भन,<br>• पर्यटकीय स्थलहरुको नाम र फाइदा सम्बन्धी परियोजना कार्य गराउन लगाइ मूल्याङ्कन गर्ने। | २० घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ५. पेसा उद्यमशीलता र प्रविधि | • स्थानीय परम्परागत पेसाको नाम टिपोट गर्न,<br>• स्थानीय स्तरमा उपलब्ध जडिबुटीको नामवली तयार गर्न,<br>• पत्रु खानाको नाम बताउन। | • परम्परागत पेसा<br>• जडिबुटीहरु<br>• पत्रु खाना | • स्थानीय परम्परागत पेसाको नाम (कृषि, पशुपालन ) र परिचय,<br>• जडिबुटीको नाम (गुर्जो, हर्रो, उल्टेकुरो, माइलडो, घोडाटाप्रे)को परिचय,<br>• पत्रु खानाको परिचय र उदाहरणहरु | • विद्यार्थीहरुबाट स्थानीय स्तरमा अपनाइने पेसाको नामसहितको चित्र प्रदर्शन गेरर पेसाको नाम टिपोट गर्न लगाइ तालिकामा भर्न लगाउने ,<br>• जडिबुटीको चित्र प्रस्तुत गेरर आफ्नो समुदायमा पाइने जडिबुटीको नाम बताउन लगाउने,<br>• पत्रु खाना (जङ्क फुड) को चित्र प्रस्तुत गेरर थप उदाहरण बताउन लगाउने साथै नाम टिपोट गर्न लगाउने। | • स्थानीय परम्परागत पेसाका चित्र तथा तालिका<br>• नामसहितको जडिबुटीको चित्र<br>• पत्रु खानाका चित्र तथा केही उदाहरणहरु | • निम्न प्रश्नका आधारमा मूल्याङ्कन गर्ने<br>• स्थानीय परम्परागत पेसाका नाम तयार गर्नुहोस्।<br>• आफ्नो समुदायमा पाइने जडिबुटीहरुको नाम लेख्नुहोस्।<br>• पत्रु खानाका उदाहरणहरु बताउनुहोस्। | २५ घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| ६-हाम्रो भाषा साहित्य | • आफ्नो मातृभाषाका शब्दहरु प्रयोग गर्न, भन्न।<br>• आफ्नो समुदायमा प्रचलित लोकगीतको सामान्य परिचय दिन। | • आफ्नो मातृभाषा(डोटेली, अछामी, बाजुरेली, बझाङी, बैतडेली, थारू, राजी, मगर, नेपाली) का शब्दहरू।<br>• आफ्नो समुदायका लोकगीतहरूको सामान्य परिचय। | • आफ्नो मातृभाषा(डोटेली अछामी, बाजुरेली, बझाङी, बैतडेली, थारू, राजी, मगर, नेपाली आदि ) शब्दहरू<br>• आफ्नो समुदायका लोकगीतको सामान्य परिचय। | • बालबालिकाहरूलाई आफ्नो घरको भान्साकोठामा प्रयोग हुने भाँडाकुडाहरूको नाम भन्न र लेख्न लगाउने।<br>• बालबालिकाहरूलाई आफ्नो घरपरिवारमा कृषि कार्यमा प्रयोग हुने औजारहरूको नाम भन्न र लेख्न लगाउने।<br>• बालबालिकाहरूलाई आफ्नो घरपरिवारमा नाता बुझाउन प्रयोग हुने शब्द भन्न र लेख्न लगाउने।<br>• बालबालिकाहरूलाई आफ्नो समुदायमा प्रचलित कुनै लोकगीतको बारेमा सामान्य परिचय भन्न लगाउने। | • आफ्नो मातृभाषामा भान्साकोठामा प्रयोग हुने भाँडाकुँडा, कृषि औजार र नाता बुझाउन प्रयोग हुने शब्द सूची।<br>• स्थानीय मातृभाषाका लोकगीतको सामान्य परिचय सूची। | • निम्नानुसारका प्रश्नोत्तरको आधारमा मूल्याङ्कन गर्ने<br>• आफ्नो मातृभाषामा भान्साकोठामा प्रयोग हुने भाँडाकुडा बुझाउने शब्द भन्नुहोस।<br>• आफ्नो मातृभाषामा कृषिऔजार बुझाउने शब्द भन्नुहोस।<br>• आफ्नो मातृभाषामा घरपरिवारमा नाता बुझाउन प्रयोग हुने शब्द लेख्नुहोस।<br>• आफ्नो समुदायमा गाइने कुनै लोकगीतको सामान्य परिचय दिनुहोस। | २८ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| ७-नैतिक शिक्षा र स्थानीय खेल | • ट्राफिक चिह्न चिन्न\|<br>• यातायातका साधनबाट सुरक्षित रही बाटो काट्ने तरिका भन्न<br>• स्थानीय खेलहरुको नाम भन्न र खेल्न<br>• अभिवादन र अतिथि सत्कार गर्न | • यातायातका साधन र हाम्रो सुरक्षा<br>• हाम्रा गाउँले खेलहरु (टिबो छूर र आसपास)<br>• अतिथिलाई आदर सत्कार | • स्थानीय सडकमा गुड्ने सवारी साधन (साइकल, मोटरसाइकल, रिक्सा, अटोरिक्सा ,टागा, डनलप, लड़िया, लहरु, ट्रेक्टर, ट्रक, बस, स्कावेटर आदि),<br>• बाटो काट्दा हुन् सक्ने खतरा (चोटपटक लाग्नु, अङ्गभङ्ग हुनु, मृत्यु हुनु आदि),<br>• जेब्रा क्रसिङ, सडकको दायाँ र बाँयां भाग,<br>• स्थानीय खेलहरु (छुर, टिबो/सिट्टाफोर आसपास),<br>• अभिवादन/अतिथ्य सत्कार (तिमी, तपाई, हजुर, तम्, तमी नमस्कार, ढोग, रामराम)। | • शिक्षकले स्थानीय यातायातका नाम सोध्ने, भनी दिने, सम्भावित खतराको बारेमा सोध्ने र होशियारी अपनाउने तरिका बताई दिने,<br>• चौरमा बाटो जस्तै चिन्ह बनाएर बाटो काट्ने अभ्यास गराउने, जेब्रा क्रसिङबाट बाटो काट्न सिकाउने,<br>• टिबो (टिफा) छुर र आसपास नियम सहित खेल्ने सिपको विकास गराउन पटकपटक खेलाउने,<br>• पाहुना, शिक्षक, बाजे-बज्यै, बाटो काट्न नसक्ने मान्छेको अभिनय गर्न लगाएर शिष्ट भाषाको प्रयोग गर्दै अभिवादन गर्ने अभ्यास गराउने,<br>• आ-आफ्नो भाषाको प्रयोग गर्न अभिप्रेरित गर्ने। | • यातायातका साधनको सडक दुर्घटनाका जेब्रा क्रसिङका चित्रहरु,<br>• टिबो छुर र आसपास खेल्न चाहिने आवश्यक सामग्री, खेल्दै गरेको चित्र वा फोटोहरु,<br>• नमस्कार,ढोग,आदर, सत्कार, अशक्तलाई सहयोग गर्दै गरेको चित्रहरु, अतिथिलाई स्वागत र सत्कार गर्दै गरेको चित्रहरु | • स्थानीय कुनै चार यातायातका साधनको नाम भन्न जाने नजानेको मूल्याङ्कन,<br>• खेलखेल्दा नियम अनुसार खेले नखेलेको अवलोकन गर्ने,<br>• शिष्ट भाषा प्रयोग गरे नगरेको मूल्यांकन गर्ने\| | २० घण्टा |

**कक्षाः ४**

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| १- हाम्रो नगरपालिका | • गौरीगङ्गा नगरपालिकाको क्षेत्रफल बताउन<br>• वडा तथा नगरपालिकामा मानव बसोबास भएको समय बताउन<br>• घट्ना दर्ता (पञ्जिकरण) को परिचय दिन र स्थानीय तहमा दर्ता हुने घटनाहरु बताउन | • गौरीगङ्गा नगरपालिका<br>• वडा तथा नगरपालिकामा मानव वस्ती<br>• घट्ना दर्ता (पञ्जिकरण)<br>• | • आफ्नो वडा र नगरपालिकाको क्षेत्रफल<br>• आफ्नो टोल समुदाय, वडा, बजार तथा नगरपालिकामा विभिन्न जातजातिको बसोबासको सुरुवात<br>• वडामा दर्ता हुने घटनाहरु, घट्ना दर्ता /पञ्जिकरणको परिचय, (जन्म, मृत्यु, विवाह, बँसाइसराइ, सम्बन्ध विच्छेद ) दर्ता गर्ने व्यक्ति | • विद्यार्थीलाई क्षेत्रफलको बारेमा जानकारी,<br>• आफ्नो वडा कार्यालय भ्रमण गर्न लगाइ वडा तथा नगरपालिकाको क्षेत्रफल पत्ता लगाउन सोधखोज गर्न लगाउने,<br>• आफ्नो टोल, समुदायमा कहिले देखि मान्छेको बसोबास भएको थियो ?मान्छेको बसोबास नहुदाँ सो ठाउँमा कस्तो अवस्था थियो ? आफ्नो घर तथा टोल छिमेकका मानिसहरुसँग भेटेर तथ्याङ्कहरु सङ्कलन गर्न लगाउने,<br>• प्रारम्भिक मानव वस्ती सम्बन्धमा जानकारी भएको विज्ञ व्यक्ति भेटने वा कक्षामा आमन्त्रण गरी प्रारम्भिक रुपमा नगरपालिकाभित्र बसोबास सुरुवात सम्बन्धी छलफल गराउने,<br>• घट्ना दर्ताको परिचय दिने, चित्र तथा तस्विरहरु प्रदर्शन गरेर घट्ना दर्ताको अवधारणा बुझाउने<br>• कक्षामा समूह वा जोडीमा छलफल गराउने। | • घट्ना दर्ता सम्बन्धी चित्र तथा तस्विरहरु<br>• वडा तथा नगरपालिकाको क्षेत्रफल भएको चार्ट<br>• प्रारम्भिक मानवबस्ति जनाउने तस्विरहरु<br>• श्रव्य-दृष्य सामग्रीहरु | • आफ्नो वडा तथा नगरपालिकाको क्षेत्रफल भन्न सकेको नसकेको जाच्ने<br>• प्रयोजना कार्य मार्फत घट्ना दर्ताका नाम र दर्ता गर्ने समय जाने नजानेको जाच्ने<br>• समूह कार्य तथा छलफल तथा प्रस्तुतीकरण- अवलोकन गरी मूल्याङ्कन गर्ने | घण्टा ५ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| २- हाम्रो प्राकृतिक स्रोत र सम्पदा | • प्राकृतिक स्रोतहरुको संरक्षण गर्ने तरिका, महत्त्व तथा उपयोगिता बताउन<br>• स्थानीय स्तरमा पाइने जडिबुटीहरुको काम तथा प्रयोग बताउन<br>• स्थानीय स्तरमा रहेका नदीहरु र तालको सामान्य परिचय दिन। | • प्राकृतिक स्रोतहरु<br>• स्थानीय जडिबुटी<br>• जल सम्पदा | • प्राकृतिक स्रोतको प्रयोग तथा संरक्षण<br>• प्राकृतिक स्रोतहरुको उपयोगिता<br>• स्थानीय जडिबुटीको प्रयोग तथा उपयोगिता<br>• स्थानीय स्तरमा रहेका नदी तालका नाम ( गौरीगङ्गा नदी, शिवगङ्गा नदी, त्रिवेणी ताल) | • विद्यार्थीहरुलाई प्रकृतिक स्रोतबाट पाइने वस्तुहरुको नाम भन्न लगाई ती वस्तुहरुको उपयोगिता बताउदै, ती वस्तुहरु के के काममा प्रयोग गर्न सकिन्छ ? भन्न लगाई प्रयोग गर्ने तरिका बताइदिने,<br>• प्राकृतिक स्रोतको बढी प्रयोगले पर्ने असर बताउदै त्यस्ता वस्तु संरक्षण गर्न के कस्ता उपाय अपनाउन सकिन्छ ? भनी विद्यार्थीहरुलाई भन्न लगाई शिक्षकले संरक्षण गर्ने सकिने तरिका बताइदिने,<br>• स्थानीय स्तरमा रहेका जडिबुटीका नाम भन्न लगाई ती जडिबुटीहरु कुन-कुन काममा प्रयोग गर्न सकिन्छ भनी कक्षामा छलफल गरी जडिबुटीको काम र प्रयोग गर्ने तरिका बताइदिने,<br>• स्थानीय स्तरमा रहेका जल सम्पदाहरुको नाम भन्दै जल सम्पदाको सामान्य परिचय दिने, जल सम्पदाका नाम भन्न लगाउने,<br>• स्थानीय स्तरमा रहेका तालहरुको सामान्य परिचय दिने, ती तालहरु गौरीगङ्गाको कुन वडामा पर्छन भन्ने जानकारी दिने। | • चित्र, पोष्टर, स्लाइड आदि | • निम्न प्रश्न सोधी मूल्याङ्कन गर्ने<br>• प्राकृतिक स्रोतबाट पाइने कुनै दुई/तीन ओटा वस्तुको प्रयोग लेख्नुहोस।<br>• प्राकृतिक स्रोतको संरक्षण गर्ने कुनै तीन ओटा तरिका लेख्नुहोस ।<br>• घिउँकुमारी, तुलसी कुन काममा प्रयोग गरिन्छ ? भन्नहोस। | घण्टा ५ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ३- हाम्रो धर्म संस्कृति | • आफू र आफ्नो गाउँ समुदायमा रहेका चालचलनहरुका नाम बताउन र लेख्न<br>• आफू र आफ्नो गाउँ समुदायमा रहेका संस्कारहरुको नाम बताउन र लेख्न<br>• आफू र आफ्नो गाउँ समुदायमा रहेका चाडपर्वहरुका नाम अनि मनाउने तरिका बताउन | • हाम्रा प्रथाहरु<br>• हाम्रा संस्कारहरु<br>• हाम्रा चाडपर्वहरु | • हाम्रा प्रथाहरु (भलमन्सा, गुरुवा, चौकिदार, बडघर, खाडा उठाउने)<br>• हाम्रा संस्कारहरु (जन्म, नामकरण, मुण्डन, ब्रतबन्ध, मृत्यु / श्राद्ध)<br>• हाम्रा चाडपर्वहरुका नाम (पुत्ल, अष्टमकी) र मनाउने तरिका | • शिक्षकले आफूले मान्ने धर्मका सस्कार र प्रथाहरुको बारेमा बताउने र त्यसपछि विद्यार्थीहरुलाई उनीहरुको धर्म अनि प्रथाको बारेमा सूची बनाउन लगाउने र प्रदर्शन गर्दै परिचय गरी विद्यार्थीहरुलाई परिचय दिन लगाउने, (खाडो उठाउने, बडघर,गुरुवा, चौकिदार, भलमान्सा)<br>• सबै विद्यार्थीहरुलाई आ-आफ्नो परिवार र छिमेकमा रहेका संस्कारको बारेमा प्रश्न सोध्ने र सूची तयार गर्ने उक्त सूचीबाट सबै विद्यार्थीहरुको फरक फरक सस्कार छुट्याउन लगाउने (जन्म, नामाकरण, मुण्डन, छैठी, ब्रतबन्ध, विवाह, मृत्यु, श्राद्ध),<br>• सबै विद्यार्थीहरुलाई आ-आफ्नो धर्म अनुसार मनाउने पर्वको बारेमा छलफल र प्रश्नोत्तर गरी नामहरुको सूची तयार गर्न लगाउने (पुत्ला, अष्टमी, होली, माघी)। | • विभिन्न जातजातिको धर्म अनुसारका प्रथाहरुको चित्र सहित सूची<br>• स्थानीय स्तरमा मान्ने सस्कार अनुसार चाडपर्वहरु झल्किने चित्रहरु, सूची तथा भिडियो | • तपाईका समुदायमा भएका प्रथाहरु सूची तयार गर्नुहोस।<br>• तपाईको गाउँघर तथा छिमेकमा कुन-कुन चाडपर्व मान्ने गर्छन ?<br>• तपाईको गाउमा रहेको कुनै एउटा राम्रो संस्कारको बारेमा बनाउनुहोस ? | घण्टा ३८ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ४. हाम्रो इतिहास र पर्यटकीय स्थलहरु | • गौरीगङ्गा नगरपालिकाका ऐतिहासिक पर्यटकीय स्थलहरुका नाम भन्न<br>• ऐतिहासिक पर्यटकीय स्थलहरुको महत्त्व बताउन। | • ऐतिहासिक तथा पर्यटकीय स्थलहरु | • गौरीगङ्गा नगरपालिका भित्रका मुख्य ऐतिहासिक पर्यटकीय स्थलहरु (ग्वालादेवी मन्दिर, जोगनीया ताल, मोहन्याल मन्दिर, वासुदेवा मन्दिर, छुट्की टिकापुर पार्क, सुनपालको छहरो) को सामान्य जानकारी<br>• ऐतिहासिक पर्यटकीय स्थलहरुको महत्त्व | • आफ्नो स्थानीय ठाउँमा रहेका ऐतिहासिक तथा पर्यटकीय स्थलहरुको बारेमा विद्यार्थीहरुलाई बताउन लगाउने र थप कुरा शिक्षकले सहजीकरण गर्ने<br>• गौरीगङ्गा नगरपालिका भित्रका मुख्य ऐतिहासिक पर्यटकीय स्थलहरु (ग्वालादेवी मन्दिर, जोगनीया ताल, रारा ताल, मोहन्याल मन्दिर, वासुदेवा मन्दिर, छुट्की टिकापुर पार्क, सुनपालको छहरो) आदिको बारेमा सामान्य जानकारी गरी आवश्यकता अनुसार स्थलगत भ्रमण गरी आवश्यक कुराहरु टिपोट गर्न लगाउने<br>• ऐतिहासिक पर्यटकीय स्थलहरुको महत्त्वका बारेमा छलफल गरी आवश्यक कुराहरु टिपोट गरी सूची तयार गर्ने। | • ग्वालादेवी मन्दिर, जोगनिया ताल, रारा ताल, मोहन्याल मन्दिर, वासुदेवा मन्दिर, छुट्की टिकापुर पार्क, सुनपालको छहरो चित्र<br>• गौरीगङ्गा नगरपालिका भित्रका मुख्य ऐतिहासिक पर्यटकीय] स्थलहरुको सूची<br>• ऐतिहासिक पर्यटकीय स्थलहरुको महत्त्व लेखेको चार्ट | • गौरीगङ्गा नगरपालिका भित्रका मुख्य ऐतिहासिक पर्यटकीय स्थलहरुको नाम भन्न लगाउने,<br>• गौरीगङ्गा नगरपालिका भित्रका मुख्य ऐतिहासिक पर्यटकीय स्थलहरुको नाम लेख्न लगाउने,<br>• ऐतिहासिक पर्यटकीय स्थलहरुको महत्त्व भन र लेख्न लगाई जाने नजानेको जाच्ने | घण्टा ३८ |

| क्षेत्र | सिकाइ उपलब्धी | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ५. पेसा उद्यमशीलता र प्रविधि | • परम्परागत पेसाको परिचय बताउन,<br>• प्रविधि प्रयोग भएका पेसाको नाम बताउन,<br>• पत्रु खानाको परिचय र असर बताउन। | • परम्परागत पेसा र प्रविधि<br>• पत्रु खाना र असर | • परम्परागत पेसाको परिचय र महत्त्व<br>• परम्परागत प्रविधिको (ढिकी, जातो, हलो, घट्ट, ओखल र मुसल) को परिचय<br>• पत्रु खानाको परिचय र असर | • परम्परागत पेसा प्रयोग गरिएका चित्र प्रस्तुत गरेर पेसाको परिचय बताउन लगाउनुका साथै पेसाको लिस्ट तयार गर्न लगाउने,<br>• प्रविधि प्रयोग भएका पेसाको चित्रमा छलफल गराएर सम्भव भएसम्म प्रविधि प्रयोग भएका पेसाको अवलोकन गर्न लगाइ पेसा टिपोट गर्न लगाउने,<br>• पत्रु खानाको चित्रमा छलफल गर्न लगाएर परिचय बताउन लगाउने,<br>• विद्यार्थीहरुलाई पत्रु खानाका असरहरु भन्न लगाइ टिपोट गर्न लगाउने। | • परम्परागत पेसाको चित्र र पेसाको विवरण सहितको लिस्ट<br>• प्रविधि प्रयोग भएका पेसाको चित्र<br>• पत्रु खानाको चित्र तथा असरहरु उल्लेख गरिएको टिपोट | • परम्परागत पेसाको लिस्ट तयार गर्न लगाउने<br>• प्रविधि प्रयोग भएका पेसाको नाम लेख्न लगाउने।<br>• पत्रु खानाको असरहरु लेख्न लगाई मूल्याङ्कन गर्ने। | ३० घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धी | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ६-हाम्रो भाषा साहित्य | • आफ्नो मातृभाषिक शब्दहरु भन्न र लेख्न (शब्दभण्डार क्षमता अभिवृद्धि गर्न ),<br>• आफ्नो समुदायमा प्रचलित लोकगीतको विशेषता बताउन। | • आफ्नो वरपर वा छरछिमेकमा बोलिने भाषा(डोटेली, बाजुरेली, अछामी, बझाङी, बैतडी, थारू, राजी, मगर, नेपाली आदि) का शब्दहरू।<br>• आफ्नो समुदायमा प्रचलित लोकगीतको विशेषता। | • आफ्नो मातृभाषा(डोटेली, बाजुरेली, अछामी, बझाङी, बैतडी थारू, राजी, मगर, नेपाली आदि) का शब्दहरू<br>• आफ्नो समुदायमा प्रचलित लोकगीतको विशेषता।<br>• | • बालबालिकाहरूलाई आफ्नो घरपरिवारमा प्रयोग हुने गरगहनाको नाम मातृभाषामा भन्न र लेख्न लगाउने,<br>• बालबालिकाहरूलाई आफ्नो घरपरिवारमा प्रयोग हुने मौलिक पोसाकहरूको नाम भन्न र लेख्न लगाउने,<br>• बालबालिकाहरूलाई आफ्नो घरपरिवारमा खाइने मौलिक खानाहरूको मातृभाषामा नाम भन्न र लेख्न लगाउने,<br>• बालबालिकाहरूलाई आफ्नो समुदायमा प्रचलित कुनै लोकगीतको विशेषता भन्न र लेख्न लगाउने। | • स्थानीय स्तरका गरगहना, पोसाक र खाना बुझाउने शब्द सूची,<br>• समुदायमा प्रचलित<br>• लोकगीतको विशेषता सूची। | • आफ्नो मातृभाषामा गरगहना, पोसाक र खाना बुझाउने शब्द भन र लेख्न लगाई मूल्याङ्कन गर्ने,<br>• आफ्नो समुदायमा प्रचलित कुनै लोकगीतको विशेषता भन्न लगाई मूल्याङ्कन गर्ने। | २० घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ७- नैतिक शिक्षा र स्थानीय खेल | • ट्राफिक तथा पार्किङका नियम भन्न<br>• स्थानीय खेलहरुका फाइदा र बेफाइदा बताउन<br>• प्राणायाम गर्न (भस्त्रिका, कपालभाँती, अनुलोम विलोम, भ्रामरी, ध्यान)<br>• विद्यार्थीले गर्नु पर्ने नियम पालना गर्ने | • ट्राफिक नियमको पालना र हाम्रो सुरक्षा<br>• हाम्रा स्थानीय खेलहरु<br>• ध्यान/प्राणायाम<br>• विद्यार्थी अनुशासन | • ट्राफिक नियमहरु (सवारी साधन पार्किङ र ट्राफिक संकेत तथा चिह्नहरु पेटी, लेन र सडकको प्रयोग जथाभावी नउछिन्नु, हेल्मेट र सिटबेल्टको प्रयोग निश्चित गति हर्नको प्रयोग)<br>• जेब्रा क्रसिङ, आकाशे पुलको प्रयोग र पालो पर्खिनु<br>• स्थानीय खेलहरु (राजा कब्बड्डी, डण्डीबियो र भाले जुधाई) खेलका फाइदा र बेफाइदा )<br>• प्राणायाम (भस्त्रिका, कपालभाँती, अनुलोम विलोम, भ्रामरी, ध्यान)<br>• विद्यार्थीले गर्नुपर्ने असल नियम/अभ्यास | • ट्राफिक नियमहरुको सूची पत्रपत्रिका, बुलेटिनको सहयोग लिने ट्राफिक प्रहरीसँग भेट्ने सुरक्षा सम्बन्धी छलफल गर्ने<br>• राजा कब्बड्डी, डण्डीबियो र भाले जुदाई खेल खेलाइ फाइदा बेफाइदा सम्बन्धी छलफल गराउने<br>• प्राणायामको अभ्यास गर्ने र गर्न लगाउने | • ट्राफिक नियम तथा संकेतसँग सम्बन्धित सामग्री,<br>• भालेजुधाई राजा कब्बड्डी, डण्डी बियोका नियम र फाइदा र बेफाइदाको बुँदागत टिपोट,<br>• ध्यान र प्राणायामका चित्र, भिडियो, पुस्तक, पत्रपत्रिका ,<br>• श्रव्यदृश्य सामग्री। | • कुनै चार ओटा ट्राफिक नियमहरु लेख्न लगाउने,<br>• राजा कब्बड्डी खेलका फाइदाहरु भन्नुहोस।<br>• कुनै चार प्राणायामका नाम लेख्नुहोस्।<br>• अन्शासन पालना गरे नगरेको अवलोकन गरी अभिलेख राख्ने | घण्टा २८ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| १- हाम्रो नगरपालिका | • नगरपालिकाको भौगोलिक अवस्थिति बताउन<br>• नगरपालिकाको जनसङ्ख्या बताउन<br>• स्थानीय प्रमुख शैक्षिक संस्थाका नाम भन्न र सङ्क्षिप्त जानकारी दिन<br>• घट्ना दर्ताका प्रकार तथा तरिका बताउन | • नगरपालिकाको भौगोलिक अवस्थिति<br>• नगरपालिकाको जनसङ्ख्या<br>• स्थानीय शैक्षिक संस्थाहरु<br>• घट्ना दर्ता (पञ्जिकरण) | • आफ्नो नगरपालिकाको पूर्व, पश्चिम, उत्तर दक्षिण सिमाना, समुन्द्रि सतह देखिको उचाइ, अक्षांश र देशान्तर,<br>• नगरपालिकाभित्रका विद्यालय तथा क्याम्पसका नाम र सङ्क्षिप्त जानकारी,<br>• वडामा दर्ता हुने घट्ना दर्ताका प्रकारहरु, दर्ता प्रक्रिया र जिम्मेवारी | • समूहमा छलफल गराइ नगरपालिकाको पूर्व, पश्चिम, उत्तर र दक्षिणमा रहेका स्थानीय निकायहरु कक्षामा प्रस्तुत गर्न लगाउने,<br>• नगरपालिका सम्बन्धी वृत्तचित्र कक्षामा देखाउने र सिमाना, समुन्द्री सतह देखिको उचाइ, अक्षांश र देशान्तर पत्ता लगाउने, इन्टरनेटमा खोजी गरी तथ्य पत्ता लगाउन प्रस्तुत गर्न लगाउने,<br>• नगरपालिकाको शैक्षिक पात्रो वा शैक्षिक विवरण समेटिएको दस्तावेज अध्ययन गर्न लगाउने र संस्थागत तथा सामुदायिक विद्यालयको सङ्ख्या, क्याम्पसको सङ्ख्या पत्ता लगाई कक्षामा प्रस्तुत गर्न लगाउने,<br>• वडा कार्यालय भ्रमणमा गराउने वा वडा सचिवलाई कक्षामा आमन्त्रण गरी घट्ना दर्ता सम्बन्धी अन्तरक्रिया गरी नोट बनाउन लगाउने। | • नगरपालिकाको डकुमेन्ट्री, प्रोजेक्टर, ल्याप्टप आदि,<br>• नगरपालिकाको शैक्षिक पात्रो,<br>• शैक्षिक विवरण भएका दस्तावेजहरु | • नगरपालिकाको सिमाना, समुन्द्रि सतह देखिको उचाइ अक्षांश र देशान्तर भन्न सके नसकेको प्रस्नोत्तरबाट जाँच्ने<br>• कक्षा कार्य, समूह कार्य क्षेत्र भ्रमण, आमन्त्रित वा भेटघाट गरेको व्यक्तिसँगको कुराकानी र छलफलमा सक्रियता, जानकारी प्राप्तिमा चासों, परियोजना कार्य सम्पन्न र प्रस्तुति मार्फत जाने नजानेको जाँच गर्ने | २६ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| २- हाम्रो प्राकृतिक स्रोत र सम्पदा | • स्थानीय सिमसार क्षेत्रको परिचय तथा महत्त्व बताउन।<br>• स्थानीय स्तरमा रहेको पर्यटकीय क्षेत्रको परिचय र महत्त्व बताउन<br>• स्थानीय स्तरमा प्राप्त हुने जडिबुटी र प्रयोग गर्ने तरिका तथा जडिबुटीको महत्त्व र उपयोगिता बताउन। | • हाम्रा सम्पदा<br>• स्थानीय स्तरमा रहेका छाँगा, छहराहरु<br>• स्थानीय स्तरमा रहेका महत्त्वपूर्ण पर्यटकीय क्षेत्र<br>• स्थानीय जडिबुटी | • प्राकृतिक सम्पदा (सिमसार क्षेत्र, (वेतानी क्षेत्र- वनवेहडा)<br>• स्थानीय स्तरमा रहेका महत्त्वपूर्ण पर्यटकीय क्षेत्र (सुनपाल, जुरपानी आदि)<br>• जडिबुटीको महत्त्व तथा उपयोगिता | • विद्यार्थीहरुलाई सिमसार क्षेत्र कस्तो ठाउँलाई भनिन्छ ? भन्ने प्रश्न गर्दै उनीहरुको राय लिई तत् पश्चात वेतानी सिमसार क्षेत्रको परिचय दिने, स्लाइड, तस्विरहरु भए सम्म स्थलगत अवलोकन भ्रमण गराई स्थानीय स्तरमा रहेका सिमसार तथा वेतानी क्षेत्रको धारणा प्रष्ट पारिदिने,<br>• स्थानीय स्तरमा रहेका पर्यटकीय क्षेत्रहरुका बारेमा उनीहरुको धारणा बुझी पर्यटकीय क्षेत्रहरुको धारणा प्रष्ट पार्दै छाँगा छहराहरुको बारेमा धारणा प्रष्ट पारिदिने,<br>• स्थानीय स्तरमा रहेको सुनपालको छहराको परिचय तथा महत्त्व बताइदिने,<br>• स्थानीय स्तरमा प्राप्त हुने जडिबुटीहरुका नाम भन्न लगाउने र आफूले पाटीमा टिप्दै जाने, ती जडिबुटीहरु कुन-कुन काममा प्रयोग गरिन्छ ? भन्न लगाई तिनीहरुको प्रयोग गर्ने तरिकाका साथै जडिबुटीको महत्त्व तथा उपयोगिता बताइदिने,<br>• स्थानीय स्तरमा रहेका महत्त्वपूर्ण क्षेत्रहरुको नाम भन्न लगाई पर्यटकीय क्षेत्रको धारणा प्रष्ट पार्ने,<br>• जुरपानी र सुनपालको परिचय र महत्त्व बताइदिने | • चित्र, पोष्टर, स्लाइड, वास्तविक वस्तु आदि | • सिमसार क्षेत्रको नाम र महत्त्व भन्न लगाउने,<br>• स्थानीय पर्यटकीय क्षेत्रको नाम र परिचय दिन लगाउने,<br>• सुनपालको छहराको परिचय दिन लगाउने,<br>• स्थानीय जडिबुटीको महत्त्व र उपयोगिता लेख्न लगाई सिकाइको मूल्याङ्कन गर्ने। | २८ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ३- हाम्रो धर्म संस्कृति | • आफू र आफ्नो गाउँ समुदायमा रहेका चालचलनहरुका नाम बताउन र लेख्न<br>• आफू र आफ्नो गाउँ समुदायमा रहेका संस्कारहरुको नाम बताउन र लेख्न<br>• आफू र आफ्नो गाउँ समुदायमा रहेका चाडपर्वहरुका नाम अनि मनाउने तरिका बताउन र लेख्न<br>• मोहन्याल बाबा मन्दिरको परिचय दिन<br>• लिक्मा मेलाको परिचय तथा विशेषता बताउन | • हाम्रो सस्कृति<br>• मन्दिर<br>• मेला | • हाम्रा संस्कृति र चालचलन (निकासी पूजा, लवाङ्गी पूजा, कूल पूजा)<br>• मोहन्याल बाबा मन्दिर<br>• लिक्मा मेला | • शिक्षकले आफूले मान्ने धर्मका संस्कार र प्रथाहरुको बारेमा बताउने र त्यसपछि आफ्ना विद्यार्थीहरुलाई उनीहरुको धर्म अनि प्रथाको बारेमा सूची बनाउन लगाउने र प्रदर्शन गर्दै परिचय गरी विद्यर्थीहरुलाई परिचय दिन लगाउने (निकासी पूजा, लवाङ्गी पूजा, कूल पूजा आदि),<br>• सबै विद्यार्थीहरुलाई आ-आफ्नो परिवार र छिमेकमा गरिने संस्कारको बारेमा प्रश्न सोध्ने र सूची तयार गर्ने उक्त सूचीबाट सबै विद्यार्थीहरुको फरक फरक संस्कार छुट्याउन लगाउने (जन्म, नामकरण, मुण्डन, छैठी, ब्रतबन्ध, विवाह, मृत्यु, श्राद्ध),<br>• सबै विद्यार्थीहरुलाई आ-आफ्नो धर्म अनुसार मनाउने पर्वका बारेमा छलफल र प्रश्नोत्तर गरी नामहरुको सूची तयार गर्न लगाउने (पुत्ला, अष्टमी, होली, माघी),<br>• मोहन्याल बाबाको मन्दिरको परिचय के कति थाहा छ सबै विद्यार्थीहरुलाई सोध्ने छलफल गर्ने र शिक्षकले सहजीकरण गर्ने,<br>• मोहन्याल बाबा मन्दिरको चित्र देखाएर मन्दिरका विशेषता र मुल्य मान्यताको बारेमा जानकारी गराउने,<br>• लिक्मा मेलाको परिचय के कति थाहा छ सबै विद्यार्थीहरुलाई सोध्ने छलफल गर्ने र शिक्षकले सहजीकरण गर्ने,<br>• लिक्मा मेला लाग्ने तिथि मितिको बारेमा जानकारी दिने,<br>• लिक्मा मेला लाग्ने स्थानमा रहेका मन्दिरको चित्र देखाएर मन्दिरका विशेषता र मूल्यमान्यताको बारेमा जानकारी गराउने। | • विभिन्न जातजातिका धर्म अनुसारका सँस्कृति झल्किने चित्र सहित सूची,<br>• स्थानीय स्तरमा मान्ने संस्कार अनुसार चाँडपर्वहरु झल्किने चित्रहरु, सूची तथा भिडियो,<br>• मोहन्याल बाबाको मन्दिरको चित्र र , विशेषताका सूची,<br>• लिम्मा मन्दिरको चित्र , विशेषताका सूची। | • निम्नानुसारका प्रश्नोत्तर गरी मूल्याङ्कन गर्ने,<br>• तपाईका समुदायमा भएका संस्कारहरुको सूची तयार गर्नुहोस् ।<br>• तपाईको गाउँघर तथा छिमेकमा विभिन्न संस्कार अनुसार कुन कुन चाडपर्व मान्ने गर्छन् ,<br>• तपाईको गाउँमा रहेको कुनै एउटा राम्रो संस्कारको बारेमा बनाउनुहोस।<br>• लिक्मा मेलाको बारेमा लेख्नुहोस् ।<br>• मोहन्याल मन्दिरका विशेषताहरु लेख्नुहोस् । | १३ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ४. हाम्रो इतिहास र पर्यटकीय स्थलहरु | • आफ्नो विद्यालयको छोटो परिचय दिन<br>• आफ्नो स्थानीय बजारको बारेमा जानकारी दिन<br>• जुधीया र लौठीया तालको छोटो परिचय दिन | • हाम्रो विद्यालय<br>• हाम्रा स्थानीय वजार<br>• हाम्रा तालहरु | • आफ्नो विद्यालयको (नाम किन कसले र कहिले स्थापना गरेको/भएको )<br>• आफ्नो स्थानीय बजार (नाम किन रह्यो, कहिले, कसरी) को जानकारी<br>• जुधीया र लौठीया ताल (अवस्थिति, क्षेत्रफल, मुख्य विशेषताहरु) | • आफ्नो विद्यालयको इतिहास ( नाम किन, कसले, कहिले, स्थापना भएको/गरेको हो? स्थानीय जानकार व्यक्तिबाट आवश्यक प्राप्त जानकारी प्रस्तुत गरी छलफल र प्रश्नोत्तर गराउने,<br>• आफ्नो स्थानीय बजारको इतिहास (नाम किन रह्यो, कहिले, कसरी, रहन गयो ?) कहिले देखि बजार विकास भएको हो ? स्थानीय जानकार व्यक्तिबाट जानकनारी लिने वा उक्त व्यक्तिलाई नै कक्षामा निम्त्याइ छलफल गरी स्पष्ट पार्ने,<br>• जुधीया र लौठीया ताल (अवस्थिति, क्षेत्रफल, मुख्य विशेषता प्रचार प्रसारको स्थिति) बारे आपसमा छलफल गराइ स्पष्ट पार्ने। | • आफ्नो विद्यालयको नक्सा/फोटो<br>• स्थानीय बजारको नक्सा/भिडियो<br>• जुधीया/लौठीया तालको डकुमेन्ट्री/ भिडियो | • आफ्नो विद्यालयको परिचय भन्न र लेख्न लगाउने<br>• स्थानीय बजारको बारेमा प्रश्नोत्तर गर्ने<br>• जुधीया र लौठीया ताल परिचय सहित विशेषता लेख्न लगाई सिकाइको मूल्याङ्कन गर्ने | १३ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धी | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ५. पेसा उद्यमशीलता र प्रविधि | • परम्परागत प्रविधिको महत्त्व बताउन,<br>• पत्रु खानाका बेफाइदा बताउन र लेख्न,<br>• पत्रु खानाबाट बच्ने उपाय टिपोट गर्न | • परम्परागत प्रविधिको महत्त्व<br>• पत्रु खानाका बेफाइदा र बच्ने उपायहरु | • परम्परागत प्रविधिको परिचय (मदानी, पटेला, कोल, किलपाइ) को महत्त्व<br>• पत्रु खानाबाट हुने बेफाइदाहरु<br>• पत्रु खानाबाट बच्ने उपायहरु | • परम्परागत प्रविधि (मदानी, पटेला, कोल, किलपाइ) को प्रयोग भएका वस्तुको चित्रमा छलफल तथा अवलोकन गर्न लगाउने र महत्त्व टिपोट गर्न लगाई प्रस्तुत गर्न लगाउने, छलफल र प्रश्नोत्तर गराउने,<br>• पत्रु खानाबाट हुने बेफाइदाहरुमा छलफल गर्दै टिपोट तयार गर्न लगाउने,<br>• पत्रु खानाबाट बच्ने उपायहरु बताउन लगाएर लेख्न लगाउने। | • परम्परागत प्रविधि (मदानी, पटेला, कोल, किलपाइ) प्रयोग भएका चित्र र महत्त्वका बुँदाहरु,<br>• पत्रु खानाबाट हुने बेफाइदा र बच्ने उपाहरुको टिपोट। | • परम्परागत प्रविधिको चार्टद्वारा चिन्न लगाउने,<br>• पत्रु खानाबाट हुने बेफाइदा र बच्ने उपायहरु बारे परियोजना कार्य गरी कक्षामा प्रस्तुत गर्न लगाई अवलोकन गरी मूल्याङ्कन गर्ने,<br>• प्रश्नोत्तर गर्ने। | ३० घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ६-हाम्रो भाषा साहित्य | • आफ्नो मातृभाषामा विभिन्न वाक्य रचना गर्न,<br>• आफ्नो समुदायमा बोलिने भाषामा प्रयुक्त नाम शब्द पहिचान गर्न। | • आफ्नो मातृभाषा(डोटेली, बाजुरेली, अछामी, बझाङी, बैतडेली, थारू, राजी, मगर, नेपाली आदि) मा वाक्य रचना,<br>• आफ्नो समुदायमा बोलिने भाषामा प्रयुक्त नाम शब्द। | • आफ्नो मातृभाषा(डोटेली, बाजुरेली, अछामी, बझाङी, बैतडेली, थारू, राजी, मगर, नेपाली आदि) मा विभिन्न सरल वाक्य रचना,<br>• आफ्नो समुदायमा बोलिने भाषामा प्रयुक्त नाम शब्द। | • बालबालिकाहरूलाई आफ्नो घरपरिवारमा प्रयोग हुने मातृभाषामा विभिन्न सरल वाक्य रचना गरी भन्न र लेख्न लगाउने,<br>• विभिन्न वस्तु, चित्र, तस्विर देखाई आफ्नो समुदायमा बोलिने भाषामा प्रयुक्त नाम शब्द भन्न र लेख्न लगाउने। | • सरल वाक्य नमुना<br>• विभिन्न वस्तु, चित्र र तस्विर । | • विभिन्न वस्तु, चित्र र तस्विर हेरी सरल वाक्य रचना गर्न लगाउने,<br>• आफ्नो वरपर पाइने वस्तु, व्यक्ति, स्थान, समूह र भाव बुझाउने नाम शब्द भन्न र लेख्न लगाई जाच्ने। | २० घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ७- नैतिक शिक्षा र स्थानीय खेल | • सामान्य ट्राफिक नियम भन्न र बाटो काट्न,<br>• स्थानीय खेलका फाइदा भन्न तथा खेलमा अनुशासनको प्रयोग गर्न,<br>• आफ्नो दैनिकी बताउन। | • ट्राफिक नियमको पालना र हाम्रो सुरक्षा,<br>• स्थानीय खेलका फाइदाहरु,<br>• आत्म अनुशासन र आफ्नो दैनिकी। | • ट्राफिक नियमहरु (सवारी साधन, पार्किङ चिन्हहरु, पेटी, लेन र सडकको प्रयोग, नउछिन्नु, हेल्मेट र सिटबेल्ट सवारी साधन गति, हर्न, जेब्राक्रसिंङ, आकाशे पुलको प्रयोग र पालो पर्खिनु),<br>• स्थानीय खेलका फाइदाहरु: (संरक्षण, महत्त्व, प्रचार प्रसार, शारीरिक, मानसिक र बौद्धिक विकास),<br>• आत्म अनुशासन र आफ्नो दैनिकी (तालिका निर्माण गरी नियमित अध्ययन, झूटो नबोल्नु, नढाट्नु, नछल्नु, आफ्नो सामान सही ठाउँमा व्यवस्थापन र अरुलाई सहायता मान्यजनलाई आदर सत्कार)। | • ट्राफिक नियमबारे छलफल गराउने,<br>• पत्रपत्रिका,नेट ,इन्टरनेटको प्रयोग गरी विद्यार्थीलाई ट्राफिक नियम तथा सङ्केत टिपोट गरी प्रस्तुत गर्न लगाउने,<br>• स्थानीय खेलको बारेमा आवश्यक छलफल गरी फाइदा बेफाइदा बताउन लगाउने,<br>• दैनिकी बनाउने तरिका सिकाउने, नमुना बताइ दिने र आफ्नो दैनिकी बनाउन लगाउने,<br>• दैनिकी पालना र महत्त्वको बारेमा सफल मान्छेको उदाहरण दिएर पालना गर्न प्रेरित गर्ने,<br>• अनुशासनको महत्त्व बुझाएर पालना गर्नुको फाइदाको बारे छलफल गराउने। | • ट्राफिक नियम तथा सङ्केतसँग सम्बन्धित सामाग्री,<br>• सडक दुर्घटनाका मनोवैज्ञानिक असर नपर्ने खालका चित्रहरु,<br>• स्थानीय खेलका फाइदाहरुको सूची,<br>• दैनिकीका नमुनाहरु,<br>• श्रव्यदृश्य सामग्री। | • कुनै तीन वटा ट्राफिक नियमहरु लेख्न लगाई मूल्याङ्कन गर्ने,<br>• सवारी साधनबाट सुरक्षित रहन ट्राफिक नियमहरु पालन गरे नगरेको अभिनय गर्न लगाई अवलोकन गर्ने,<br>• स्थानीय खेलका फाइदा लेख्न लगाइ मूल्याङ्कन गर्ने,<br>• विद्यार्थीलाई आफ्नो दैनिकी निर्माण गर्न लगाई पालना गरे नगरेको अभिभावक मार्फत बुझ्ने,<br>• छलफल, सहभागिता आदिको आधारमा मूल्याङ्कन गर्ने। | घण्टा १६ |

**कक्षाः ६**

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| १- हाम्रो नगरपालिका | • नगरपालिका भित्रका प्राकृतिक तथा आर्थिक स्रोतका नाम भन्न,<br>• प्राकृतिक तथा आर्थिक स्रोतको परिचालन, फाइदा तथा महत्त्व बताउन,<br>• नगरपालिकाका जातजातिगत विवरण तथा सङ्ख्या बताउन,<br>• वडा कार्यालयले उपलब्ध गराउने सेवाहरु बताउन। | • नगरपालिकाका स्रोतहरु<br>• नगरपालिकाका जातिगत विवरण<br>• वडा कार्यालयले उपलब्ध गराउने सेवाहरु | • नगरपालिका अन्तर्गतका स्रोतहरुः वनजङ्गल, नदीहरु, ताल तलैया, महत्त्वपूर्ण भौतिक संरचना, धार्मिक तथा पर्यटकीय स्थलहरु, ऐतिहासिक स्थलहरु,<br>• प्राकृतिक तथा आर्थिक स्रोतहरुले अर्थतन्त्रमा पुऱ्याउने योगदान,<br>• स्रोतको परिचालनका फाइदा तथा महत्त्व,<br>• नगरपालिका भित्रका जातजातिहरु र तिनीहरुको जनसङ्ख्या,<br>• वडा कार्यालयका सेवा सुविधाहरुः घट्ना दर्ता, सिफारिस, प्रमाणीकरण, सामाजिक सुरक्षा भत्ता वितरण आदि। | • प्राकृतिक तथा आर्थिक स्रोतहरु सम्बन्धी कक्षामा छलफल गरी कक्षामा प्रस्तुत गराउने,<br>• नदीजन्य पदार्थको रोयल्टी सङ्कलन, ताल तलैया आदिको सदुपयोग नगरपालिकाले कसरी गरेको छ सो सम्बन्धमा नगरपालिका भ्रमण गरी प्रमुख प्रशासकीय अधिकृतसँग छलफल गराउने,<br>• नगरपालिकाको आर्थिक नीति अध्ययन गर्न लगाउने,<br>• नगरपालिकाको जातजातिगत विवरण वा जनसङ्ख्या सम्बन्धी प्रतिवेदन अध्ययन गरी तथ्यहरु कक्षामा प्रस्तुत गर्न लगाउने,<br>• वडाको नागरिक बडापत्र कक्षामा प्रस्तुत गरी वडाबाट प्रवाह हुने सेवा सुविधा, लाग्ने समय र शुल्क, जिम्मेवार पदाधिकारी सम्बन्धी छलफल गरी नोट बनाउन लगाउने। | • नगरपालिकाको जनसङ्ख्या सम्बन्धी प्रतिवेदन,<br>• प्राकृतिक स्रोतहरुको तस्विर, चार्ट आदि,<br>• वडा कार्यालयको नागरिक वडापत्र | • प्रश्नोत्तर गरी सिकाइको मूल्याङ्कन गर्ने,<br>• छलफल तथा प्रस्तुतीकरणमा सक्रियता,<br>• अवलोकन भ्रमण तथा अध्ययन सामग्रीमा दिएको चासोँ सहभागिता नोट प्रस्तुतीकरण आदि। | २६ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| २- हाम्रो प्राकृतिक स्रोत र सम्पदा | • स्थानीय स्तरमा रहेका पुरातात्त्विक स्थलहरु उपयोगिता, फाइदा तथा महत्व बताउन,<br>• प्राकृतिक प्रकोपहरुबाट सुरक्षित रहने उपाए बताउन। | • पुरातात्त्विक स्थलहरु,<br>• प्राकृतिक प्रकोप। | • हाम्रो पाटीपौवा र पुरातात्विक स्थलहरु (बेहडाबाबा मन्दिर),<br>• प्राकृतिक प्रकोपहरु (बाढी, पहिरोको परिचय। | • पाटीपौवा पुरातात्विक स्थलको अवलोकन भ्रमण गरी उपयोगिता, फाइदा तथा महत्त्व बारे छलफल गर्ने,<br>• बेहडाबाबाको परिचय, उत्पत्ति, लोक मान्यता,<br>• प्राकृतिक प्रकोपको परिचय, प्राकृतिक प्रकोपहरुबाट सुरक्षित रहने उपाए र बाढी तथा पहिरो जानुको कारण र रोकथामका उपायहरुको बारेमा छलफल गर्ने। | • पोष्टर, चित्र, स्लाइड, नमुना प्रयोजना कार्यहरु | • निम्न प्रश्नोत्तर गरी मूल्याङ्कन गर्ने<br>• पुरातात्विक स्थल भनेको के हो ?<br>• बेहडाबाबा मन्दिरमा कहिले मेला लाग्छ ?<br>• बाढी तथा पहिरोबाट बच्न के गर्नुपर्ला ? | २५ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ३- हाम्रो धर्म संस्कृति | • बेहडाबाबा मन्दिर रहेको नगर र स्थानको नाम बताउन,<br>• बेहडाबाबा मन्दिरको मूल्यमान्यता र विशेषता बताउन,<br>• सुनपाल क्षेत्रको बारेमा भन्न,<br>• विभिन्न धर्म अनुसारका पहिरनको बारेमा बताउन,<br>• ओल्के पर्व मनाउने तरिका भन्न। | • बेहडाबाबाको मन्दिर,<br>• सुनपाल क्षेत्र<br>• हाम्रो पहिरन,<br>• ओल्के पर्व। | • बेहडाबाबाको नाम र स्थान,<br>• सुनपाल क्षेत्र,<br>• जातजाति अनुसार पहिरनहरुका नाम,<br>• ओल्के पर्व मनाउने तरिका। | • शिक्षकले कुनै एक मन्दिरको बारेमा पृष्ठभूमि झल्किने चित्र प्रदर्शन गर्ने र विद्यार्थीहरुलाई बेहडाबाबाको परिचय दिन लगाउने<br>• बेहडाबाबा मन्दिरको चित्र कोर्न लगाउने,<br>• बेहडाबाबाको मन्दिरका विशेषता, स्थान, मनाउनेहरुको धर्म तथा जातजाति, आदिको बारेमा छलफल तथा जानकारी गराउने,<br>• सुनपाल क्षेत्रको बारेमा जानकारी दिने र पालैपालो भन्न लगाउने,<br>• सुनपाल क्षेत्रको धार्मिक, ऐतिहासिक र पर्यटकीय महत्त्व तथा लोक मान्यताको बारेमा भन्न र लेख्न लगाउने,<br>• हाम्रो समुदाय र नगरपालिकामा विभिन्न जातजाति र धर्म अनुसार पहिरनका बारेमा परिचय दिन लगाउने,<br>• विभिन्न जातजातिका मौसम अनुसारका पहिरनका चित्र सहित कक्षामा प्रदर्शन गर्ने र विद्यार्थीहरुलाई छुट्याएर लेख्न लगाउने,<br>• ओल्के पर्वको बारेमा के कति जानकारी छ भनेर प्रश्न गर्ने र विद्यार्थीहरुले भनेका उत्तरको सूची तयार गर्ने,<br>• ओल्के पर्व मनाउने जाति,धर्म र मनाउने तरिकाको बारेमा छलफल तथा प्रश्नोत्तर गर्ने,<br>• ओल्के पर्व मनाउने महिना, खाने खाना, लगाउने पहिरन, मनाउने तरिका आदिको बारेमा सोध्ने र छलफल गर्ने। | • बेहडाबाबा मन्दिरको चित्र,<br>• सुनपाल क्षेत्र झल्किने सचित्र सहित सुनपाल क्षेत्रका विशेषताहरुको सूची,<br>• विभिन्न जातजातिहरुका पहिरनका चित्रहरु र मौसम अनुसारका पहिरनहरुका नामहरुका सूची,<br>• ओल्के पर्वमा खाने परिकारहरुको सूची तथा मनाउने तरिकाको चित्र र सूची। | • बेहडाबाबा मन्दिरका चित्र बनाएर मन्दिरका विशेषतहरु लेख्न लगाउने,<br>• सुनपाल के का निम्ति प्रख्यात छ ?<br>• थारु जातिका पहिरनहरु झल्किने चिन्न बनाउन लगाउने,<br>• ओल्के पर्व कहिले मनाइन्छ, ओल्के पर्वमा खाइने खानेकुराका नाम आदिको सूची बनाउन लगाउने र जाने नजानेको जाच गर्ने। | १६ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ४. हाम्रो इतिहास र पर्यटकीय स्थलहरु | • राजी, राना थारु, बादी समुदायको इतिहास भन्न,<br>• छुट्की टीकापुर पार्कको संक्षिप्त परिचय दिन,<br>• बडिमालिकाको सामान्य परिचय दिन। | • इतिहास<br>• पर्यटकीय स्थलहरु | • विभिन्न जातजातिको इतिहास (राजी, राना थारु, बादी),<br>• छुट्की टीकापुर पार्क,<br>• बडिमालिकाको परिचय। | • आफ्नो समुदायको इतिहासको बारेमा विद्यार्थीहरुलाई जानकारी भएमा बताउन लगाउने र आवश्यकता अनुसार शिक्षकले (राजी, राना थारु, बादी) समुदायको इतिहास खोज गरी आवश्यक जानकारी गराउने,<br>• छुट्की टीकापुर पार्क (गौरीगङ्गामा रहेको)को नाम क्षेत्रफल विशेषताका बारेमा आपसमा छलफल गर्ने र केही जानकारी भएमा बताइ दिने,<br>• बडिमालिका क्षेत्रको चित्र, भिडियो प्रदर्शन गरी धार्मिक साँस्कृतिक महत्त्वको बारेमा छलफल गर्ने र आवश्यक कुराहरु टिपोट गर्न लगाउने। | • विभिन्न समुदायको इतिहास सम्बन्धी टिपोटहरु,<br>• छुट्की टीकापुर पार्क (गौरीगङ्गामा रहेको) नाम क्षेत्रफल विशेषता सम्बन्धी टिपोटहरु/ भिडियो,<br>• बडिमालिका क्षेत्रको चित्र/ टिपोट/वृतचित्र।<br>• | • राजी, राना थारु, बादी, समुदायको इतिहास सम्बन्धी प्रश्नोत्तर गराउने,<br>• छुट्की टीकापुर पार्क (गौरीगङ्गामा रहेको) नाम क्षेत्रफल विशेषता सम्बन्धी छलफल गरी मूल्याङ्कन गर्ने,<br>• बडिमालिका क्षेत्रको बारेमा आवश्यक छलफल तथा प्रश्नोत्तरको आधारमा मूल्याङ्कन गर्ने। | १६ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ५. पेसा उद्यमशीलता र प्रविधि | • आफ्नो समुदाय अनुसारका खानेकुरा पकाउन आवश्यक सामग्री खाना पकाउने तरिका भन्न र खाना पकाउन,<br>• अचार निर्माण गर्न,<br>• तरकारी खेतीको परिचय र खेती गर्ने तरिका बताउन,<br>• जडिबुटी खेतीको परिचय बताउन र जडिबुटीको नाम उल्लेख गर्न। | • पाक शिक्षा (खानाका परिकार),<br>• अचार निर्माण<br>• तरकारी खेती,<br>• स्थानीय जडिबुटी खेती | • समुदाय अनुसारका खानेकुराको परिचय तथा निर्माण सिप,<br>• अचार निर्माणको सामान र अचार निर्माण सिप विकास,<br>• तरकारी खेतीको परिचय र तरकारी खेती गर्ने तरिका,<br>• जडिबुटी खेतीको परिचय र जडिबुटीको पहिचान/उपयोग। | • विभिन्न खानेकुरा पकाउन थालेको चित्र र आवश्यक सामग्रीको विवरण प्रस्तुत गर्ने अनि/उनीहरूलाई आफ्नो समुदाय अनुसारका सामग्री टिपोट गर्न लगाउने, आवश्यकता अनुसार कुनै खाना पकाउन लगाउने,<br>• अचारको चित्र प्रस्तुत गरेर अचारका लागि आवश्यक सामग्रीको विवरण तयार गर्न लगाएर सोही अनसार अचार बनाउन लगाउने,<br>• विभिन्न तरकारी खेतीको चित्र प्रस्तुत गरेर गाउँघरमा गरिएको तरकारी खेतीका बारेमा विद्यार्थीहरूलाई बताउन लगाउने साथै सम्भव भएमा नजिकैको तरकारी खेतीको अवलोकन गराउने,<br>• विभिन्न जडिबुटीको सचित्र वर्णन गर्दै आफ्नो गाउँघरमा उपलब्ध जडिबुटीको नाम सङ्कलन गर्न लगाउने तथा उपयोगिता टिपोट गर्न लगाउने। | • खानेकुराको चित्र, सामग्रीको विवरण,<br>• अचारको नमुना र आवश्यक सामग्रीको विवरण,<br>• तरकारी खेतीको नमुना चित्र,<br>• जडिबुटी खेतीको चित्र तथा नामवली। | • खानेकुरा पकाउन के के सामग्री चाहिन्छ भनेर प्रश्नोत्तर गर्ने,<br>• अचार पकाउन के के सामान चाहिन्छ लेख्नुहोस् ।<br>• विभिन्न तरकारी खेती गर्ने तरिकाका सम्बन्धमा प्रश्नोत्तर गर्ने,<br>• घरको वरिपरि पाइने जडिबुटीको नाम सोध्ने,<br>• खनानका परिकार पकाउन, अचार निर्माण आदि गर्न लगाएर समूहकार्य सक्रियता र सिप आदिका आधारमा सिकाइको मूल्याङ्कन गर्ने। | ३० घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ६-हाम्रो भाषा साहित्य | • आफ्नो मातृभाषामा विभिन्न वाक्य रचना गर्न,<br>• आफ्नो समुदायमा बोलिने भाषामा प्रयुक्त सर्वनाम शब्द पहिचान गरि भन्न,<br>• लिखत (तमसुक, भरपाई, कार्यालय तथा सङ्घ संस्थामा आवश्यक पर्ने निवेदनहरु, भौचर/चेक) लेख्न। | • आफ्नो मातृभाषा (डोटेली, बाजुरेली, अछामी, बझाङी, बैतडेली, थारू, राजी, मगर, नेपाली आदि) मा संयुक्त र मिश्र वाक्य रचना,<br>• आफ्नो समुदायमा बोलिने भाषामा प्रयुक्त सर्वनाम शब्द,<br>• लिखत (तमसुक, भरपाई, कार्यालय तथा सङ्घ संस्थामा आवश्यक पर्ने निवेदनहरु, भौचर/चेक)। | • आफ्नो मातृभाषा(डोटेली, बाजुरेली, अछामी, बझाडी, बैतडेली, थारू, राजी, मगर, नेपाली आदि) मा विभिन्न संयुक्त र मिश्र वाक्य रचना गरी,<br>• आफ्नो समुदायमा बोलिने भाषामा प्रयुक्त सर्वनाम शब्द,<br>• लिखत (तमसुक, भरपाई, कार्यालय तथा संघ संस्थामा आवश्यक पर्ने निवेदनहरु, भौचर/चेक)। | • बालबालिकाहरूलाई आफ्नो घरपरिवारमा प्रयोग हुने मातृभाषामा विभिन्न संयुक्त र मिश्र वाक्य रचना गरी भन्न र लेख्न लगाउने,<br>• बालबालिकाहरूलाई विभिन्न वस्तु, चित्र, तस्विर देखाई आफ्नो समुदायमा बोलिने भाषामा प्रयुक्त सर्वनाम शब्द भन्न लगाउने,<br>• लिखत (तमसुक, भरपाई, कार्यालय तथा सङ्घ संस्थामा आवश्यक पर्ने निवेदनहरु, भौचर/चेक) नमुना प्रस्तुति र लेखन अभ्यास। | • संयुक्त र मिश्र वाक्य नमुना,<br>• विभिन्न वस्तु, चित्र र तस्विर,<br>• लिखत (तमसुक, भरपाई, कार्यालय तथा सङ्घ संस्थामा आवश्यक पर्ने निवेदनहरु, भौचर/चेक) नमुनाहरु। | • विभन्न वस्तु, चित्र र तस्विर हेरी संयुक्त र मिश्र वाक्य रचना गर\न लगाउने,<br>• आफ्नो वरपर पाइने वस्तु, व्यक्ति, स्थान आदि नामका सट्टामा बुझाउने सर्वनाम शब्द भन र लेख्न लगाईसिकाइको जाँच गर्ने,<br>• लिखत (तमसुक, भरपाई, कार्यालय तथा सङ्घ संस्थामा आवश्यक पर्ने निवेदनहरु, भौचर/चेक) लेखनको आधारमा मूल्याङ्कन गर्ने । | १० घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ७- नैतिक शिक्षा र स्थानीय खेल | • ट्राफिक नियम र महत्व बताउन,<br>• स्थानीय खेलका फाइदा र महत्त्व बताउन,<br>• अनुशासन र आत्मानुशासन पालना गर्न। | • ट्राफिक नियम र सुरक्षा,<br>• स्थानीय खेलका फाइदा र महत्त्व,<br>• आत्मानुशासन। | • ट्राफिक नियमहरु:- (पार्किङ, संकेत, पेटी, लेन र सडकको प्रयोग, उछिन्नु, हेल्मेट र सिटबेल्टको प्रयोग, निश्चित गति, हर्न, जेब्राक्रसिंङ, आकाशे पुलको प्रयोग र पालो पर्खिनु, सडक बत्तीको प्रयोग),<br>• स्थानीय खेलका फाइदाहरु:(संरक्षण, महत्व बढ्नु, प्रचार प्रसार, अपनत्व, शारीरिक, मानसिक र बौद्धिक विकास),<br>• आत्माअनुशासन (दैनिकी बनाएर नियमित अध्ययन, समय पालना, समय तालिकाको प्रयोग, झुटो नबोल्नु, नढाट्नु, नछल्नु, आफ्नो सामानको जतन, प्रयोग र सहयोग, सहिष्णुता र सबै धर्म संस्कृतिको सम्मान)। | • ट्राफिक नियमबारे छलफल गराउने,<br>• ट्राफिक नियमको सूची, पोस्टर तथा चित्र बनाउन लगाउने,<br>• पत्रपत्रिका,नेट, इन्टरनेटको प्रयोग गरी विद्यार्थीलाई ट्राफिक नियम तथा सङ्केत टिपोट गेरर ल्याउन लगाउने,<br>• स्थानीय खेलको फाइदा र महत्त्व बारेमा छलफल गराई टिपोट गर्न लगाउने,<br>• दैनिकी बनाउने तरिका सिकाउने, नमुना बनाउन लगाउने,<br>• आत्मानुशासनको महत्त्वको बारेमा सफल मान्छेको उदाहरण दिएर पालना गर्न प्रेरित गर्ने,<br>• अनुशासनको महत्व बुझाएर पालना गर्नुको फाइदा बारे छलफल गराउने,<br>• प्रश्नोत्तर, सूची , पोस्टर प्रदर्शन जस्ता विविध कार्य गराउने। | • ट्राफिक नियम तथा संङ्केतसँग सम्बन्धित सामग्री,<br>• सडक दुर्घटनाका मनोवैज्ञानिक असर नपर्ने खालका चित्रहरु,<br>• स्थानीय खेलका फाइदाहरुको सूची,<br>• दैनिकी तथा आत्मानुशासनको सूची र नमुनाहरु,<br>• नीतिकथा तथा जीवनी, प्रेरक कथाहरु आदि,<br>• नेट तथा इन्टरनेट श्रव्यदृश्य सामाग्री। | • ट्राफिक नियम लेख्न लगाई अवलोकन गर्ने,<br>• सवारी साधनबाट सुरक्षित रहने उपायहरुको सूची बनाउन लगाउने र मूल्याङ्कन गर्ने,<br>• स्थानीय खेलका फाइदा तथा महत्त्व बारे कक्षा प्रस्तुतीकरण गराउने,<br>• आत्मानुशासनको महत्त्वलाई प्रश्नोत्तरको आधारमा मूल्याङ्कन गर्ने,<br>• सूची निर्माण, पोस्टर प्रदर्शनी आदिको आधारमा मूल्याङ्कन गर्ने। | १५ घण्टी |

**कक्षा: ७**

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| १- हाम्रो नगरपालिका | • गौरीगङ्गा नगरपालिकाको जनसङ्ख्या बताउन,<br>• जनसङ्ख्याको उमेरगत सङ्ख्या, महिला पुरुषको सङ्ख्या, साक्षरता प्रतिशत, निरपेक्ष गरिबी परिवार सङ्ख्या बताउन,<br>• नगरपालिकाबाट प्राप्त हुने सेवा सुविधाहरु उल्लेख गर्न ,<br>• सार्वजनिक स्थलको संरक्षण गर्ने तरिका, महत्त्व र जिम्मेवारी भन्न। | • गौरीगङ्गा नगरपालिकाको जनसङ्ख्या,<br>• नगरपालिकाबाट प्राप्त सेवाहरु,<br>• सार्वजनिक स्थलको संरक्षण। | • नगरपालिकाको जम्मा जनसङ्ख्या, महिला र पुरुषको सङ्ख्या, साक्षरता प्रतिशत, निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसङ्ख्या, विभिन्न उमेर समूहको जनङ्ख्या र विभिन्न वडाको जनसङ्ख्या,<br>• नगरपालिकाका सेवा सुविधाहरुः सिफारिस, प्रमाणीकरण, घट्नाको अभिलेखीकरण, न्याय सम्पादन, बजेट भुक्तानी,<br>• सार्वजनिक स्थलहरु, संरक्षण गर्ने तरिका, जिम्मेवारी र महत्त्व। | • नगरपालिकाको जनसङ्ख्या प्रतिवेदन अध्ययन गर्न लगाई विद्यार्थीहरुलाई विभिन्न कुराहरु पत्ता लगाउन लगाउने (जम्मा जनसङ्ख्या, महिला पुरुषको सङ्ख्या, साक्षरता प्रतिशत, महिला पुरुषको साक्षरता, निरपेक्ष गरिब परिवार तथा जनसङ्ख्या तथा विभिन्न वडाको जनसङ्ख्या ),<br>• नगरपालिकाको वेवसाइट सर्च गरी डाटा सङ्कलन गराउने,<br>• नगरपालिकाको वडापत्र कक्षामा प्रस्तुत गर्ने र नगरपालिकाबाट प्राप्त हुने सेवा सुविधा, लाग्ने समय र शुल्क, जिम्मेवार पदाधिकारी सम्बन्धी छलफल गरी टिपोट गर्न लगाउने,<br>• विद्यार्थीलाई समूहमा विभाजन गरी सार्वजनिक स्थलहरुको संरक्षण गर्ने तरिका, महत्त्व र जिम्मेवारीको चार्ट तयार गरी समूहगत रुपमै कक्षामा प्रस्तुत गराउने । | • नगरपालिकाको नागरिक वडापत्रको फोटो वा डिजिटल सामग्री,<br>• नगरपालिकाको जनसङ्ख्या सम्बन्धी प्रतिवेदन,<br>• ल्यापटप, कम्प्युटर तथा इन्टरनेटको व्यवस्था,<br>• चार्ट पेपर | • प्रश्नोत्तर,<br>• परियोजना कार्य,<br>• कक्षामा प्रस्तुतीकरण<br>• प्रतिवेदन अध्ययन,<br>• खोज तथा अनुसन्धानमा सक्रिय सहभागिता अनुसार विषयवस्तु जाने नजानेको मूल्याङ्कन गर्ने । | घण्टा २८ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| २- हाम्रो प्राकृतिक स्रोत र सम्पदा | • गौरीगङ्गा नगर पालिका भित्रका सामुदायिक वन संरक्षणका उपाए भन्न,<br>• स्थानीय वन्यजन्तु, चराचुरुङ्गी, वनस्पति र पशुपक्षीको छोटो जानकारी दिन,<br>• स्थानीय जडिबुटीको नाम र प्रयोगको क्षेत्र बताउन,<br>• स्थानीय उत्पादन तथा संरक्षणका लागि प्रचारप्रसार एवम् गोडमेलमा सहयोग गर्न। | • गौरीगङ्गा नगर पालिका भित्रका,<br>• सामुदायिक वन<br>• स्थानीय, वन्यजन्तु, चराचुरुङ्गी र वनस्पति,<br>• स्थानीय जडिबुटी। | • गौरीगङ्गा नगर पालिका भित्रका सामुदायिक वन (परिचय, आवश्यकता र संरक्षणका उपाएहरु),<br>• स्थानीय वन्यजन्तु, (चराचुरुङ्गी र वनस्पति नाम, स्वभाव र छोटो जानकारी),<br>• स्थानीय जडिबुटी नाम, उत्पादन, प्रयोगको क्षेत्र र संरक्षण। | • विद्यार्थीलाई गौरीगङ्गा नगरपालिका भित्रका सामुदायिक वनको सङ्ख्या अवस्था र वनको बारेमा अनुभव प्रस्तुत गर्न लगाउने,<br>• सामुदायिक वन हुँदा र नहुँदा हुने फाइदा र बेफाइदाका बारेमा,<br>• स्थानीय व्यक्तिको राय सङ्कलन गरी कक्षामा प्रस्तुत गर्न लगाउने कक्षाको छलफलबाट निष्कर्ष निकाल्न लगाई तिनको संरक्षण कार्यमा विद्यार्थी तथा तिनको परिवारको भूमिका टिपोट गर्न लगाउने, विद्यार्थी तथा तिनको परिवारले सो भूमिका अनुसार जिम्मेवारी पूरा गरे नगरेको अवलोकन गर्ने,<br>• स्थानीय वन्यजन्तु, चराचुरुङ्गी, वनस्पति नाम तथा स्वभाव,<br>• समावेश भएको नमुना तालिका प्रदर्शन गर्ने, विद्यार्थीलाई यस्तै अन्य मौलिक तालिका निर्माण गरी प्रस्तुत गर्न लगाउने, तालिका निर्माणका क्रममा स्थानीय जानकार व्यक्तिको सहयोग लिन विद्यार्थीलाई उत्प्रेरित गर्ने,<br>• स्थानीय वनस्पति र पशुपक्षीको रहनसहन तथा खानपानको अध्ययन गरी तिनीहरूको जीवनचक्रलाई चित्रका माध्यमले प्रस्तुत गरी वर्णन गरिदिने,<br>• स्थानीय जडिबुटीको नाम र प्रयोगको क्षेत्र पहिचानका लागि स्थानीय जानकार व्यक्ति तथा परिवारका सदस्यको सहयोग लिन लगाउने विद्यार्थीले हासिल गेरका सिकाइ कक्षामा प्रस्तुत गर्न उत्प्रेरित गर्ने,<br>• स्थानीय जडिबुटीको उत्पादन तथा संरक्षणसँग सम्बन्धित पोस्टर, सूचना, पम्प्लेट लगायतका प्रचार प्रसार सामग्री निर्माण, प्रदर्शन र वितरण गर्न लगाउने, यसका साथै स्थानीय रूपमा भएका वा खेती गरिएका स्थानमा गई तिनको उत्पादन र संरक्षण प्रत्यक्ष अनुभव गर्न लगाउने,<br>• सान्दर्भिक श्रव्यदृश्य सामग्री उपयोग गरी सिकाइलाई रोचक तथा प्रभावकारी बनाउने। | • सान्दर्भिक चित्र वा नक्सा,<br>• सूचना प्रविधि ) अन्य श्रव्यदृश्य सामग्री तथा मुद्रित सामग्री। | • विद्यार्थीका कार्यकलापको निरीक्षण गरेर,<br>• व्यक्तिगत सामुहिक छलफलका आधारमा सिकाइको मापन गरेर,<br>• प्रश्नोत्तर गरेर,<br>• कक्षाकार्य तथा परियोजना कार्यको परीक्षण गरेर,<br>• व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन गरेर,<br>• आत्म(विश्वास पूर्ण,<br>• स्पष्ट प्रस्तुति र अभ्यासलाई उपयोग तथा अभिलेखीकरण गरेर,<br>• प्रतिवेदन तयार गर्न लगाई त्यसको मूल्याङ्कन गर्न लगाए। | २८ घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ३- हाम्रो धर्म संस्कृति | • सान्नीकोट मन्दिर रहेको नगर र स्थानको नाम बताउन,<br>• सान्नीकोट मन्दिरको मूल्यमान्यता र विशेषता बताउन,<br>• हाम्रा चाडपर्वका बारेमा भन्न,<br>• आफू र समुदायका विभिन्न जातजाति धर्म अनुसारका संस्कारका बारेमा बताउन। | • सान्नीकोट मन्दिर,<br>• हाम्रा चाडपर्व,<br>• स्थानीय संस्कारहरु। | • सान्नीकोट मन्दिर नाम र स्थान,<br>• हाम्रा चाडपर्वहरु र मनाउने तरिका ,<br>• स्थानीय जातजाति र धर्म अनुसार संस्कारहरुका नाम। | • शिक्षकले सान्नीकोट मन्दिरका बारेमा पृष्टभूमि झल्किने चित्र सहित प्रदर्शन गर्ने र विद्यार्थीहरुलाई सान्नीकोटको परिचय दिन लगाउने,<br>• सान्नीकोट मन्दिरको चित्र निर्माण गर्न लगाउने र कक्षामा प्रदर्शन गर्ने,<br>• सान्नीकोट मन्दिरका विशेषता, स्थान तथा जातजाति, आदिको बारेमा छलफल तथा जानकारी गराउने,<br>• सबै विद्यार्थीहरुलाई पालै-पालो आफू आफ्नो स्थानीय छिमेकी र समुदायमा मनाउने पर्वहरुको नाम भन्न लगाउने र सूची तयार गर्ने (माघी, भुवा, खखडेहरा, बिसु, होली),<br>• विभिन्न पर्वहरुमा लगाइने लुगा र खाने खानाका किसिमको बारेमा छलफल गर्ने चाडपर्वहरुका बारेमा भन्न र लेख्न लगाउने,<br>• स्थानीय समुदाय र नगरपालिकामा विभिन्न जातजाति र धर्म अनुसार संस्कारका बारेमा परिचय सम्बन्धी कक्षामा छलफल गराउने (जन्म, नामकरण, मुण्डन, छैठी, व्रतबन्ध, विवाह, मृत्यु)। | • सान्निकोट मन्दिरको चित्र,<br>• हाम्रा चाडपर्व झल्किने चित्र सहित सूची,<br>• विभिन्न जातजातिहरुका धर्म अनुसार संस्कार झल्किने चित्रहरु र मौसम अनुसारका पहिरनहरुका नामहरुको सूची,<br>• स्थानीय पर्वका संस्कारहरुका सूची तथा मनाउने तरिकाको चित्र र सूची। | • सान्निकोट मन्दिरको चित्र बनाएर मन्दिरका विशेषताहरु लेख्न लगाउने,<br>• हाम्रा चाडपर्वहरु के के छन ? तपाइको समुदायमा कुन चाडपर्व प्रख्यात छ?<br>• तपाई र तपाइको स्थानीय समुदायमा के के चाडपर्व मनाउने गर्दछन भन्ने प्रश्न गरी सूची बनाउन लगाउने,<br>• ओल्के पर्व कहिले मनाइन्छ ओल्के पर्वमा खाइने खानेकुराका नाम लेख्न लगाउने,<br>• तपाइको संस्कारमा व्रतबन्ध कसरी मनाइन्छ ? भनी प्रश्न सोध्ने। | घण्टा ३६ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ४. हाम्रो इतिहास र पर्यटकीय स्थलहरु | • गौरीगङ्गा नगरपालिकाको इतिहास भन्न र लेख्न,<br>• शैलेश्वरी मन्दिरको इतिहास र लोक मान्यता भन्न र लेख्न,<br>• चमरैया तालको परिचय र महत्त्व बताउन। | • गौरीगङ्गा नगरपालिका,<br>• शैलेश्वरी मन्दिर,<br>• चमरैया ताल। | • गौरीगङ्गा नगरपालिकाको इतिहास ( स्थापना, नामकरण मुख्यालय, लोक मान्यता विकास),<br>• शैलेश्वरी मन्दिर ( स्थापना लोक मान्यता-धार्मिक महत्त्व) र इतिहास,<br>• चमरैया तालको परिचय अवस्थिति आर्थिक महत्त्व तथा सम्भावना। | • गौरीगङ्गा नगरपालिकाको इतिहास ( स्थापना, नाम, गौरीगङ्गा किन रह्यो- लोक मान्यता विकास) के कसरी भयो जानकार विज्ञता भएका व्यक्तिहरुसँग छलफल गर्ने,<br>• शैलेश्वरी मन्दिर ( स्थापना लोक मान्यता-धार्मिक महत्त्व र इतिहासको बारेमा एक आपसमा छलफल गरी शिक्षकले सहजीकरण गर्ने,<br>• सम्भव भएसम्म चमरैया तालको अवलोकन गर्न लगाई प्रतिवेदन बनाउन लगाउने। | • गौरीगङ्गा नगरपालिकाको इतिहास बारे नोट/टिपोट फोटो पोस्टर/ ऐतिहासिक जानकारी सम्बन्धी दस्तावेज,<br>• मन्दिर र ताल सम्बन्धी तस्विरहरु। | • गौरीगङ्गा नगरपालिकाको इतिहास बारे मौखिक तथा लिखित प्रश्नोत्तर,<br>• शैलेश्वरी मन्दिरको बारे मौखिक तथा लिखित प्रश्नोत्तर,<br>• चमरैया ताल सम्बन्धी परियोजना कार्य गर्न लगाउने। | घण्टा ३६ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ५. पेसा उद्यमशीलता र प्रविधि | • भात, दाल, रोटी पकाउने तरिका बताउन,<br>• वेतबाँसबाट बन्ने सामग्रीको नाम बताउन साथै सामग्री निर्माण गर्न,<br>• दुना टपरी निर्माण गर्ने तरिका बताउन र निर्माण गर्न,<br>• पशुपालनको परिचय, पशुमा लाग्ने रोग र हुने फाइदा बताउन। | • पाक शिक्षा (दाल, भात र रोटी ),<br>• वेतबाँसको काम<br>• दुना टपरी निर्माण ,<br>• व्यवसायिक पशुपालन । | • पाक शिक्षा (दाल,भात र रोटी) पकाउने तरिका र सिप,<br>• वेतबाँसबाट निर्माण हुने सामग्रीको नाम र निर्माण प्रक्रिया ,<br>• दुना टपरी निर्माणका चरणहरु,<br>• पशुपालनको परिचय, रोग र फाइदा। | • विद्यार्थीहरूलाई नै खाना पकाउने गरेको भएमा दाल, भात र रोटी पकाउने तरिका बताउन लगाउने र सम्भव भएमा पकाउन लगाउने वा पकाएर देखाउने,<br>• वेतबाँसबाट बनेका चित्र वा नमुना प्रदर्शन नाम टिपोट गर्न लगाउने साथै निर्माणका चरणहरु बताउने,<br>• दुना टपरीको नमुना पर्दर्शन गरेर निर्माणका चरणहरु बताउने र टिपोट गर्न लगाउने,<br>• पशुपालनसँग सम्बन्धित चित्र ( माहुरी, कुखुरा, हाँस, बङ्गुर र बाख्रा ) प्रस्तुत गरेर परिचय , रोग र फाइदाको बारेमा बताउने र सोही अनुसार लेख्न लगाउने । | • खानकुरा पकाएको चित्र वा पकाउदै गरेको चित्र,<br>• वेतबाँसबाट निर्मित नमुना चित्र र निर्माणका चरणहरु,<br>• दुना टपरीका नमुना र निर्माणको प्रक्रियाको टिपोट,<br>• पशुपालनसँग सम्बन्धित चित्र, रोग र फाइदा टिपोट गरिएका सामग्री। | • माहुरी, कुखुरा, हाँस, बङ्गुर र बाख्रामा लाग्ने रोग र फाइदा सोध्ने प्रश्नोत्तर गरी मूल्याङ्कन गर्ने,<br>• खाना बनाउन, वेतबाँसका सामग्री निर्माण, दुना टपरी निर्माण गर्न लगाउने र सिपको अवलोकन गर्ने । | ३० घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ६-हाम्रो भाषा साहित्य | • आफ्नो मातृभाषामा पदसङ्गतिगत विभिन्न वाक्य रचना गर्न,<br>• आफ्नो समुदायमा बोलिने भाषामा प्रयुक्त विशेषण शब्द पहिचान गरी भन्न,<br>• लिखत (तमसुक, भरपाई, कार्यालय तथा सङ्घ संस्थामा आवश्यक पर्ने निवेदनहरु, भौचर/चेक) लेख्न/भर्न। | • आफ्नो मातृभाषा(डोटेली, बाजुरेली, अछामी, बझाङी, बैतडेली, थारू, राजी, मगर, नेपाली आदि) मा पदसङ्गतिगत वाक्य रचना,<br>• आफ्नो समुदायमा बोलिने भाषामा प्रयुक्त विशेषण शब्द बताउन,<br>• लिखत (तमसुक, भरपाई, कार्यालय तथा सङ्घ संस्थामा आवश्यक पर्ने निवेदनहरु, भौचर/चेक)। | • आफ्नो मातृभाषा(डोटेली, बाजुरेली, अछामी, बझाङी, बैतडेली, थारू, राजी, मगर, नेपाली आदि) मा विभिन्न पदसङ्गतिगत(लिङ्ग, वचन, पुरुष, आदर आदि) वाक्य रचना,<br>• आफ्नो समुदायमा बोलिने भाषामा प्रयुक्त विशेषण शब्द,<br>• लिखत (तमसुक, भरपाई, कार्यालय तथा सङ्घ संस्थामा आवश्यक पर्ने निवेदनहरु, भौचर/चेक)। | • बालबालिकाहरूलाई आफ्नो घरपरिवारमा प्रयोग हुने मातृभाषामा विभिन्न पदसङ्गतिगत(लिङ्ग, वचन, पुरुष, आदर आदि) वाक्य रचना गरी भन्न र लेख्न लगाउने,<br>• बालबालिकाहरूलाई विभिन्न वस्तु, चित्र, तस्विर देखाइ आफ्नो समुदायमा बोलिने भाषामा प्रयुक्त विशेषण शब्द भन्न र लेख्न लगाउने,<br>• लिखत (तमसुक, भरपाई, कार्यालय तथा सङ्घ संस्थामा आवश्यक पर्ने निवेदनहरु, भौचर/चेक) नमुना प्रस्तुत तथा लेखन अभ्यास। | • पदसङ्गतिगत (लिङ्ग, वचन, पुरुष, आदर आदि) वाक्य नमुना,<br>• विभिन्न वस्तु, चित्र र तस्विर,<br>• लिखत (तमसुक, भरपाई, कार्यालय तथा सङ्घ संस्थामा आवश्यक पर्ने निवेदनहरु, भौचर/चेक) नमुनाहरु। | • विभिन्न वस्तु, चित्र र तस्विर हेरी पदसङ्गगति (लिङ्ग, वचन, पुरुष, आदर आदि) वाक्य रचना गर्न लगाउने,<br>• आफ्नो वरपर पाइने वस्तु, व्यक्ति, स्थान आदि नाम पदको विशेषता बुझाउने विशेषण शब्द भन्न र लेख्न लगाउने,<br>• लिखत (तमसुक, भरपाई, कार्यालय तथा सङ्घ संस्थामा आवश्यक पर्ने निवेदनहरु भौचर/चेक) नमूना अभ्यासको आधारमा मूल्याङ्कन गर्ने । | १० घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ७- नैतिक शिक्षा र स्थानीय खेल | • ट्राफिक नियम उल्लङ्घनमा हुने दण्ड सजाय बताउन,<br>• स्थानीय खेलका नियमहरु बताउन र पालना गर्न,<br>• मर्यादा र मर्यादा पालनाका फाइदा महत्त्व,<br>• भन्न र लेख्न। | • ट्राफिक नियमले हाम्रो सुरक्षा,<br>• स्थानीय खेल,<br>• मर्यादा पालन। | • ट्राफिक नियम उल्लङ्घनमा दण्ड सजाय ( पेटी, लेन रुल, हेल्मेट र सिटबेल्टको प्रयोग सवारी साधन गति, आकाशे पुलको प्रयोग र पालो पर्खिनु),<br>• स्थानीय खेलका नियम र प्रयोग,<br>• मर्यादा पालन: (व्यक्तिगत, पारिवारिक, नैतिक, सामाजिक, धार्मिक.........मर्यादाहरुको पालना, गौतम बुद्ध, महात्मा गान्धी............,<br>• अमर्यादित कार्य –(घुस भ्रस्टाचार ढाट्नु, झगडा, अपहेलना, चोरी-भेदभाव, अनुशासनको उल्लङ्घन मानवाधिकारको पालना)। | • ट्राफिक नियमहरु उल्लङ्घन गर्दा हुने सजायहरुको बारेमा छलफल गरी थप स्पष्ट पार्ने,<br>• स्थानीय खेलहरुमा अवश्यक नियमहरुको बारेमा जानकारी गराउदै सोही अनुसार खेल्न लगाउने,<br>• मर्यादा पालनको आवश्यकता तथा महत्त्वको बारेमा सफल व्यक्तिको उदाहरण दिएर पालना गर्न प्रेरित गर्ने,<br>• मर्यादाको महत्त्व बुझाएर पालना गर्नुको फाइदा बारे छलफल गराउन प्रश्नोत्तर, सूची , पोस्टर प्रदर्शन जस्ता विविध कार्य गराउने,<br>• प्रेरक कथा तथा जीवनीहरु विद्यार्थीलाई खोजेर पढन लगाउने। | • ट्राफिक नियमहरु उल्लङ्घन गर्दा हुने सजाय सम्बन्धी टिपोट,<br>• स्थानीय खेलका नियमहरुको सूची,<br>• मर्यादापालनको फाइदा सूची,<br>• नीतिकथा तथा जीवनी, प्रेरक कथाहरु आदि,<br>• नेट तथा इन्टरनेट श्रव्य-दृश्य सामग्री। | • ट्राफिक नियमहरु उल्ङ उल्लङ्घन गर्दा हुने सजाय सम्बन्धी बताउन लगाई मूल्याङ्कन गर्ने,<br>• स्थानीय खेल नियम अनुसार खेल्न लगाई अवलोकन गर्ने,<br>• मर्यादापालनबाट हुने फाइदाहरु टिपोट गर्न लगाई टिपोट गरे नगरेको अवलोकन गर्ने,<br>• छलफल, सहभागिता, सूची निर्माण, पोस्टर प्रदर्शनी आदिको आधारमा मूल्याङ्कन गर्ने। | घण्टा १६ |

**कक्षाः ८**

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| १- हाम्रो नगरपालिका | • नगर कार्यपालिका र नगरसभा गठन प्रक्रिया बताउन,<br>• न्यायिक समिति गठन प्रक्रिया भन्न,<br>• न्यायिक समितिको काम कर्तव्य र अधिकार बताउन,<br>• स्थानीय तहमा न्याय सम्पादन प्रक्रिया उल्लेख गर्न। | • नगर कार्यपालिका र नगरसभा गठन प्रक्रिया,<br>• न्यायिक समिति गठन प्रक्रिया,<br>• न्यायिक समितिका काम कार्तव्य र अधिकार,<br>• स्थानीय तहमा न्याय सम्पादन प्रक्रिया। | • नगर कार्यपालिका गठन, नगरसभा गठन, नगर सभा सञ्चालन प्रक्रिया,<br>• न्यायिक समितिको गठन प्रक्रिया, समितिको काम कार्तव्य र अधिकार,<br>• स्थानीय तहमा न्यायिक समितिले न्याय सम्पादनमा खेल्ने भूमिका, उजुरीको माध्ययम, मेल मिलापको सिद्धन्त, झैझगडाको प्रक्रिया र गाम्भिर्यता, तालुकदार निकायमा सिफारिस र कानुनी प्रावधान आदि। | • नेपालको संविधानमा नगर कार्यपालिकाको गठन, नगरसभाको गठन सम्बन्धी व्यवस्थाको अध्ययन गर्न लगाउने,<br>• नगरसभा सञ्चालन, न्यायिक समिति गठन र न्यय सम्पादन प्रक्रिया सम्बन्धी कानुनी प्रावधानहरु अध्ययन, खोज गर्न लगाउने,<br>• विद्यार्थीसँग नगर प्रमुख/ उप-प्रमुख कार्यक्रमको आयोजना गरी कार्यपालिका नगरसभा, न्यायिक समिति सम्बन्धी विस्तृत छलफल गराउने,<br>• छलफलबाट सिकेका कुराहरु कक्षमा प्रस्तुत गर्न लगाउने,<br>• शिक्षकले आवश्यक सहजीकरण गर्ने। | • नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य कानुनी प्रावधानहरु,<br>• न्यायिक समितिको कार्य सम्पादन सम्बन्धी कार्यविधि<br>• श्रव्य-दृष्य सामग्री। | • मौखिक तथा लिखित प्रश्नोत्तरका माध्ययमबाट जाने नजानेको जाँच गर्ने,<br>• न्यायिक समिति गठन, काम कर्तव्य र अधिकार, न्याय सम्पादन प्रक्रिया सम्बन्धमा कक्षामा गरेको छलफल कार्यक्रममा सहभागिता र सक्रियताका आधारमा समूह कार्य गरी चार्ट निर्माण र कक्षामा प्रस्तुतीकरणको अवलोकन र मूल्याङ्कन। | घण्टा २६ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| २- हाम्रो प्राकृतिक स्रोत र सम्पदा | • प्राकृतिक सम्पदा परिचय, महत्त्व, लोक मान्यता भन्न,<br>• प्राकृतिक प्रकोपहरु र विपत्तिबाट बच्ने उपाए भन्न। | • प्राकृतिक सम्पदा,<br>• प्राकृतिक प्रकोपहरु,<br>• स्थानीय वन्यजन्तु र वनस्पति। | • प्राकृतिक सम्पदा परिचय महत्त्व, लोक मान्यता (घोडाघोडी ताल, बाहृवन क्षेत्र, गौरीगङ्गा नदी),<br>• प्राकृतिक प्रकोपहरु र विपद व्यवस्थापनका उपाएहरु (महामारी, विपत्तिहरु),<br>• स्थानीय वन्यजन्तु चराचुरङ्गी र वनस्पति (जडिबुटी)। | • प्राकृतिक सम्पदाको परिचय, महत्त्व, लोक मान्यता (घोडाघोडी ताल, बाहृवन क्षेत्र, गौरीगङ्गा नदी) बारे जानकार व्यक्तिलाई विद्यालयमा तथा निजलाई भेट गेरर नै आवश्यक बुँदा टिपोट गरी छलफल गर्ने,<br>• प्राकृतिक प्रकोपहरु र विपद व्यवस्थापनका उपाएहरु ( महामारी विपत्तिहरु बारे शिक्षक विद्यार्थी आभिभावकहरुमा छलफल गर्ने र आउने सम्भावना बच्ने उपाए बीच छलफल सञ्चालन गर्ने,<br>• स्थानीय वन्यजन्तु चराचुरङ्गी र वनस्पति (जडिबुटी ) बारे शिक्षक र विद्यार्थी बीच अन्तरक्रिया गर्ने,<br>• विषयवस्तु सम्बन्धी लेख, रचना, समाचार, भिडियो सामग्री अध्ययन गरी छलफल गराउने आवश्यक सहजीकरण गर्ने। | • आवश्यक टिपोट<br>• भिडियो, चित्र, लेख, रचना, समाचार आदि। | • प्रश्नोत्तर छलफल अवलोकन भ्रमणल सोधखोज र अध्ययन गरेको आधारमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गर्ने। | घण्टा २८ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ३- हाम्रो धर्म संस्कृति | • गौरा पर्व मनाउने तरिका बताउन,<br>• ग्वालादेउ मन्दिरको सामान्य परिचय र लोक मान्यता भन्न,<br>• गोदावरी धामको महत्त्व भन्न,<br>• बड्डी ज्यावन क्षेत्रको सामान्य परिचय दिन। | • गौरा पर्व,<br>• ग्वालादेउ मन्दिर,<br>• गोदावरी धाम,<br>• बड्डी ज्यावन क्षेत्र। | • गौरा पर्व परिचय मनाउने तरिका,<br>• ग्वालादेउ मन्दिर परिचय महत्त्व र लोक मान्यता,<br>• बड्डी ज्यावन क्षेत्र ( भित्र रहेका बाह देवताको परिचय, मन्दिर र लोक मान्यता,<br>• गोदावरी धाम परिचय, लोक मान्यता। | • गौरा पर्व परिचय मनाउने तरिका अभिनय गर्ने,<br>• ग्वालादेउ मन्दिर परिचय, महत्त्व र लोक मान्यताको बारे आपसमा छलफल गर्ने,<br>• गोदावरी धाम परिचय, लोक मान्यता के रहेको छ महत्त्व बारे छलफल,<br>• बड्डी ज्यावन क्षेत्र ( भित्र रहेका बाह देवताको परिचय मन्दिर र लोक मान्यता के रहेको छ )को जानकार व्यक्तिबाट जानकारी लिई छलफल गर्ने,<br>• भिडियो प्रस्तुति र बुँदा टिपोट। | • गौरा पर्वको भिडियो, टिपोटहरु,<br>• गोदावरी धाम बारेमा भएका भिडियो टिपोटहरु,<br>• ग्वालादेउ मन्दिर परिचय महत्त्व र लोक मान्यता सम्बन्धी टिपोटहरु,<br>• बड्डी ज्यावन क्षेत्र ( भित्र रहेका बाह देवताको परिचय, मन्दिर र लोक मान्यता के रहेको छ ) को जानकार व्यक्तिवाट जानकारी तथा टिपोडहरु। | • प्रश्नोत्तर, छलफल,<br>• परियोजना कार्य र प्रस्तुतीकरण क्षेत्र भ्रमण र सोधखोज आदिका आधारमा मूल्याङ्कन गर्ने। | घण्टा ३६ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ४. हाम्रो इतिहास र पर्यटकीय स्थलहरु | • ऐतिहासिक व्यक्तित्वहरु (भिमदत्त पन्त, डा. के.आइ. सिंह, पहलमानसिंह स्वाँर र जयपृथ्वी बहादुर सिंह) को सामान्य परिचय बताउन<br>• गर्वा दरवार परिचय र महत्त्व बताउन। | • ऐतिहासिक व्यक्तित्वहरु,<br>• गर्वा दरवार | • ऐतिहासिक व्यक्तित्वहरु (भिमदत्त पन्त, डा. केआइ सिंह, पहलमानसिंह स्वाँर र जयपृथ्वी बहादुर सिंह) को जीवनी,<br>• गर्वा दरवारको परिचय र महत्त्व । | • ऐतिहासिक व्यक्तित्वहरु (भिमदत्त पन्त, डा.के आइ सिंह, पहलमानसिंह स्वाँर, जयपृथ्वी बहादुर सिंह) जीवनी बारे खोज तथा छलफल गरी परिचय बताउन लगाउने साथै आवश्यक सहजीकरण गरिदिने,<br>• ऐतिहासिक व्यक्तिहरुको फोटो प्रदर्शन गरी आवश्यक कुराहरु टिपोट गर्न लगाई प्रस्तुत गर्न लगाउने,<br>• गर्वा दरवारसँग सम्बन्धित फोटो वा भिडियो प्रदर्शन गरी छलफल गराउने र थप सहजीकरण गरिदिने,<br>• गर्बा दरवारको ऐतिहासिक महत्त्व र पर्यटकीय सम्भावनाहरुको बारेमा समूहमा छलफल गरी प्रस्तुत गर्न लगाई थप सहयोग गरिदिने। | • भिडियो / चित्र/ टिपोट | • प्रश्नोत्तर/छलफल<br>• समूहगत प्रस्तुति,<br>• गर्वा दरवार सम्बन्धी परियोजना कार्य गराउने | घण्टा ३६ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ५. पेसा उद्यमशीलता र प्रविधि | • खाजा निर्माणको तरिका बताउन र खाजा बनाउन,<br>• सिलाइका लागि नाप लिन र कटाइ तयार गर्न,<br>• साइकल मर्मत गर्न,<br>• डल, कुसन निर्माणका चरणहरु बताउन र निर्माण गर्न। | • पाक शिक्षा (खाजा बनाउने तरिका),<br>• सिलाइ कटाइ<br>• साइकल मर्मत<br>• डल, कुसन निर्माण। | • विभिन्न प्रकारका खाजा निर्माणका तरिका,<br>• सिलाइ कटाइको परिचय, आधारभूत ज्ञान र सिप,<br>• साइकल मर्मतको परिचय, प्रक्रिया र महत्त्व,<br>• डल कुसन निर्माणको परिचय र निर्माणका चरण तथा फाइदा। | • विभिन्न प्रकारका खाजा निर्माण गर्दै गरेका चित्र प्रदर्शन गर्दै खाजा निर्माणका तरिका टिपोट गर्न लगाउने यदि आफूले खाजा निर्माण गर्ने गरेको भए विद्यार्थीहरूलाई अनुभव बताउन लगाउने साथै सम्भव भएमा नजिकैको खाजा घरमा लिएर अवलोकन गर्न लगाएर निर्माणका चरण टिप्न लगाउने,<br>• सिलाइ र कटाइको चित्र वा नजिकको टेलरमा अवलोकन गराएर आवश्यक कुरा टिपोट गर्न लगाएर प्रस्तुत गर्न लगाउने,<br>• साइकल मर्मतको चित्र वर्णन गर्दै मर्मत प्रक्रिया बताउने र नजिकैको साइकल मर्मत केन्द्रमा अवलोकन गराएर लेख्न लगाउने,<br>• डल कुसनको नमुना देखाएर निर्माण प्रक्रिया बताएर टिपोट गर्न लगाउने र सोही अनुसार निर्माण गर्न लगाइ चरणहरु टिप्न लगाउने । | • खाजाको चित्र तथा बनाउने तरिका टिपोट पत्र,<br>• सिलाइ कटाइको चित्र,<br>• साइकल मर्मत गर्दै गरेको नमुना चित्र वा पोष्टर,<br>• डल कुसन निर्माण गर्दै गरेको चित्र र टिपोट गरेका निर्माणका चरणहरु। | • खाजा बनाउदा कसरी बनाइन्छ लेख्नुहोस्।<br>• सिलाइ र कटाइका लागि के के कुरा आवश्यक पर्छ भन्नुहोस् ।<br>• साइकल मर्मत गर्दाका चरण बताउनुहोस्।<br>• डल कुसन कसरी गरिन्छ। भन्नुहोस्।<br>• प्रयोगात्मक सिपका आधारमा समेत मूल्याङ्कन गर्ने। | ३० घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ६-हाम्रो भाषा साहित्य | • आफ्नो मातृभाषामा पदसङ्गतिगत विभिन्न वाक्य रचना गर्न,<br>• आफ्नो समुदायमा बोलिने भाषामा प्रयुक्त क्रियापद पहिचान गर्न,<br>• छोटाछोटा अनुच्छेद लेख्न,<br>• लिखत (तमसुक, भरपाई, कार्यालय तथा सङ्घ संस्थामा आवश्यक पर्ने निवेदनहरु भौचर/चेक) लेख्न। | • आफ्नो मातृभाषा(डोटेली, बाजुरेली, अछामी, बझाङी, बैतडेली, थारू, राजी, मगर, नेपाली आदि) मा पदसङ्गतिगत वाक्य रचना,<br>• आफ्नो समुदायमा बोलिने भाषामा प्रयुक्त क्रियापद,<br>• आफ्नो समुदायमा बोलिने मातृभाषामा अनुच्छेद,<br>• लिखत (तमसुक, भरपाई, कार्यालय तथा सङ्घ संस्थामा आवश्यक पर्ने निवेदनहरु भौचर/चेक)। | • आफ्नो मातृभाषा (डोटेली, बाजुरेली, अछामी, बझाङी, बैतडेली, थारू, राजी, मगर, नेपाली आदि) मा विभिन्न पदसङ्गतिगत(लिङ्ग, वचन, पुरुष, आदर आदि) वाक्य रचना,<br>• आफ्नो समुदायमा बोलिने भाषामा प्रयुक्त क्रियापद,<br>• आफ्नो समुदायमा बोलिने मातृभाषामा अनुच्छेद,<br>• लिखत (तमसुक, भरपाई, कार्यालय तथा सङ्घ संस्थामा आवश्यक पर्ने निवेदनहरु भौचर/चेक)। | • बालबालिकाहरूलाई आफ्नो घरपरिवारमा प्रयोग हुने मातृभाषामा विभिन्न पदसङ्गतिगत(लिङ्ग, वचन, पुरुष, आदर आदि) वाक्य रचना गरी भन्न र लेख्न लगाउने,<br>• बालबालिकाहरूलाई विभिन्न वस्तु, चित्र, तस्विर देखाई आफ्नो समुदायमा बोलिने भाषामा प्रयुक्त क्रियापद भन्न र लेख्न लगाउने,<br>• बालबालिकाहरूलाई आफ्नो समुदायमा बोलिने मातृभाषामा छोटाछोटा अनुच्छेद लेख्न लगाउने र कक्षामा सुनाउन लगाउने ,<br>• लिखत (तमसुक, भरपाई, कार्यालय तथा सङ्घ संस्थामा आवश्यक पर्ने निवेदनहरु भौचर/चेक) नमुना प्रस्तुति र लेखन अभ्यास। | • पदसङ्गतिगत(लिङ्ग, वचन, पुरुष, आदर आदि) वाक्य नमुना सूची,<br>• विभिन्न वस्तु, चित्र र तस्विर,<br>• क्रियापदका नमुना सूची ,<br>• आफ्नो समुदायमा बोलिने मातृभाषामा नमुना अनुच्छेद,<br>• लिखत (तमसुक, भरपाई, कार्यालय तथा संघ संस्थामा आवश्यक पर्ने निवेदनहरु भौचर/चेक) नमुनाहरु। | • विभिन्न वस्तु, चित्र र तस्विर हेरी पदसङ्गतिगत(लिङ्ग, वचन, पुरुष, आदर आदि) वाक्य रचना गर्नुहोस्।<br>• आफ्नो वरपर पाइने वस्तु, व्यक्ति, स्थान आदि नाम पदको विशेषता बुझाउने क्रियापद भन र लेख्नुहोस।<br>• कुनै विषयवस्तु छनोट गरी छोटो अनुच्छेद तयार पार्नुहोस।<br>• लिखत (तमसुक, भरपाई, कार्यालय तथा सङ्घ संस्थामा आवश्यक पर्ने निवेदनहरु भौचर/चेक) नमुना अभ्यासका आधारमा मूल्याङ्कन गर्ने। | १० घण्टा |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| ७. नैतिक शिक्षा र स्थानीय खेल | • ट्राफिक व्यवस्थापनले सवारी दुर्घटना न्यूनीकरण गर्ने उपाय बताउन,<br>• ट्राफिक नियमको पालनाबाट हुने फाइदा र महत्त्व बताउन,<br>• दैनिक जीवनमा मर्यादा पालन तथा नैतिक आचरणको व्यवहारिक प्रयोग गर्न। | • ट्राफिक व्यवस्थापन तथा सवारी दुर्घटना न्यूनीकरण,<br>• ट्राफिक सचेतना,<br>• ट्राफिक नियम पालना गर्दा हुने फाइदा र महत्त्व,<br>• नैतिक शिक्षा। | • ट्राफिक व्यवस्थापन ( सडक/सवारी दुर्घटना न्यूनीकरणका तरिका विद्यमान चुनौति ट्राफिक सचेतना कार्यक्रम ट्राफिक नियम पालना गर्दा हुने फाइदा र महत्त्व),<br>• मर्यादा पालन: (व्यक्तिगत, पारिवारिक, नैतिक, सामाजिक, धार्मिक........गौतम बुद्ध, महात्मा गान्धी.......जस्ता व्यक्तिको उदाहरण),<br>• अमर्यादित कार्य (घुस, भ्रस्टाचार ढाट, झगडा अपहेलना चोरी भेद्भाव, देशहित विपरीतका कार्य , अनुशासन उल्लङ्घन, मानवाधिकारको पालना)। | • ट्राफिक व्यवस्थापन ( सडक/सवारी दुर्घटना, न्यूनीकरणका तरिका, विद्यमान चुनौति, ट्राफिक सचेतना कार्यक्रम, ट्राफिक नियम पालना गर्दा हुने फाइदा र महत्त्व) का बारेमा छलफल गर्ने, भिडियो प्रदर्शन गर्ने, आवश्यक सहजीकरण गरी नोट/टिपोट गर्न लगाउने\| तथा व्यवहारिक प्रयोगमा अभ्यास गराउने,<br>• मर्यादा पालनको आवश्यकता तथा महत्त्वको बारेमा सफल व्यक्तिको उदाहरण दिएर पालना गर्न प्रेरित गर्ने,<br>• मर्यादाको महत्व बुझाएर पालना गर्नाले हुने फाइदाको बारे छलफल गराउने,<br>• प्रश्नोत्तर, सूची , पोस्टर प्रदर्शन जस्ता विविध कार्य गराउने,<br>• प्रेरक कथा तथा जीवनीहरु विद्यार्थीलाई खोजेर पढन लगाउने। | • ट्राफिक व्यवस्थापनसँग सम्बन्धित सामग्रीहरु,<br>• मर्यादापालनको सूची,<br>• नीतिकथा तथा जीवनी, प्रेरक कथाहरु आदि,<br>• नेट तथा इन्टरनेट,<br>• - श्रव्यदृश्य सामग्री। | • ट्राफिक व्यवस्थापनसँग सम्बन्धित प्रश्नोत्तर गरी मूल्याङ्कन गर्ने,<br>• मर्यादापालन तथा नैतिक आचरणसँग सम्बन्धित व्यवहार अवलोकन गरी मूल्याङ्कन गर्ने,<br>• छलफल, सवालजवाफ, सहभागिता, सूची निर्माण, पोस्टर प्रदर्शनी आदिको आधारमा मूल्याङ्कन गर्ने। | १६ घण्टा |

## ७. पाठ्यघण्टी र अङ्क विभाजन तालिका

कक्षाः १-८

| क्र.स. | क्षेत्र | कक्षा १-३ | | कक्षा ४-८ | | |
|---|---|---|---|---|---|---|
| | | पाठ्यघण्टी | अङ्कभार | पाठ्यघण्टी | मूल्याङ्कन | |
| | | | | | आन्तरिक | बाह्य |
| १. | हाम्रो नगरपालिका | १५ | ८ | १५ | ६ | ६ |
| २. | प्राकृतिक सम्पदा र वातावरण | २५ | १६ | १६ | ७ | ७ |
| ३. | हाम्रो धर्म र संस्कृति | ३० | २२ | १६ | ७ | ७ |
| ४. | हाम्रो इतिहास र प्राकृतिक स्थलहरु | २० | ११ | १६ | ७ | ७ |
| ५. | पेसा, उद्यमशीलता र प्रविधि | २५ | १६ | ३० | ९ | ९ |
| ६. | हाम्रो भाषा र साहित्य | २५ | १६ | २० | ८ | ८ |
| ७. | नैतिक शिक्षा र स्थानीय खेलहरु | २० | ११ | १५ | ६ | ६ |
| | जम्मा | १६० | १०० | १२८ | ५० | ५० |

## ८. सिकाइ सहजीकरण प्रक्रिया

यस पाठ्यक्रमलाई विद्यालयमा विद्यार्थीहरू बीच प्रभावकारी रुपमा शिक्षण गर्नका लागि पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री, वेवमा आधारित सामग्री र स्थानीय विज्ञसँगको अन्तरक्रिया लगायतको अधिकतम प्रयोग गर्नु पर्नेछ। सिकाइ सहजीकरण गर्न देहायका विधिहरू अपनाउन सकिने छः

**क) आधारभूत शिक्षण विधिः** छलफल विधि, प्रश्नोत्तर विधि, अवलोकन विधि, क्षेत्र भ्रमण विधि, प्रदर्शन विधि, खेल विधि, खोज विधि, समस्या समाधान विधि, अभ्यास विधि, जिक्स विधि।

**ख) अनुसन्धानमा आधारित शिक्षण विधिः** कार्यमूलक अनुसन्धान, मामिला अध्ययन, परियोजना कार्य, स्थलगत अध्ययन

ग) बैकल्पिक शिक्षण विधिः श्रव्य दृश्य, रैथाने, सङ्गीत शिक्षण, कथाकथन, सूचना तथा सञ्चार प्रविधिमा आधारित, Think Pair and Share।

## ९-सम्भावित परियोजना कार्यहरु

क) विभिन्न पेसा वा व्यवसायमा प्रयोग हुने सामग्रीको सूची बनाइ तिनीहरुको सुरक्षा गर्ने उपाय युगल र समूहमा छलफल गरी चार्ट वा तालिका निर्माण र प्रस्तुतीकरण गर्ने।

ख) स्थानीय स्तरमा कुनै दुई ओटा सेवा प्रदायक निकायले गरेको कामको सम्बन्धमा समूहमा अवलोकन गरी निम्न लिखित ढाँचामा प्रतिवेदन तयार र प्रस्तुतीकरण गर्ने-

प्रतिवेदन ढाँचा

-परियोजना कार्यको शीर्षक

-परियोजना कार्यको छोटो परिचय

-विवरण सङ्कलनको तरिका

-सेवाप्रदायक निकायले प्रदान गरेका मुख्य सेवाहरु

-निष्कर्ष

ग) समुदायमा मनाइने विभिन्न चाडपर्वहरुको सूची बनाइ कुनै दुई ओटा चाडपर्वहरु कहिले र कसरी मनाइन्छ ? भन्ने विषयमा समुदायका व्यक्तिहरुसँग छलफल गरी प्रतिवेदन तयार गर्ने-

घ) आफ्नो समुदायमा रहेको प्रेरणादायक व्यक्ति र उनीहरुको योगदानको पहिचान गरी त्यस्ता व्यक्तिहरुवाट आफूलाई प्राप्त भएको प्रेरणा र लाभ सहित एउटा अनुच्छेद लेख्नुहोस।

ङ) आफ्नो समुदायमा भएका प्राकृतिक र साँस्कृतिक सम्पदाहरुको पहिचान गरी तिनको संरक्षण र सम्वर्धनका लागि भएका प्रयास र गर्नु पर्ने प्रयास समेटेर तालिकामा प्रस्तुत गरी प्रतिवेदन तयार गर्नुहोस्।

| क्र.स. | प्राकृतिक र साँस्कृतिक सम्पदाहरु | संरक्षण र सम्वर्धनका लागि भएका प्रयास | संरक्षण र सम्वर्धनका लागि गर्नुपर्ने प्रयास |
|---|---|---|---|
| | | | |
| | | | |

## १०- विद्यार्थी मूल्याङ्कन प्रक्रिया

यस स्थानीय पाठ्यक्रमको विद्यार्थी मूल्याङ्कन देहायका विधि र प्रक्रियाका आधारमा गरिने छः

१. आधारभूत तहमा निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई मापन गर्ने प्रावधान नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरे अनुसार यस पाठ्यक्रमको कार्यान्वयन र विद्यार्थी मूल्याङ्कनमा निरन्तर विद्यार्थी मूल्याङ्कन र अक्षराङ्कन पद्धतिलाई अवलम्बन गरिने छ।

२. विद्यार्थीहरूको मूल्याङ्कन गर्दा निर्माणात्मक (Formative) पद्धति तथा निर्णयात्मक (Summative)पद्धति, सैद्धान्तिक र प्रयोगात्मक (Theoretical and Practical) दुवै अपनाउनु पर्नेछ।

३. स्थानीय विषयको पठनपाठनद्वारा विद्यार्थीहरूले आफैँ गरेर सिक्ने वा अवलोकन गरेर सिक्ने भएकोले नियमित रूपमा विद्यार्थीहरूले गरेर सिक्ने वा अवलोकन गरेर सिक्न तथा पृष्ठपोषण प्रदान गरी प्राप्त प्रतिवेदनको आधारमा मूल्याङ्कन गर्ने प्रक्रियालाई प्रोत्साहन गरिने छ।

४. प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका (Portfolio) फाइल रहने छ र त्यसभित्र विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, व्यवहार परिवर्तन, अवलोकन, हाजिरी, सामूहिक कार्यमा सक्रियताको अभिलेख राखी सोही आधारमा मूल्याङ्कन गरिने छ।

५. कक्षा १-३ मा निरन्तर मूल्याङ्कन पद्धतिका आधारमा उदार कक्षोन्नति गरिने छ। कक्षा १-३ को मूल्याङ्कन पश्चात् विद्यार्थीहरूको तह वा श्रेणी विभाजन गर्दा निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी अभिलेखीकरणको प्रक्रिया अपनाई विद्यार्थीको सिकाइ उपलब्धिलाई "क", "ख" र "ग" तीन श्रेणीमा विभाजन गरिने छ (अनुसूची -३ अनुसार)।

६. कक्षा ४ देखि ८ सम्म ५०% निरन्तर मूल्याङ्कन पद्धति (निर्माणात्मक पद्धति) र ५०% निर्णयात्मक वार्षिक परीक्षा) बाट विद्यार्थीको मूल्याङ्कन गरिने छ। विद्यार्थीलाई कक्षोन्नति निर्माणात्मक र निर्णयात्मक दुवै पद्धतिका आधारमा गरिने छ।

७. निर्माणात्मक मूल्याङ्कनमा औसत उपलब्धि हासिल गरेका तर निर्णयात्मक मूल्याङ्कनमा अनुत्तीर्ण भएका विद्यार्थीहरूका हकमा सम्बन्धित अभिभावक, कक्षा वा विषय शिक्षक, र प्रधानाध्यापकको निर्णयबाट कक्षोन्नति गर्न सकिने छ।

८. विद्यार्थीहरूको मूल्याङ्कन गर्दा ज्ञान तह (Knowledge Level) , बोध तह (Understanding Level) र उच्च तह (Higher Abilities) का प्रश्नहरुमा वस्तुगत, अति छोटो, छोटो र लामो उत्तर दिनुपर्ने किसिमका प्रश्नहरू समावेश गर्नु पर्नेछ।

९. प्रयोगात्मक क्रियाकलापको मूल्याङ्कन गर्दा अध्ययन भ्रमणको प्रतिवेदन, विभिन्न नमुनाहरू बनाई प्रस्तुत गर्ने, विषयवस्तुसँग सम्बन्धित रही अभिनय गरेर देखाउने आदि क्रियाकलापहरू सञ्चालन गर्नु पर्नेछ। यसभित्र विषयवस्तुको ज्ञान, बोध, सिपको क्षमता, बुझाइको प्रस्तुतीकरण, व्यवहार परिवर्तन जस्ता पक्षहरू समेट्नुपर्नेछ।

१०. प्रयोगात्मक परीक्षा सञ्चालन गर्दा स्थानीय वातावरण, रहनसहन, रीतिरिवाज, प्रकोप/विपद्, सामाजिक मूल्यमान्यता तथा स्थानीय पेसा व्यवसायलाई समेट्ने किसिमका क्रियाकलापहरू गराउनु पर्नेछ।

११. कक्षा १ देखि ८ सम्मको निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नका लागि विभिन्न साधन प्रयोग गरी मूल्याङ्कन गरिने छ ।

१२. विद्यार्थी मूल्याङ्कन सम्बन्धी अन्य विधि र प्रक्रिया राष्ट्रिय पाठ्यक्रम प्रारूपमा उल्लेख गरेको प्रावधान प्रतिकूल नहुने गरी अनुसूची-१ मा उल्लेख गरे बमोजिम हुने छ।

## ११. पाठ्यक्रमको कार्यान्वयन प्रक्रियाः

यस पाठ्यक्रमको कार्यान्वयन गर्न प्रधानाध्यापक तथा शिक्षकको भूमिका महत्त्वपूर्ण हुनेछ। विद्यार्थीहरूलाई स्थानीय वातावरणको अवलोकन गराइनेछ। परियोजना कार्य र प्रतिवेदनको माध्यम अवलम्बन गरिनेछ। स्थानीय समुदायका विज्ञ, बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्बन्धित विषय तथा क्षेत्रका जानकार व्यक्तिहरू स्रोत-व्यक्तिका रूपमा रहने छन्। विद्यालयहरूले यस पाठ्यक्रम कार्यान्वयनका क्रममा आवश्यकता र औचित्य अनुसार स्थानीय भाषा वा नेपाली भाषाको माध्यम समेत अवलम्बन गर्न सक्ने छन्। विषयवस्तुमा समावेश प्रमुख क्षेत्र/स्थलमा अवलोकन भ्रमण गराइनेछ। विद्यार्थीहरूको समूहकार्य र अन्तरक्रियालाई जोड दिइने छ। पाठ्यक्रममा आधारित भई पाठ्यसामग्रीको विकास गर्नुका साथै शिक्षकहरूलाई विषयवस्तु तथा सहजीकरण प्रक्रिया सम्बन्धी अभिमुखीकरण तालिमको व्यवस्था गरिने छ।

## १२. समय निर्धारणः

आधारभूत तह कक्षा १-३ मा स्थानीय विषयको साप्ताहिक पाठ्यभार ५ पाठ्यघण्टा हुनेछ जसमा १६० पाठ्य घण्टा दिइएको छ। त्यसैगरी आधारभूत तह कक्षा ४-८ मा स्थानीय विषयको साप्ताहिक ४ पाठ्य घण्टा र १०० पूर्णाङ्क कायम गरी १२८ पाठ्य घण्टा दिइएको छ। प्रत्येक शैक्षिक सत्र वैशाख देखि सुरु भएर चैत्र मसान्तसम्म कायम रहनेछ। प्रचलित शिक्षा ऐन, नियमावली र कार्यविधि बमोजिम प्रत्येक शैक्षिक सत्रमा २२० दिन विद्यालय खुल्नेछ र २०५ दिन पठनपाठन हुनेछ। प्रत्येक पाठ्य घण्टी एक घण्टाको हुनेछ।

## १३. पाठ्यक्रम परिमार्जनः

समय परिर्वतनशील हुने भएकाले सूचना तथा सञ्चार प्रविधिमा आएको परिवर्तनसँगै व्यक्ति तथा समुदायको पनि इच्छा, आकाङ्क्षा र आवश्यकताहरू पनि परिवर्तन हुन्छन्। उक्त चाहना तथा आवश्यकताहरू पाठ्यांशमा समावेश हुनुपर्दछ, जसले विद्यार्थीहरूको ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन सकोस। यसै अनुरूप यो पाठ्यक्रम पनि सामाजिक आवश्यकतालाई सम्बोधन गर्न आवश्यकताअनुसार परिमार्जन गरिनेछ। यस क्षेत्रका प्राकृतिक, सामाजिक, साँस्कृतिक, भाषिक र वातावरणीय पक्षहरूको खोज, अनुसन्धान र अध्ययन गरी प्राप्त निष्कर्षलाई यस पाठ्यक्रममा समावेश गर्दै लगिनेछ।

## अनुसूची-१

विद्यार्थी मूल्याङ्कन/आवधिक परीक्षा योजना र ढाँचा

क) निर्माणात्मक/प्रयोगात्मक परीक्षा

**कक्षाः १-३**

औसत अङ्क विशिष्टीकरण तालिका

| क्र.स. | कार्य विवरण | अङ्कभार |
|---|---|---|
| १ | कक्षामा उपस्थिति तथा व्यवहार परिवर्तन | १५ |
| २ | समूह निर्माण, समूह कार्यमा सहभागिता र प्रस्तुति | १५ |
| ३ | कक्षाकार्य/गृहकार्य | १५ |
| ४ | स्थलगत अध्ययन/परियोजना कार्य/प्रतिवेदन लेखन | २० |
| ५ | प्रश्नको उत्तर लेखन/ प्रश्नको मौखिक उत्तर | २० |
| ६ | रचनात्मक कार्य/अभिनय/नक्सा तथा चित्र लेखन | १५ |
| | जम्मा | १०० |

## अनुसूची-२

विद्यार्थी मूल्याङ्कन/आवधिक परीक्षा योजना र ढाँचा

**कक्षाः ४-८**

आन्तरिक औसत अङ्क विशिष्टीकरण तालिका

| क्र.स. | कार्य विवरण | अङ्कभार |
|---|---|---|
| १ | कक्षामा उपस्थिति तथा व्यवहार परिवर्तन | ५ |
| २ | समूह निर्माण, समूह कार्यमा सहभागिता र प्रस्तुति | ५ |
| ३ | कक्षाकार्य/गृहकार्य | ५ |
| ४ | स्थलगत अध्ययन/परियोजना कार्य/प्रतिवेदन लेखन | १५ |
| ५ | प्रश्नको उत्तर लेखन/ प्रश्नको मौखिक उत्तर | १५ |
| ६ | रचनात्मक कार्य/अभिनय/नक्सा तथा चित्र लेखन | ५ |
| | जम्मा | ५० |

ख) निर्णयात्मक **(**आवधिक) परीक्षा कक्षाः ४-८

पूर्णाङ्कः ५०     उत्तीर्णाङ्कः अक्षराङ्कमा मूल्याङ्कन गरिने

समयः २ घण्टा

(औसत प्रश्न तालिका-तहगत रूपमा)

| ज्ञान तह (Knowledge Level) | बोध तह (Understanding Level) | प्रयोग (Application) | उच्च तह (Higher Abilities |
|---|---|---|---|
| २८ % | २८ % | २८ % | १६ % |

उत्तीर्णाङ्कः अक्षराङ्कमा मूल्याङ्कन गरिने।

# अनुसूची-३

सैद्धान्तिक मूल्याङ्कन | विषयः स्थानीय विषय

कक्षा ४–८ सम्म | विशिष्टीकरण तालिका | पूर्णाङ्कः ५० | समयः २ घण्टा

| क्र | विषय क्षेत्र | पाठ्य घण्टा | ज्ञान (२८) | | | | बोध (२८) | | | | प्रयोग (२८) | | | | उच्च दक्षता (१६) | | | | जम्मा प्रश्न सङ्ख्या | | | | जम्मा अङ्क | | | | कूल अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वस्तुगत | अति छोटो | छोटो | लामो | वस्तुगत | अति छोटो | छोटो | लामो | वस्तुगत | अति छोटो | छोटो | लामो | वस्तुगत | अति छोटो | छोटो | लामो | वस्तुगत | अति छोटो | छोटो | लामो | वस्तुगत | अति छोटो | छोटो | लामो | |
| १ | हाम्रो नगरपालिका | १५ | २ | – | – | – | – | १ | – | – | – | – | १ | – | – | – | – | – | २ | १ | १ | – | २ | १ | ३ | – | ६ |
| २ | प्राकृतिक सम्पदा र वातावरण | १६ | १ | – | १ | – | १ | – | – | – | १ | १ | – | – | – | – | – | – | ३ | १ | १ | – | ३ | १ | ३ | – | ७ |
| ३ | हाम्रो धर्म र संस्कृति | १६ | १ | – | १ | – | १ | १ | – | – | १ | – | – | – | – | – | – | – | ३ | १ | १ | – | ३ | १ | ३ | – | ७ |
| ४ | हाम्रो इतिहास र पर्यटकीय स्थलहरु | १६ | – | १ | – | – | १ | – | १ | – | १ | – | – | – | १ | – | – | – | ३ | १ | १ | – | ३ | १ | ३ | – | ७ |
| ५ | पेसा उद्यमशिलता र प्रविधि | ३० | १ | – | – | – | १ | – | – | – | – | – | – | – | – | – | १ | – | २ | – | – | १ | २ | – | – | ७ | ९ |
| ६ | हाम्रो भाषा साहित्य | २० | – | – | – | | – | १ | – | – | – | – | – | १ | – | – | – | – | – | १ | – | १ | – | १ | – | ७ | ८ |
| ७ | नैतिक शिक्षा र स्थानीय खेल | १५ | २ | – | – | – | १ | – | १ | – | – | – | – | – | – | – | – | – | ३ | – | १ | – | ३ | – | ३ | – | ६ |
| | जम्मा | १२८ | ७ | १ | २ | – | ५ | ३ | २ | – | ३ | १ | १ | १ | १ | – | १ | – | १६ | ५ | ५ | २ | १६ | ५ | १५ | १८ | ५० |

- प्रश्नहरु निर्माण गर्दा निम्न लिखित तहका (ज्ञान, बोध,प्रयोग र उच्च दक्षता ) प्रश्नहरु सबै एकाइको पाठ्य घण्टालाई ध्यानमा राखेर निर्माण गर्नु पर्ने छ । वस्तुगत प्रश्न १ अङ्क, अति छोटा १ अङ्क, छोटा प्रश्न ३ अङ्क र लामो प्रश्न ७ अङ्कका दरले सोध्नु पर्ने छ ।
- वस्तुगत प्रश्न अन्तर्गत (बहुवैकल्पिक, खाली ठाउँ, जोडा मिलाउ र ठिक बेठिक) प्रति प्रश्न १ अङ्कका दरले जम्मा १६ अङ्कको प्रश्न तयार गर्ने
- अति छोटा प्रश्नको प्रति प्रश्नको १ अङ्कका दरले जम्मा ५अङ्कको प्रश्न निर्माण गर्ने
- छोटा प्रश्नको प्रति प्रश्नको ३ अङ्कका दरले जम्मा १५अङ्कको प्रश्न निर्माण गर्ने
- लामो प्रश्नको प्रति प्रश्नको ७ अङ्कका दरले जम्मा १४ अङ्कको प्रश्न निर्माण गर्ने
- ज्ञान अन्तर्गतः पुनःस्मरण गर्नु, परिभाषित गर्नु, पहिचान गर्नु, चिन्नु, लेख्नु, भन्नु, मापन गर्नु, नाम लेख्नु।
- बोध अन्तर्गतः अनुवाद गर्नु, फरक बताउनु, व्याख्या गर्नु, सारांश लेख्नु, उदाहरण सहित भन्नु, भविश्यवाणी गर्नु, सङ्गठन गर्नु, निष्कर्ष बताउनु, वर्णनगर्नु, सूची तयार पार्नु  र प्रयोग अन्तर्गतः प्रयोग गर्नु, सामन्यीकरण गर्नु, सङगठित गर्नु, स्थानान्तरण गर्नु, प्रदर्शन गर्नु, वर्गीकरण गर्नु, सम्बन्ध देखाउनु, हल गर्नु, प्रमाणित गर्नु रजाच्नु ।
  उच्च दक्षताः विश्लेषण गर्नु, भिन्नता देखाउनु, तुलना गर्नु, खण्डन गर्नु, आलोचना गर्नु, पत्ता लगाउनु ।

## अनुसूची-४

कक्षा १-३ निरन्तर विद्यार्थी मूल्याङ्कन मापदण्ड र स्तर निर्धारण

(क) विद्यार्थी मूल्याङ्कनका सम्भाव्य तरिका र मापदण्ड मापदण्ड

| क्र.स. | मूल्याङ्कन तरिका | मूल्याङ्कनका साधन | कैफियत |
|---|---|---|---|
| १ | कक्षा सहभागिता | अवलोकन, रुजू सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न, फाराम, घटना वर्णन | |
| २ | मौखिक कार्य | प्रश्न, चित्र, पठन सामग्री, सन्दर्भ घटना, श्रव्य तथा दृश्य सामग्री | |
| ३ | लिखित कार्य | प्रश्न, छोटो परीक्षा, घटना सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृश्य सामग्री | |
| ४ | परियोजना तथा प्रयोगात्मक कार्य | रुजू सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न | |
| ५ | कार्य सम्पादन तथा प्रदर्शन | अवलोकन, रुजू सूची, श्रेणी मापन, मौखिक प्रश्न | |
| ६ | सहपाठी मूल्याङ्कन | अवलोकन, रुजू सूची, श्रेणी मापन, फराम | |
| ७ | स्व-मूल्याङ्कन | रुजू सूची, श्रेणी मापन, फराम | |
| ८ | अभिभावकको प्रतिक्रिया | रुजू सूची, श्रेणी मापन, फराम | |
| ९ | कुराकानी छलफल | अवलोकन, रुजू सूची, श्रेणी मापन, फराम | |

ख) विद्यार्थीको उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबै जसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रुपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धैरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको |
| उच्च (Advanced) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |